



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

वर्ष ३४ अंक १८० काठमाडौं | १ भदौ २०८३ सोमबार श्रावण शुक्लपक्ष पञ्चमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Monday, August 17, 2026 | पृष्ठ १० | १० रुपैयाँ

## भूकम्प प्रभावित बस्तीमा पहिरो, चाउचाउ र बिस्कुटका भरमा पीडित

### तीन वर्षअघिको भूकम्पले १७३ परिवारलाई विस्थापन गरेको गाउँमा यस पटकको पहिरोले ७० परिवार विस्थापित, जताततै बाटो क्षतिग्रस्त हुँदा राहत सामग्री पुर्‍याउनै मुस्किल



जाजरकोटको भेरी नगरपालिका–२ मा पहिरोमा परेकाहरूको उद्धार गरिँदै । तस्बिर : सरोज वली/कान्तिपुर

**सरोज वली** (जाजरकोट), **कृष्णप्रसाद गौतम** र **ज्योति कटुवाल** (सुर्खेत)

१७ कात्तिक २०८० को भूकम्पले घर भत्काएपछि जाजरकोटको भेरी नगरपालिका-२ का केदार कार्कीको परिवार अस्थायी टहरामा ओत लागिरहेको थियो । तर अत्यधिक वर्षा हुन थालेपछि एक महिनाअघि सात सदस्यीय कार्की परिवार भूकम्पले आधा भत्काएकै घरमा फर्कियो । त्यही घरमा शनिबार साँझ पहिरो जाँदा ५२ वर्षीय केदार कार्की पुरिए ।

कार्कीलाई तत्काल उद्धार गरेर उपचारका लागि नेपालगन्जतर्फ दौडाइयो । तर बाटामै उनको ज्यान गयो । 'भूकम्पमा त जसोतसो ज्यान बचाएका उनले पहिरोमा जोगिन सकेनन्,' भेरी-२ का वडाध्यक्ष भीमबहादुर कार्कीले भने ।

भेरी-२ रिसाङमा आएको पहिरोमा परी केदारसहित चार जनाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार केदारका साथै ७० वर्षीय भीमबहादुर कार्की, ५४ वर्षीय ओमसिंह खत्री र उनकी आमा ६५ वर्षीया रति खत्रीको ज्यान गएको हो । घाइतेको जिल्ला अस्पतालमा उपचार भइरहेको छ ।

पहिरोका कारण रिसाङमा ७० परिवारका २ सय ३० जना विस्थापित भएका छन् । रिसाङअन्तर्गत झ्यालीखेतबाट १६, चिसापानीबाट २०, राउटेरेडाँडाबाट १५, सुनारगाउँबाट ३० र फारुलाबाट १ सय ४९ जना विस्थापित भएको प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले जानकारी दिए । उनका अनुसार सुनारगाउँका ३० जनालाई सुनखाँडास्थित खाली चौरमा र अन्यलाई त्रिभुवन आधारभूत विद्यालय र विष्णु आधारभूत विद्यालय रार्नेटामा राखिएको छ । विस्थापितहरू चाउचाउ र बिस्कुटका भरमा छन् ।

> रोल्पा र बाजुरामा पहिरोले एक सातामै २४ को मृत्यु, ५ सयभन्दा बढी विस्थापित
> पृष्ठ ९

भेरी-२ का वडाध्यक्ष भीमबहादुर कार्कीका अनुसार २ सय ९० सय घरधुरी रहेको रिसाङका १ सय ७३ परिवार तीन वर्षअघिको भूकम्पबाट विस्थापित भएका थिए । उनीहरूमध्ये केही टहरा बनाएर बसेका थिए भने कोही जोखिमयुक्त घरमै फर्किएका थिए । अहिले पहिरोले त्यहीँ अधिकांश घरमा क्षति पुर्‍याएको छ । टोलैपिच्छे पहिरो गएको वडाध्यक्ष कार्कीले बताए ।

पहिरोबाट विस्थापित परिवारका लागि जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस र भेरी नगरपालिकाले त्रिपाल, टेन्ट, भाँडाकुँडा तथा तत्कालका लागि चिउरा, चाउचाउ, बिस्कुटलगायत खानेकुराको व्यवस्था गरिएको प्रजिअ अधिकारीले जानकारी दिए । 'समितिमा मौज्दात र गैरसरकारी संस्थाहरूसँग समन्वय गरी गैरखाद्य सामग्री वितरण गरेका छौं,' उनले भने, 'नगरपालिकाले विस्थापितका लागि चाउचाउ, बिस्कुटलगायत ड्राइफुडको व्यवस्था गरेको छ ।' पीडितहरू भने खाना र बस्न समस्या भइरहेको गुनासो गर्छन् ।

स्थानीय शिक्षक रमेश कार्कीले पहिरोबाट समयमै उद्धार हुन नसक्दा मानवीय क्षति भएको बताए । 'शनिबार रातभरि केही व्यक्ति बेपत्ता हुँदासमेत उद्धार भएन, रातभरि सबैको भागाभाग भयो, हिजोदेखि केही खान पाइएको थिएन,' उनले भने, 'अहिले (आइतबार) केही प्याकेट चाउचाउ, बिस्कुट र चिउरा ल्याएर बाँडिएको छ, त्यसले कसरी भोक मेटाउने ?'

स्थानीय अगुवा धनबहादुर कार्कीले विस्थापितको बिजोग भएको बताए । 'पेटभरि खान त कसैले पाएका छैनौं,' उनले भने, 'हिजो पनि न खान पाइयो न राम्ररी सुत्न नै, एकसरो पाल वितरण गरिएको छ । पानी परेको पऱ्यै छ । जाग्राम बस्नुपर्ने अवस्था आयो ।'

भेरी-२ का वडाध्यक्ष भीमबहादुर कार्कीले पहिरोले चारैतिरको बाटो अवरुद्ध रहेकाले हिँडेर आउजाउ गर्न सक्ने अवस्थासमेत नरहेको बताए । उनका अनुसार रिसाङ पुग्ने खलंगा-गैरेखाली-पाटकटिया सडकको ठाउँठाउँमा पहिरो गएको छ । **बाँकी पृष्ठ ९**

## देउवाको 'हिन्दु लाइन' : रणनीति कि राजनीतिक सुरक्षा ?

### हिन्दु धर्मप्रति आस्था राख्ने मतदातासँग सम्बन्ध बलियो बनाउने र त्यस्तो राजनीतिक 'स्पेस'मा आफ्नो बलियो उपस्थिति हुन सक्ने रणनीतिका साथ हिन्दु धर्मको राजनीतिक लाइन अघि सारेको नेताहरूको आकलन

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा पक्षले कांग्रेस विशेष महाधिवेशन र त्यसबाट निर्वाचित सभापति गगन थापालाई अस्वीकार गर्दै सनातन हिन्दु धर्मलाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउने नीति पारित गरेको छ । यसले कांग्रेसभित्र र राजनीतिक वृत्तमै हलचल ल्याएको छ ।

हिन्दु धर्मप्रति आस्था राख्ने परम्परागत मतदातासँग आफ्नो सम्बन्ध बलियो बनाउने र त्यस्तो राजनीतिक 'स्पेस'मा आफ्नो बलियो उपस्थित हुन सक्ने रणनीतिका साथ देउवा पक्षले हिन्दु धर्मको राजनीतिक लाइन अघि सारेको अनुमान नेताहरूले गरेका छन् । यतिबेला कांग्रेस मूलधारबाट अलग रहेकाले गगन थापा पक्षभन्दा फरक राजनीतिक पहिचान बनाउने प्रयाससमेत रहेको कतिपय नेताहरूको भनाइ छ ।

कांग्रेसभित्र हिन्दु राष्ट्रको माग राजनीतिक बहसको विषय बन्दै आएको छ । फागुन २०८० मा गोदावरीमा भएको महासमिति बैठकमा नै हिन्दु धर्मको लाइन लिनुपर्ने माग राख्दै हस्ताक्षर अभियानसमेत चलाइएको थियो । तर त्यतिबेला यो धारणालाई औपचारिक रूपमा स्वामित्व लिइएको थिएन ।



कांग्रेस संस्थापन इतरपक्षको भेलामा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा । तस्बिर : दीपेश दर्शनधारी/कान्तिपुर

विशेष महाधिवेशनमा सभापतिबाट बहिर्गमन भएका देउवाले सात महिनापछि हिन्दु धर्मको लाइनलाई पार्टीको औपचारिक नीति बनाउनुपर्ने मत अघि सारेका छन् । जेन-जी विद्रोहका बेला आक्रमणबाट घाइते भएका देउवा १३ फागुनमा सिंगापुर गएका थिए । साढे पाँच महिनापछि विदेशबाट फर्केका देउवाले हिन्दु धर्मको लाइन बोक्नुका पछाडि कुनै लामो राजनीतिक उद्देश्य, सैद्धान्तिक सोच र विचारभन्दा पनि भारतको प्रभाव र आफ्नै राजनीतिक सुरक्षाका कारण हुन सक्ने राजनीतिक विश्लेषक एवं प्राध्यापक कृष्ण खनाल बताउँछन् ।

'सजिलो गरेर पक्कै उनी नेपाल फर्केका होइनन्, केही न केही मिलाएर आएका छन्, भारतको हिन्दु अतिवादीको बढी प्रभाव होला, यो लाइन लिँदा राजनीतिमा सहज र सुरक्षा हुन सक्छ भन्ने सोच पनि होला,' खनाल भन्छन्, 'उनको आफ्नो दृष्टिकोण र लामो सैद्धान्तिक विचारबाट यो अवधारणा आएको होइन जस्तो लाग्छ ।' **बाँकी पृष्ठ ९**

GURUKUL CA
COMMITTED TO EXCELLENCE
Big congratulations to all the CA aspirants for their hard work & dedication.
RANK 1 IN ALL THREE LEVELS FROM GURUKUL CA
1st RANK 1 CA FOUNDATION Stuti Lohani Gurukul CA, Bagbazar
1st RANK 1 CA CAP II Khushi Thapa Gurukul CA, Rupandehi
1st RANK 1 CA CAP III Dibash Adhikari Gurukul CA, Bagbazar
RANK 2 CA CAP III Sakshyam Poudel Gurukul CA, Baneshwor
RANK 3 CA CAP I Anjali Sunar Gurukul CA, Baneshwor
RANK 3 CA CAP II Sujan Shrestha Gurukul CA, Bagbazar
RANK 3 CA CAP III Nischal Bhandari Gurukul CA, Bagbazar
RANK 4 CA FOUNDATION Sabrina Khadka Gurukul CA, Baneshwor
RANK 6 CA FOUNDATION Anamta Adhikari Gurukul CA, Bagbazar
RANK 8 CA FOUNDATION Punam Pun Gurukul CA, Baneshwor
RANK 8 CA FOUNDATION Aayush Sapkota Gurukul CA, Biratnagar
RANK 10 CA FOUNDATION Navaraj Dangal Gurukul CA, Baneshwor
Our Locations
Kathmandu: Bagbazar, Kathmandu 01-5351342
Kathmandu: New Baneshwor, Kathmandu 01-5910194
Chitwan: Milan Chowk, Bharatpur 056-594473
Morang: Munal Path, Biratnagar 021-591492
Rupandehi: Driver Tole, Tilottama 071-592493
Parsa: Shreepur, Birgunj 051-592504
gurukulca.edu.np

standard chartered
घर कर्जा (Home Loan)
सीमित अवधिको अफर
वार्षिक ब्याजदर
• स्थिर (Fixed) @५.९९ %*
• परिवर्तनीय (Variable) @५.४९ %*
आवेदन दिन स्क्यान गर्नुहोस्।
थप जानकारीका लागि:
• कल ब्याकका लागि ९७०००९९४६६ मा मिस्ड कल दिनुहोस्।
• हाम्रो २४X७ क्लाइन्ट केयर सेन्टर ०१ ५९७१८०० मा सम्पर्क गर्नुहोस्।
• आफ्नो नजिकैको शाखामा सम्पर्क गर्नुहोस्।
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड
*सर्तहरु लागू हुनेछन्

## एक महिनामै ४ पटक बढ्यो अन्डाको मूल्य

**प्रकृति दाहाल** (काठमाडौं)

बर्डफ्लु संक्रमणसँगै कुखुरा अत्यधिक मात्रामा नष्ट भई अन्डा उत्पादनमा कमी आएपछि एक महिना अवधिमै अन्डाको मूल्य ४ पटक बढेको छ । नेपाल लेयर्स कुखुरापालक संघले साउनमा अन्डाको समर्थन मूल्य चार पटक बढाएको हो । संघले साउन सुरुमा एक्सएल अन्डाको मूल्य प्रतिक्रेट ५२५ तोकेकामा अन्तिममा ५७५ रुपैयाँ पुर्‍याएको छ ।

संघले ५ साउनदेखि लागू हुने गरी निर्धारण गरेको एक्सएल अन्डाको मूल्यभन्दा २९ साउनको मूल्यमा प्रतिक्रेट ५० रुपैयाँ बढी छ । ५ साउनमा संघले एक्सएल अन्डाको मूल्य प्रतिक्रेट ५२५, ठूलो अन्डा ५०० र मिडियम अन्डा ४७० रुपैयाँ तथा सानो अन्डा पेटीको २९ सय कायम गरेको थियो । २९ साउनको मूल्यसूचीअनुसार एक्सएल अन्डाको समर्थम मूल्य प्रतिक्रेट ५७५ रुपैयाँ पुगेको छ । ठूलो अन्डाको मूल्य ५६० रुपैयाँ र मिडियम अन्डाको मूल्य ५२० रुपैयाँ छ । सानो अन्डाको मूल्य पनि ३ हजार २ सय रुपैयाँ पेटी पुगेको छ ।

५ साउनको तुलनामा २९ साउनमा ठूलो अन्डाको मूल्य ६० र मिडियमको मूल्य ५० रुपैयाँले बढेको छ । सानो अन्डाको मूल्य पनि प्रतिपेटी ३ सय रुपैयाँ बढेको छ । १२ साउनमा एक्सएल अन्डाको मूल्य प्रतिक्रेट ५४५, ठूलो अन्डा ५३० र मिडियम अन्डा ५०० रुपैयाँ कायम गरिएको थियो । सानो अन्डाको मूल्य भने ३ हजार रुपैयाँ पेटी तोकिएको थियो ।



> साउन सुरुमा एक्सएल अन्डाको मूल्य प्रतिक्रेट ५२५ तोकेकामा अहिले ५७५ रुपैयाँ पुऱ्याइएको छ

संघले २५ साउनदेखि पुनः मूल्य बढाएको थियो । त्यसअनुसार एक्सएल अन्डाको मूल्य प्रतिक्रेट ५६० रुपैयाँ, ठूलो अन्डा ५४५ रुपैयाँ र मिडियम अन्डा ५०० रुपैयाँ निर्धारण गरिएको थियो । **बाँकी पृष्ठ ९**

## भित्र
- सर्पको डर, उद्धारकको भर
- वंशजको नागरिकतालाई निरन्तरता दिन एनआरएनको माग
- नेपाल-भारत सीमापार जग्गा भोगचलनको नक्सांकन ३ वर्षभित्र सक्ने सहमति

# सर्पको डर, उद्धारकको भर

**पहिले घर र आसपास सर्प देखिँदा धपाउने वा मार्ने गरिन्थ्यो, अहिले सर्प देख्यो कि उद्धारकलाई बोलाउने र उद्धारकले सर्पलाई सुरक्षित रूपमा जंगल लगेर छाड्ने गरेका छन्, यसले सर्पको संरक्षण हुने गरेको छ, कतिपय स्वयंसेवी व्यक्तिले सर्पदंशबाट कसरी जोगिने भनेर जनचेतना पनि फैलाइरहेका छन्**



सागर पाण्डेय

**रमेशकुमार पौडेल** (चितवन), **माधव अर्याल** (पाल्पा), **दुर्गालाल केसी** (दाङ) र **रामप्रसाद चौहान** (बर्दिया)

भरतपुर-४, लंकुका ४९ वर्षीय यमलाल भण्डारी सोमबार बिहान व्यस्त थिए। गैंडाकोटमा आइतबार राति खाटमुनि करेत सर्प देखियो भनेर फोन आयो। तत्कालै उनी सर्प उद्धार गर्न पुगिहाले। त्यहाँबाट घर फर्किनेबित्तिकै गैंडाकोटबाटै गोमन सर्प देखियो भन्ने खबर आयो। 'फेरि गैंडाकोट पुगेर गोमन सर्प उद्धार गरें,' भण्डारीले भने, 'केहीबेरमै गीतानगरमा अजिंगर देखियो भनेर फोन आयो।'

अजिंगर उद्धार गरेपछि घर आई हातमुख धोएर बसेका मात्र थिए, नारायणगढका जयप्रकाश साहले बोराको गोदाममा अजिंगर देखियो भनेर फोन गरे। एक घण्टा लगाएर भण्डारीले अजिंगरको उद्धार गरेर जंगलमा छाडे। 'सर्प उद्धारका लागि दिनरात भन्ने छैन,' उनले भने, 'चौबिस घण्टे ड्युटी हो।'

गर्मीयाममा सर्प दुलोबाहिर आउँछन्। आहाराको खोजीमा घर-गोठमा पुग्छन्। यसरी सर्प घरमा आयो कि सबैले भण्डारीलाई सम्झिन्छन्।

भण्डारी गुल्मी धुर्कोटबाट २४ वर्षअघि चितवन झरेका थिए। यहाँ पार्टी प्यालेस व्यवसायी उनले सर्प उद्धार गर्न थालेको १० वर्ष भयो। '२०७२ मा छिमेकी रमाकान्त खरेलको घरमा अजिंगर पसेपछि उद्धार गर्ने कोही भएन,' उनले भने, 'परालमा लुकेको सुनेर आफैं खोज्न तम्सिएँ। परालभित्रको अजिंगरको टाउकामा हात परेपछि च्याप्प समातेर निकालें।'

पहिलो पटक अजिंगर समाउँदा झसंग भएको उनले सुनाए। अर्को वर्ष पनि त्यही ठाउँमा अजिंगर आएपछि आफूलाई फेरि बोलाइएको उनले बताए।

भरतपुरकै सुनील सापकोटा सर्पबारे अध्ययन गरेका व्यक्ति हुन्। उनी सर्पको उद्धार गर्थे। 'उनी नै मेरा गुरु हुन्,' भण्डारीले भने, 'उनी अहिले विदेशमा सर्पकै बारेमा अध्ययन गरिरहेका छन्।'

सुनीलले सर्प कसरी चिन्ने, विषालु-अविषालु भए कसरी समाउने, कसरी राख्ने र छाड्ने भन्नेबारेमा सिकाएको भण्डारीले सुनाए। सर्प विज्ञ देवप्रसाद पाण्डेले लेखेका किताब पनि उनले पढे।

विदेशमा सर्प कसरी उद्धार गरिन्छ भनेर युट्युब र सामाजिक सञ्जालका भिडियो पनि हेरे। 'अहिलेसम्म चार हजार सर्प उद्धार गरिसकें,' भण्डारीले भने, 'त्यसमा राजगोमन (किङ कोब्रा) मात्र १४ वटा छन्।'

सर्प उद्धार कार्य जोखिमपूर्ण रहेको उनी सुनाउँछन्। 'बिनासीप हात हाल्दा ज्यानै जान सक्छ,' उनले भने, 'सर्प उद्धारमा औजार चाहिन्छ।' उनका अनुसार बलियो पञ्जा, सुरक्षित बुट, सर्प समाउने विशेष लौरो खरिद गर्न डेढ लाख खर्च लाग्छ।

चितवनका सबै क्षेत्रमा उद्धारका लागि उनी पुग्छन्। तनहुँ र नवलपुरसम्म गएका छन्। 'धेरै टाढा जान सकिँदैन। सर्प एकै ठाउँ बस्ने पनि होइन,' उनले भने, 'नजिकै भए रात-बिरात पुगिएकै छ।'

भण्डारीले सर्पबारे जानकारी दिन फेसबुक, टिकटक, युट्युब एकाउन्ट पनि खोलेका छन्। तीन सन्तानका पितालाई दुई छोरीले सघाइरहेका छन्। जेठी छोरी खुश्बु अध्ययनका लागि विदेश छिन्। माइली छोरी आकृति बाबुसँगै हुन्छिन्। 'हामी सेवाभावले खटिएका हौं,' भण्डारीले भने, 'यो गाह्रो काम हो।'

धेरैले आत्मीयता र सद्भाव देखाए पनि कसै-कसैले तलबी कर्मचारी ठानेर रुखो बोल्ने गरेको उनले सुनाए। 'पर्यावरणमा सर्पको महत्त्व बुझेका कारण निद्रा कचपल्ट्याएर उद्धार गर्न खटिन्छु,' उनले भने, 'उद्धार भए सर्प बाँच्छ।'

आपत्मा परेका बेला सर्प उद्धार गर्दा स्थानीयमा छाउने खुसी नै प्रेरणाको स्रोत भएको उनी बताउँछन्। 'कतिले त सर्प देखेपछि आत्तिएर घरै छाड्छन्। बच्चाहरू रोएका हुन्छन्,' उनले भने, 'त्यो सर्प निकालेपछि मुस्कानसहित उनीहरू घरभित्र पस्दा मलाई आनन्द आउँछ।'

थोरै सावधानीले मान्छे र सर्प दुवैलाई जोगाउन सकिने उनको भनाइ छ। तर, उद्धारका लागि सरकारी कार्यक्रम छैनन्। 'अहिले ४४ जिल्लामा सर्प उद्धारक छौं,' उनले भने, 'हामीलाई प्रोत्साहनका लागि सरकारले धेरै गर्नु पर्दैन, तालिम, दुर्घटना बिमा र इन्धन खर्चको जोहो गरे पनि धेरै हुन्छ।'

पाल्पाको तानसेन-१४, अर्गलीका ३१ वर्षीय सागर पाण्डेयले १० हजारभन्दा बढी सर्प उद्धार गरिसके। सर्प समात्ने काम चानचुने नभए पनि पाण्डेयले 'स्न्याकर मेन' को उपाधि पाएका छन्। विभिन्न प्रजातिका सर्प देखिनासाथ पाण्डेयको मोबाइलमा घण्टी बज्छ। डिभिजन वनमा उद्धारका लागि फोन आउँदा पनि उनैलाई खबर गरिन्छ।

उनले १८ वर्षदेखि सर्प उद्धार गरेर जंगलमा सुरक्षित छाडिरहेका छन्। पाल्पाका विभिन्न स्थानका साथै गुल्मी, अर्घाखाँची, स्याङ्जा, बागलुङ, कास्की, पर्वत, म्याग्दीसम्म पुगेर सर्पको उद्धार गरेका छन्। 'सर्प छोप्ने काम कसरी सजिलो हुन्छ र !,' उनले भने, 'सानैदेखिको रहर भएर होला, मलाईचाहिँ केहीझैं लाग्दैन।'

पाण्डेयकी काकीकी छोरी जन्मिएका बेला घरभित्र हरियो सर्प पसेको थियो। उनले त्यसलाई मार्नेभन्दा नियन्त्रण गर्ने प्रयास गरे र सफल पनि भए। त्यसपछि खेतबारीमा सर्प देख्दा पनि उद्धार गर्न थालेको उनले बताए। 'जिज्ञासा बढ्दै गएपछि खेतमा पुगेर पनि उद्धार गरियो,' उनले भने, 'पछि विभिन्न माध्यमबाट सर्पबारे जानकारी लिएँ। पढेकाले पनि जानकारी दिए। अहिले पनि सिकिरहेको छु।' किङ कोब्रा प्रजातिका १ सय ७ वटा सर्प उद्धार गरेर रेकर्ड बनाएको उनको दाबी छ।

पाण्डेयले अहिलेसम्म ४० प्रजातिका सर्पको उद्धार गरिसकेका छन्। बगनासकाली-४, खानीछाप राम्दीनजिक ४८ किलोको अजिंगर उद्धार गरेको उनको भनाइ छ। 'धेरै पटक सर्पले डसेको छ,' उनले भने, 'अहिलेसम्म अस्पताल भर्ना हुनुपर्ने अवस्था आएको छैन।' स्नातक अध्ययन गरेका पाण्डेयले किङ कोब्रा उद्धार गर्दा पैसा माग्ने गरे पनि अन्य सर्प उद्धारका लागि खर्च नलिने गरेको सुनाए।

दाङको घोराही-१८ का वसन्त सुवेदी बच्चैदेखि सर्पसित डराउँदैनथे। एक दशकअघि १० कक्षा पढ्दै गर्दा सर्प छोप्ने र खेलाउने गर्न थाले। ११ कक्षा पढ्दै गर्दा एक दिन बाटामा भेटेको सर्प लिएर घरै पुगे। सर्प बोकेर छोरा आएपछि बुबाआमाले गाली गरे। गाउँघरमा 'गराइच' भनिने उक्त सर्प विषालु हुन्छ भनिन्थ्यो।

सुवेदीले इन्टरनेटमा खोजेपछि उक्त सर्प विषालु नहुने थाहा पाए। त्यहींबाट उनले सर्पबारे जनमानसमा ज्ञानको कमी रहेको बुझे। त्यसपछि सुवेदीले सर्पबारे अध्ययन गर्न थाले। भिन्न प्रजातिका सर्प खोजेर अनुसन्धान गर्न जुटे। त्यसको दुई वर्षमै उनी जिल्लामा चर्चित सर्प उद्धारकर्ता बनिसकेका थिए। उद्धारका लागि ठाउँ-ठाउँबाट फोन आउन थाल्यो। दिनरात नभनी उनी उद्धारमा खटिन थाले। 'सर्प कच्ची, माटोको घरमा धेरै भेटिने हुन्थ्यो,' सुवेदीले भने, 'त्यही भएर सेवाभावले काम गरियो।'

अहिलेसम्म करिब ६ हजार सर्प उद्धार गरिसकेको उनले सुनाए। उनी सर्प जंगलमा लगेर छोडिदिन्छन्। आफूसँगै अन्य उद्धारकर्ता पनि उनले तयार पारिसकेका छन्। सुवेदीले अहिलेसम्म १ हजार जनालाई तालिम दिइसकेका छन्। तीमध्ये ८/९ जनाले उद्धारको काम गरिरहेका छन्। एक लाख हाराहारीलाई सर्पदंशबाट बच्ने उपाय सिकाएका छन्। २०७९ मा 'वी वर्क फर कन्जरभेसन' नामक संस्था गठन गरेका उनले सर्प बचाउने र चेतना फैलाउने काम गरिरहेका छन्।

सुवेदीले घोराहीमा विज्ञान संकायमा १२ कक्षा उत्तीर्ण गरेपछि छात्रवृत्तिमा नाम निकालेर कृषि क्याम्पस रामपुर चितवनबाट कृषि विज्ञानमा स्नातक गरे। अहिले काठमाडौंमा एमबीबीएसको तयारी कक्षाका लागि प्राणीशास्त्र पढाउँछन्। तीन महिना पढाएर कमाएको पैसाले वर्षभरि सर्प उद्धार गर्छन्।

सुवेदी सर्पलाई किसानको साथी मान्छन्। 'सानाले किरा, फट्यांग्रा खान्छन्। ठूला सर्पले मुसा खाइदिन्छन्,' उनले भने। सर्पले बाली बचाइदिने उनले बताए।

विषालु सर्पको विषबाट सर्पदंशको उपचारमा प्रयोग हुने एन्टिभेनमलगायतका औषधि बनाइने भएकाले यसको उपयोग गर्न सके मुलुकको अर्थतन्त्रमा ठूलो प्रगति हुने उनले बताए। 'अहिले विदेशबाट एन्टिभेनम आउँछ। नेपालकै सर्पबाट बनेको औषधि हुँदा अझ प्रभावकारी रूपमा काम गर्न सक्छ,' उनले भने, 'यसतर्फ लगानी गर्न सके आर्थिक र उपचारका दृष्टिकोणले फाइदाजनक हुन्छ।'

## सर्प बचाउने टोली

बर्दियास्थित डिभिजन वनको वनरक्षक टोली सर्प उद्धारका लागि चौबिसै घण्टा खट्छ। खबर पुग्नासाथ जमदार धनबहादुर गुरुङ नेतृत्वमा टोली उद्धारमा बढ्छ। टोलीलाई गुलरिया-१ का प्रकाश चपाईले उद्धारमा अब्बल बनाएका हुन्।



गाउँ-ठाउँमा सर्प मार्ने मान्यता रहेका बेला चपाई संरक्षणमा जुटेका थिए। सर्प कसले बचाउने भन्ने महसुस भएर संरक्षणमा होमिएको चपाईले बताए। '१५ वर्षअघि सर्प संरक्षण गर्न हिँड्दा सर्वसाधारणले पागल भन्थे,' उनले भने, 'उद्धारलाई निरन्तरता दिँदै व्यावहारिक ज्ञान हासिल गर्दै गएँ।'

वन र निकुञ्जसित मिलेर उद्धार कार्य गरेको चपाईले बताए। डिभिजन वनको टोलीलाई सिकाएपछि आफू बाँके निकुञ्जतिर गएको उनले सुनाए। दुई वर्षदेखि उनी बाँकेमा कार्यरत छन्। २०७३/७४ बाट वनको टोलीले सर्पको उद्धार गर्दै आएको छ। 'सुरुमा सर्प उद्धार गर्न बोलाउँदा बोरा लिएर जान्थ्यौं,' जमदार गुरुङले भने, 'एकातिर बोरा थापेर अर्कातिरबाट भगाएर सर्प बोरामा हालेर उद्धार गर्थ्यौं। सर्वसाधारण भने जादुवाला बोराले उद्धार गरेको ठान्थे।'

अहिले टोलीसँग पर्याप्त उपकरण छन्। वर्षायाममा दिनहुँ ५/६ विषालु सर्प उद्धार गरिरहेको उनले बताए। नगरपालिका, प्रहरी र वनमा खबर आउनेबित्तिकै टोली परिचालन हुन्छ। सर्पको उद्धारमा खटिँदा डिभिजन वन कार्यालयमा कार्यरत सशस्त्र वनरक्षक भोपेन्द्रबहादुर शाही, गोविन्दप्रसाद थारू, सूर्यबहादुर खत्री र गोकर्ण थारू सर्पको टोकाइमा परिसकेको गुरुङ बताउँछन्।

पाँच वर्षअघि ज्ञान र उपकरण नहुँदा गोमनको उद्धारमा खटिँदा हातमा डसेको सशस्त्र वनरक्षक भोपेन्द्रबहादुर शाहीले बताए। आर्थिक वर्ष ०८०/०८१ मा १ सय ३३, ०८१/०८२ मा १ सय ४१ र ०८२/०८३ मा १ सय ४६ सर्पको उद्धार गरिएको डिभिजन वनको तथ्यांक छ।

> उद्धारका लागि सरकारी कार्यक्रम छैन, अहिले ४४ जिल्लामा सर्प उद्धारक छौं, हामीलाई प्रोत्साहनका लागि सरकारले धेरै गर्नु पर्दैन, तालिम, दुर्घटना बिमा र इन्धन खर्चको जोहो गरे पनि धेरै हुन्छ
>
> ● **यमलाल भण्डारी**, चितवन

## कसरी समाइन्छ सर्प ?

सर्प देख्नेबित्तिकै सबैलाई डर लाग्छ। सर्प समाउन दाङका सुवेदीले तालिम लिएका होइनन्। उनले उद्धारको काम थाल्दा मुलुकमा चार जना मात्र सर्प उद्धारकर्ता थिए- सुवेदी, पोखराका रोहित गिरी, चितवनका सुनील सापकोटा र दाङका महेन्द्र कतिला।

गिरी अहिले सर्प उद्धारसँगै अध्ययन, अनुसन्धान गरिरहेका छन्। सापकोटा विदेश छन्। कतिलाको निधन भइसकेको छ। सुवेदीले इन्टरनेटबाट खोज्दै अध्ययन गर्नुका साथै केही व्यावहारिक अभ्यासका क्रममा सर्पको आनीबानी थाहा पाए। 'कतिपय अवस्थामा अस्पतालबाट २/३ घण्टा टाढा पनि उद्धारका लागि पुग्नुपर्थ्यो,' उनले भने, 'सुरक्षाको कुनै बलियो प्रबन्ध थिएन। सजग भएर काम गर्नुबाहेक विकल्प थिएन। बानी पर्दै गएपछि जोखिम कम हुने गरी काम गर्न सकिन्छ।'

सुवेदीका अनुसार सर्पले सजिलै मानिसलाई डस्दैन। 'मानिस सर्पको सिकार होइन, त्यसैले मानिससँग सरोकार हुँदैन,' उनले भने, 'मानिसलाई देखेपछि सकभर सर्प भाग्न खोज्छ। आफूलाई असुरक्षा महसुस भयो, भाग्ने ठाउँ नभएर अप्ठ्यारो पर्‍यो भने मात्र उसले डस्छ।' सर्पको पुच्छर समाएपछि उसको बाँकी शरीरलाई हुकले अड्याएर सन्तुलन कायम गरिन्छ। 'पुच्छर मात्रै समाएर झुन्ड्याउँदा उसलाई शरीरको भार पर्छ अनि उसले अप्ठ्यारो भएर डस्न खोज्छ,' उनले भने, 'शरीरलाई सन्तुलनमा राखेर समाएपछि केही गर्दैन।'

उनी ठूला सर्प छोप्न हुकको प्रयोग गर्छन् भने साना सर्पका लागि पञ्जा। 'ठूलो सर्पको लम्बाइ धेरै भएका कारण हुकले छेकेर आफूतिर आउनबाट छेक्न सकिन्छ,' उनले भने, 'साना सर्पको लम्बाइ कम भएकाले त्यसले टोकिहाल्यो भने नि हातमा टोक्छ, त्यसैले हातमा पञ्जा लगाइन्छ। अन्य अवस्थामा पञ्जा लगाउँदा चिप्लेर समाउन कठिन हुन्छ।'

## कसरी बच्ने ?

वर्षायाममा सर्पको जोखिम हुने भएकाले सर्पबाट बच्ने उपाय जानकारी हुनुपर्ने सुवेदी बताउँछन्। सर्पबाट बच्न जुत्ता या लामो बुट लगाएर हिँड्न उनको सुझाव छ। उनका अनुसार सुरुमा आक्रमण गर्ने ठाउँ खुट्टा भएकाले त्यसको सुरक्षामा ध्यान दिनुपर्छ। 'राति टर्चलाइट प्रयोग गर्नुपर्छ। घाँस भए लट्ठी प्रयोग गरी अगाडि ट्वाकट्वाक पारेर बाटो सफा गर्दै हिँड्नुपर्छ। घरका कुना र सर्प बस्न सक्ने ठाउँमा होसियारीपूर्वक काम गर्नुपर्छ,' उनले भने, 'शीतल खोज्दै सर्प घरभित्र जान सक्ने भएकाले दाउराका थुप्राजस्ता सर्प लुक्ने ठाउँमा होसियारीपूर्वक काम गर्नुपर्छ।'

सर्पले डसिसकेपछि छिटो अस्पताल जानु बुद्धिमानी हुने सुवेदी बताउँछन्। उनका अनुसार नेपालमा भएका करिब ९० प्रजातिका सर्पमध्ये २० प्रजाति मात्र विषालु छन्। सर्पले डस्दैमा विष लाग्दैन। विषालु सर्पले डसे पनि विष नछोडेको हुन सक्छ। त्यस्तो बेला जोखिम हुँदैन। त्यसकारण बिरामीलाई सान्त्वना दिँदै अस्पताल पुर्‍याए ज्यान बचाउन सकिने सुवेदी बताउँछन्। 'धामी, झाँक्रीसँग झारफुक गर्ने, खुर्सानी खाएर जाँच गर्ने, टोकेको ठाउँको रगत निचोरेर फाल्ने र टोकेको ठाउँमा बाँधेर रक्तसञ्चारमा अवरोध गर्नेजस्ता काम गर्नु हुँदैन,' उनले भने।



यमलाल भण्डारी



जमदार धनबहादुर गुरुङ

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — कुनै कामको पूर्णताले मन ढुक्क रहला। रिस गर्नेहरू आफैं तर्किँदै जानेछन्। समयानुसार सबै कुराहरू मिल्दै जानेछन्।

**वृष** — विविध कामले गर्दा व्यस्त भइनेछ। कसैसित कतै जम्काभेट हुन सक्छ। समयानुकूल रहने प्रयत्न गरिनेछ।

**मिथुन** — मनमा भएको भ्रम हटेर जानेछ। समसामयिक कुरामा जोड दिइनेछ। सकारात्मक सोचमा रही काम गर्ने प्रयास गरिनेछ।

**कर्कट** — आर्थिक कार्यमा सफलता मिल्नेछ। सबै कुरा मिल्दै जानेछन्। पारिवारिक भेटघाट हुन सक्छ।

**सिंह** — कतै जाने काम आइलाग्न सक्छ। आफ्नो कार्यक्षेत्रबाट राम्रो सद्भाव पाइनेछ। समग्रमा दिन राम्रै रहनेछ।

**कन्या** — व्यक्तिगत काममा सफलता मिल्नेछ। सोचेअनुरूप सबै कुरा मिल्दै जानेछन्। मनमा भएको बोझ हटेर जानेछ।

**तुला** — समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ। सम्बन्धित निकाय वा व्यक्तिसित आफ्नो कुरा राखिनेछ। सकारात्मक मोडमा रही काम गर्ने प्रयास गरिनेछ।

**वृश्चिक** — समयले साथ दिँदै जानेछ। व्यक्तिगत काममा सफलता मिल्नेछ। सोचेअनुसार काम सम्पन्न हुँदा मन प्रसन्न रहनेछ।

**धनु** — कुनै कुराले मनमा हौसला बढ्नेछ। आत्मीयजनसितको भेटले मन खुसी रहनेछ। समग्रमा दिन राम्रै रहनेछ।

**मकर** — कामको जिम्मेवारीले व्यस्त बनाउनेछ। नगरी नहुने कुरामा अग्रसर भइनेछ। बेलैमा काम सकी स्वतन्त्र हुन खोजिनेछ।

**कुम्भ** — जतिसक्यो सकारात्मक रहन खोजिनेछ। धीरतापूर्वक काम सक्न लागिपरिनेछ। कुनै कुराले गर्दा मनमा भएको सन्देह हटेर जानेछ।

**मीन** — समय आफू अनुकूल रहँदा काममा सहजता हुनेछ। कुनै कुराले गर्दा मनमा उत्सुकता बढ्नेछ। मनपर्दो क्रियाकलापमा जोड दिइनेछ।

# वंशजको नागरिकतालाई निरन्तरता दिन एनआरएनको माग

## नयाँ पुस्ता विदेशमै पलायन हुने जोखिम बढेकाले वंशजको नागरिकताले निरन्तरता पाउने निर्णय र व्यवस्था गर्न सरकारलाई आग्रह

**दुर्गा दुलाल** (ग्वाङ्झाउ, चीन)

गैरआवासीय नेपालीले वंशजकै नागरिकतालाई निरन्तरता दिनुपर्ने माग फेरि एक पटक दोर्‍याएका छन् । चीनको ग्वाङ्झाउमा जारी गैरआवासीय नेपाली संघ (एनआरएनए) को ११ औं एसिया प्यासिफिक क्षेत्रीय सम्मेलन तथा आरोहण- २०२६ मा 'एक पटकको नेपाली सधैंको नेपाली' को व्यवस्था हुनुपर्ने माग उठेको हो । एनआरएनका अध्यक्ष हेमराज शर्माले गैरआवासीय नेपालीको अपेक्षा भन्नेबित्तिकै नागरिकता, मतदानको अधिकार, ब्रिटिस गोर्खा र नेपाली मूलका विदेशी नागरिक (पीएनओ) को मुद्दा बुझिने गरेको भन्दै उनले ११० देशमा बसोबास गरिरहेका सबैको एउटै माग वंशजको नागरिकताको निरन्तरता भएको दाबी गरे ।

एनआरएनए अध्यक्ष शर्माले नागरिकतासहित संविधानको धारा २९१ ले आफूहरूलाई समस्या गरेकाले त्यो खारेज हुनुपर्ने मागसमेत गरे । संविधान संशोधनको छलफल र बहस चलिरहेको भन्दै उक्त धारा खारेज गर्नुपर्ने उनको माग छ । उक्त धाराले वंशजको नागरिकता लिन र एनआरएनलाई नागरिकता पाउनुलाई मात्र होइन, पदमा पुग्न पनि रोक लगाएको भन्दै उनले त्यसको खारेजीको माग गरे । त्यस्तै दोहोरो नागरिकताको व्यवस्था नभएका मुलुकमा बसोबास गर्ने नेपालीले वंशजको नागरिकता कायम राख्न नसक्ने, तीन पुस्तापछिका गैरआवासीय नेपालीहरूले पनि वंशजको नागरिकता कायम राख्न नसक्ने र गैरआवासीय नेपालीसँग विवाह गर्ने विदेशी नागरिकले समेत वंशजको नागरिकता प्राप्त गर्न नसक्ने व्यवस्था खारेज हुनुपर्ने शर्माको भनाइ छ ।

पूर्वअध्यक्ष बद्री केसीले २२ खर्ब रेमिट्यान्स नेपाल पठाउने एनआरएन अहिले पनि नागरिकता पाउन संघर्ष गरिरहेको बताए । 'अबका एनआरएनए हार्वर्ड पढाएर नेपाल फर्कन चाहनेहरू हुन्, अफ्रिकादेखि मध्यपूर्वसम्म समृद्धिमा काम गरेका अर्बपति नेपाली छन्,' उनले भने, 'उनीहरूले अब दिन खोजेका छन् । त्यसैले नेपाल आउन खोजेका छोरा पुस्ता विदेशले होइन, नेपालीले प्रयोग गर्न बाटो खोल्नुपर्छ ।'

> वंशज नागरिकताको विषयलाई लिएर कार्यदल बनाई काम गर्ने र संसद्मार्फत अधि बढाउने प्रतिनिधिसभाका सत्तापक्ष र प्रतिपक्ष सांसदहरूको आश्वासन

एनआरएनएले वंशजको नागरिकता मागेको यो पहिलो पटक भने होइन । उनीहरूले सन् २०१५ देखि नै यही माग राख्दै आएका छन् । तर पछिल्लो समयमा यो माग झन् सान्दर्भिक हुँदै गएको र नयाँ बिस्तारै विदेशमै पलायन हुने जोखिम बढेकाले वंशजको नागरिकता दिने व्यवस्था गर्न ढिलाइ गर्न नहुने उनीहरूको माग छ । सम्मेलनमा वशंजको नागरिकताको विषय उठेपछि प्रतिनिधिसभाका सत्तापक्ष र प्रतिपक्षका सांसदहरूले वंशजसहित नागरिकताका विषयमा कानुनमार्फत अघि बढाउन आफूहरू कार्यदल बनाएर काम गर्ने र छिट्टै संसद्मार्फत अघि बढाउने आश्वासन दिएका छन् ।

प्रमुख प्रतिपक्ष कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले अब भावना मात्र कुरा नगरेर 'डायस्पोरा' लाई विकासको साझेदार बनाउनुपर्ने र त्यसका लागि उनीहरूलाई विशेष पहिचान दिनुपर्ने बताए । एमालेका प्रमुख सचेतक ऐन महरले एनआरएनएले माग गरेको संविधानको धारा २९१ को खारेजमा आफूहरू छलफल गर्न तयार रहेको भन्दै सम्मान हुने नेपाली बनाउन आफूहरू सहमत हुने बताए । 'सरकारले नागरिकतासहित एनआरएनए ऐन संशोधनको प्रक्रिया थालनी गरोस् । हामी छलफल गर्न तयार नै छौं,' उनले भने, 'त्यस्तो अवस्थामा सदन खुला हुने र हातेमालो हुनेछ ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनीष झाले सरकारले एनआरएनको नागरिकतासहित केही माग सम्बोधनको तयारी गरिरहेको बताए । उनले रास्वपाको घोषणापत्रमा 'एक पटकको नेपाली सधैंको नेपाली' भनेर उल्लेख गरेकाले अब त्यसमा दायाँबायाँ नहुने बताए । 'हामी यहींबाट सबै दलका सांसद कार्यदल बनाएर काम गर्न सक्छौं,' उनले भने, 'नागरिकता र कानुनका विज्ञहरू राखौं । छिटोभन्दा छिटो सम्बोधनको काम गरौं । यसलाई पहिलो नम्बरको सूचीमा राख्न तयार छौं ।'

नेकपाका प्रमुख सचेतक युवराज दुलालले एक पटकको नेपाली सधैं नेपाली हुन पाउने कि नपाउने भन्ने विषय अहिले जोडदार रूपमा उठेकाले सम्बोधन पनि अहिले नै गर्नुपर्ने बताए । 'वंशजको नागरिकता निरन्तरतामा हामी सकारात्मक छौं । हामी सबै दलका सांसद यहीं छौं । को कति बेला सरकारमा हुन्छ भन्ने ठूला कुरा होइनन्,' दुलालले भने, 'संविधान र ऐन निर्माणको काम हाम्रातर्फबाट र एनआरएनएका तर्फबाट पनि कार्यदल बनाउँ अनि निरन्तर छलफल गरौं ।' उनले विधेयक र संविधान संशोधनको कुरालाई गति दिने कुरा सरकारको हातमा हुने भन्दै प्रतिपक्षको कारणले विधि निर्माणमा अवरोध नहुने प्रतिबद्धता व्यक्त गरे । श्रम संस्कृति पार्टीका सांसद आरेन राईले संविधानको मूलभूत कुराबाहेक अन्यमा छलफल गर्न आफ्नो दल तयार रहेको र गहन गर्नुपर्ने बताए ।

उनले संसारभरका नेपालीलाई देशमा फर्काउन के गर्नुपर्छ, त्यो गर्नुपर्ने बताए । एनआरएनएकी उपाध्यक्ष रोजिना प्रधान राईले एक पटकको नेपाली सधैंको नेपालीका रूपमा स्वीकार गर्न अब ढिलाइ गर्न नहुने बताइन् । उनले एनआरएनसँगै पीएनओ कार्ड तत्काल दिनुपर्ने माग गरिन् । वंशजको नागरिकता निरन्तरतामा सरकार र प्रतिपक्षमा रहेका सबै राजनीतिक दलका सांसदहरूले जनाउनुभएको प्रतिबद्धताले आफूहरूलाई धेरै आशा पलाएको बताइन् । एसिया प्रशान्त क्षेत्रीय सम्मेलनका अध्यक्ष दीपक कँडेलले सम्मेलनमा उठेका मागहरूलाई घोषणापत्र बनाएर आफूहरूले सरकार र सांसदहरूलाई फेरि-फेरि सम्झाउने बताए । सरकार र सदनमा यो मुद्दा पुग्ने आशा जागेको भन्दै उनले यो नेपालकै समृद्धिको सपना जोडिएको दाबी गरे ।

# नेपाल-भारत सीमापार जग्गा भोगचलनको नक्सांकन ३ वर्षभित्र सक्ने सहमति

## नेपाल-भारत सीमामा ८५ सय ५४ सीमास्तम्भ निर्माण भएकामा १३ सय २५ वटा हराएका छन् भने १९ सय ५६ वटा क्षतिग्रस्त

**अनिल गिरी** (काठमाडौं)

सीमावर्ती क्षेत्रमा एकअर्काका नागरिकले भोगचलन गरिरहेको जग्गाको नक्सांकन तीन वर्षभित्र सम्पन्न गर्न नेपाल-भारत सहमत भएका छन् । सीमासम्बन्धी प्राविधिक काममा लामो समयदेखि देखिँदै आएको यो विषय टुंग्याउन दुवै देशले प्रविधिको प्रयोगसमेत गर्नेछन् ।

नेपाल-भारत सीमा विवाद चर्चामा रहेका बेला भारतको लखनउमा शुक्रबार सम्पन्न दुवै मुलुकका नापी विभागका उपमहानिर्देशकको नेतृत्वको सर्भे अफिसियल्स कमिटी (एसओसी) को १३ औं बैठकले सीमावर्ती क्षेत्रमा भएको जमिनको भोगचलनको वास्तविक अवस्था यकिन गर्न मानवरहित हवाई उपकरण (यूएभी) समेत प्रयोग गर्ने निर्णय गरेको छ । 'यूएभी प्रयोगमार्फत सीमा क्षेत्रमा भएको जमिन भोगचलनको नक्सांकन तीन वर्षभित्र सक्ने निर्णय गरेका छौं,' नेपालतर्फबाट वार्ताको नेतृत्व गरेका नापी विभागका उपमहानिर्देशक सुशील डंगोलले लखनउबाट फोनमा भने ।

सीमावर्ती क्षेत्रमा एक देशका नागरिकले अर्को देशको भूभागमा पर्ने जग्गामा खेती तथा बसोबास गर्ने अवस्थालाई 'सीमा क्षेत्रको जग्गा तथा सम्पत्तिको भोगचलन' (क्रसबोर्डर अकुपेसन) भनिन्छ । नदी क्षेत्रमा स्थिर सीमा सिद्धान्त (फिक्स्ड बाउन्ड्री प्रिन्सिपल) अपनाइएका कारण यस्तो अवस्था देखिएको हो । नेपाल-भारत सीमा क्षेत्रका नदीको धार परिवर्तन हुँदा हजारौं हेक्टर जमिन सीमाको एकतर्फबाट अर्कोतर्फ परेको छ ।

एसओसी र संयुक्त फिल्ड सर्भे टोलीले यस्ता परिवर्तनको अभिलेखीकरण गरिरहेका छन् । उनीहरूले तयार गर्ने विवरण दुई देशका सरकारलाई यससम्बन्धी निर्णय गर्न प्राविधिक आधार बन्नेछ । सन् २००७ मा नेपाल र भारतबीच १८२ सेट स्ट्रिप नक्सामा हस्ताक्षर हुँदा दुवै देशका नागरिकले अर्को देशका नागरिकको स्वामित्वमा रहेको सयौं हेक्टर जमिनमा खेती गरिरहेको वा बसोबास गरिरहेको पाइएको थियो । 'सर्वेक्षणका लागि यूएभीले आकाशबाट तस्बिर खिच्नेछन् । त्यसपछि हामी ती तस्बिरको विश्लेषण गरेर सीमा क्षेत्रको जमिनको भोगचलन कति क्षेत्रमा छ भन्ने यकिन गर्न साझा धारणा बनाउनेछौं,' डंगोलले भने । उनका अनुसार तीन दिनसम्म चलेको बैठकले सहमति कार्यान्वयनका लागि वार्षिक योजना र बजेट पनि स्वीकृत गरेको छ ।

नेपाल र भारतबीच सीमा समस्या समाधानका लागि प्राविधिक तहमा तीन तहका संयन्त्र छन्, जसमा नापी विभागका महानिर्देशकको नेतृत्वमा रहेको बाउन्ड्री वर्किङ ग्रुप (बीडब्लूजी), उपमहानिर्देशकको नेतृत्वमा सर्भे अफिसियल कमिटी (एसओसी) र प्रमुख जिल्ला अधिकारी (सीडीओ) को नेतृत्वमा फिल्ड सर्भे टिम (एफएसटी) छन् । यी तीन वटै संयन्त्रले सीमास्तम्भ निर्माण, मर्मत, दशगजा क्षेत्र व्यवस्थापन, जीपीएस आधारित नक्सांकन तथा सीमापार सम्पत्तिको विवरण संकलनलगायतका प्राविधिक कार्य गर्छन् ।

> भारतको लखनउमा सम्पन्न सर्वेक्षण अधिकारीको बैठकद्वारा सीमापार जग्गा भोगचलनको वास्तविक अवस्था यकिन गर्न मानवरहित हवाई उपकरण (यूएभी) प्रयोग गर्ने निर्णय

कालापानी र सुस्ताबाहेकको सीमासम्बन्धी मुद्दा सुल्झाउन सन् २०१४ मा बीडब्लूजी गठन गरिएको थियो । बैठकमा नापी विभाग र परराष्ट्र मन्त्रालयका अधिकारी सहभागी हुन्छन् । सबैभन्दा पहिले संयुक्त एफएसटीको टोलीले हालसम्म टुंगो लागिसकेका १ सय ८२ वटा स्ट्रिप म्यापलाई आधार बनाएर सीमास्तम्भ, दशगजा क्षेत्र र सीमापार अतिक्रमणको स्थलगत अध्ययन गर्छन् । त्यही अध्ययनमाथि एसओसीको बैठकमा छलफल हुन्छ । त्यस बैठकको सहमतिअनुसार बीडब्लूजीलाई पछिल्लो अवस्था र आवश्यक प्राविधिक सुझावसहित रिपोर्ट दिइन्छ । त्यही रिपोर्टमाथि बीडब्लूजीमा थप छलफल हुन्छ र बीडब्लूजीले आगामी दिनमा गर्नुपर्ने कामका लागि निर्देशन दिन्छ । त्यही निर्देशनका आधारमा एफएसटीको टोली खटिन्छ ।

गत वर्ष ३० जुलाईमा भएको बीडब्लूजी बैठकमा दुवै मुलुकबीच हराएका सीमास्तम्भ पुनःस्थापना गर्ने, क्षतिग्रस्त स्तम्भहरूको संयुक्त रूपमा मर्मत गर्ने तथा अन्य प्राविधिक सीमासम्बन्धी काम तीन वर्षभित्र सम्पन्न गर्ने सहमति गरेका थिए ।

साथै, कालापानी र सुस्ताबाहेकका दशगजा क्षेत्रमा भएका अतिक्रमणहरूको अभिलेख तयार गर्ने र दुवै मुलुकका नागरिकका सीमापार सम्पत्तिको विवरण संकलन गर्ने निर्णय पनि गरिएको थियो । लखनउमा शुक्रबार सम्पन्न एसओसी बैठकमा तीन वर्षभित्र सीमापार भोगचलन हुँदै आएको जग्गा र सम्पत्तिको नक्सांकन सम्पन्न गर्न नेपाल-भारत सहमत भएका हुन् ।

सन् २०१५ मा दुवै पक्षले प्राविधिक काम सम्पन्न गर्न तीन वर्षको समयसीमा तोकेका थिए । उक्त समयसीमाभित्र काम पूरा हुन नसकेपछि सन् २०१७ मा फेरि समय थप गर्दै सन् २०२२ सम्मलाई पुर्‍याइयो । तर आर्थिक स्रोतको अभाव, कोभिड महामारी, बारम्बार दोहोरिने सीमा विवाद र प्रतिकूल मौसमलगायत कारणले उक्त समयसीमा पनि गुज्रियो ।

नापी विभागका अनुसार नेपाल-भारत सीमामा ८ हजार ५ सय ५४ वटा सीमास्तम्भ निर्माण भएकामा १ हजार ३ सय २५ वटा हराएका छन् भने १ हजार ९ सय ५६ वटा आंशिक वा पूर्ण रूपमा क्षतिग्रस्त छन् । नेपाल र भारतबीच २७ जिल्लासँग जोडिएको १ हजार ८ सय ८० किलोमिटर लामो सीमा रहेको छ ।



सम्पादकीय

# राजदूतविहीन दूतावास, क्षयीकृत कूटनीति

सौहार्दपूर्ण सम्बन्ध रहेका देशमा दूतावास स्थापना गर्ने र राजदूत नियुक्त गर्ने पुरानो चलन विश्वभर छ । खासगरी सौहार्दपूर्ण सम्बन्धलाई निरन्तरता दिन, स्वयं वा दुईपक्षीय हितका आधारलाई कार्यान्वयनमा लैजान, आफ्नो प्रभाव विस्तार गर्न तथा सम्बन्धित देशमा रहेका आफ्ना नागरिकलाई अभिभावकत्व दिनका लागि यस्तो अभ्यास चल्दै आएको छ । नेपालले पनि तीसभन्दा बढी देशमा दूतावास स्थापना गर्दै राजदूतमार्फत ती काम गर्दै आएको छ । यद्यपि, केही विशेष सन्दर्भलाई छाड्ने हो भने, राजदूतमा कूटनीतिक क्षमताको कमी तथा अस्थिर कार्यकालका कारण नेपालले पर्याप्त सफलता पाउन सकेको छैन । यसले गर्दा नेपालको कूटनीतिक सम्बन्धको प्रभावकारिता र सफलता कमजोर अवस्थामा छ । यसर्थ नेपाल सरकारले क्षमतावान् राजदूत, पूर्ण कार्यकाल र राजदूत पद रिक्त नहुने सुनिश्चित गर्नुपर्छ । सरकार फेरिनासाथ राजदूत फिर्ता बोलाउने र नयाँ नियुक्तिमा ढिलाइ गर्ने प्रवृत्तिमा सुधार ल्याउनुपर्छ ।

आर्थिक, राजनीतिक तथा कूटनीतिक क्षमता प्रदर्शन र प्रभावका दृष्टिले विश्व समुदायमाझ नेपालको उपस्थिति कमजोर छ । अर्कोतर्फ, देशभित्र अभिवृद्धि भइरहेको आर्थिक प्रगतिको आकांक्षालाई सहयोग पुऱ्याउनका लागि अन्य देशको साथ सहयोग अनिवार्य छ । खासगरी ती देशबाट लगानी भित्र्याउन सकिएमा हामीकहाँ आर्थिक विकासको सम्भावना बढ्नेछ । कतिपय अवस्थामा देशभित्र लिइने वा हुने ठूला राजनीतिक निर्णयका सन्दर्भमा वैदेशिक साथ, सहयोग र सद्भाव खोजिन्छ । आपसी संवादलाई अझै बलियो बनाउन उच्चस्तरीय भ्रमण गराउनुपर्ने हुन्छ । यस्ता कामका लागि ती देशमा हुने राजदूतको सक्रिय पहलकदमी अनिवार्य हुन्छ । नेपालका तर्फबाट विभिन्न देशमा सफल कार्यकाल बिताएका कैयौं राजदूतहरूको अनुभव पढ्दा र सुन्दा प्रस्ट हुन्छ, उनीहरूले कसरी सम्बन्धित देशका प्रभावशाली व्यक्तिसँग व्यक्तिगत तथा संस्थागत सम्बन्ध विकास गरी सफलता पाएका थिए । त्यस्ता अनुभव सबैका निम्ति अनुकरणीय हुन सक्छ ।

सरकार फेरिनासाथ राजदूत फिर्ता बोलाउने प्रवृत्ति नेपालमा चल्दै आएको छ । केपी शर्मा ओली नेतृत्वको कांग्रेस-एमाले गठबन्धन सरकारले राजनीतिक कोटाबाट नियुक्त गरेका १७ देशका राजदूतलाई नयाँ सरकार बनेसँगै फिर्ता बोलाउन थालिएको थियो । जेन-जी आन्दोलनपछि गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले ११ राजदूतलाई फिर्ता बोलाएको थियो । त्यस्तै, २१ फागुनको निर्वाचनपछि गठित वालेन्द्र शाह नेतृत्वको सरकारले ६ देशका राजदूतलाई पनि फिर्ता बोलायो । यसरी १७ मध्ये ११ देशमा १० महिनादेखि र ६ देशमा ४ महिनादेखि राजदूत खाली छन् । अन्य ७ देशमा रहेका राजदूतको पदावधि पनि ५ साउनमा सकिएको छ । ३ दूतावास बन्द गर्ने सरकारको निर्णय भएकाले अब २१ देशका लागि राजदूत नियुक्त गर्नुपर्ने हुन्छ । सरकारले चाँडै राजदूत नियुक्त गर्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ, महिनौंसम्म राजदूतविहीन दूतावास राखिनु गम्भीर कूटनीतिक हेलचेक्र्याइँ हो ।

कुनै पनि देशमा लामो समयसम्म राजदूत नियुक्त नगर्नु भनेको उक्त देशलाई हामीले कम महत्त्व दिएको अर्थ लाग्छ । यसले सम्बन्धित देशले हामीलाई हेर्ने नजरमा नकारात्मक असर पर्न सक्छ । जसले गर्दा देशको छवि र दुईपक्षीय सहकार्य पनि कमजोर हुन सक्छ । कहिलेकाहीं बीचमै राजदूत फिर्ता बोलाइनु र नयाँ नियुक्त गर्न नसक्नुलाई स्वाभाविक मान्न सकिन्छ, तर राजनीतिक नियुक्ति पाएका प्रायः राजदूतले पूरा कार्यकाल काम गर्न नपाउने र नयाँ नियुक्ति पनि नहुने प्रवृत्ति नियमित जस्तै छ । यसले हामीप्रतिको विश्वास पनि कमजोर बनाएको छ । अर्कोतर्फ, पछिल्ला वर्षमा देशहरूको स्वार्थ बदलिएको छ । दुईपक्षीय सम्बन्धका आयाम पनि बदलिएका छन् । यस्तो परिस्थितिलाई व्यवस्थापन गर्न र देशको हित सुनिश्चित गर्नका लागि सक्रिय र क्षमतावान् राजदूत चाहिन्छन् । तर नेपालले कैयौं दूतावासहरूलाई राजदूतविहीन बनाउनुले परिस्थितिको संवेदनशीलता बुझ्न नसकेको प्रस्ट हुन्छ ।

जुन देशमा राजदूत हुँदैनन्, त्यहाँको दूतावासले आत्मविश्वासका साथ काम गर्न सक्दैन । कार्यवाहक राजदूतको पहुँच नै कम हुन्छ । माथिल्लो तहमा हुने भेटघाट र संवादको सम्भावना नै कम भएपछि आफ्नो देशको हित र सरोकारका विषयमा प्रस्ट पार्ने र लाभ लिन सकिने ठाउँ नै खुम्चिन्छ । दुईपक्षीय भेटवार्ता र उच्चस्तरीय भ्रमण हुन कठिन हुन्छ । भ्रमण भइहालेमा पनि व्यवस्थापन कमजोर हुन सक्छ । महत्त्वपूर्ण साझेदार, भूराजनीतिक संवेदनशीलता भएका, राजनीतिक-आर्थिक सहयोगमा अग्रस्थानमा रहेका देशमै राजदूत नहुँदा आर्थिक वा विकासको कूटनीतिमै असर पर्छ । अर्कोतर्फ, यतिबेला नेपाली विश्वभर फैलिसकेका छन्, राजदूत नहुनासाथ ती देशका नेपालीले अभिभावक पाउँदैनन् । नियमित प्रशासनिक काममा अवरोध वा ढिलाइ हुन सक्छ । सम्बन्धित देशमा कुनै असहज अवस्था आइहालेमा बलियो समन्वय र सुरक्षाको पहल प्रभावकारी नहुन सक्छ । यसर्थ सरकारले राजदूत नियुक्तिलाई प्राथमिकता दिनुपर्छ ।

राजनीतिक कोटाबाट राजदूत नियुक्त गर्ने प्रचलनले राजदूत रिक्त हुने समस्या बढाइरहेको प्रस्ट छ । आन्तरिक राजनीति अस्थिर भइराख्ने र सरकार फेरिनासाथ राजदूत फिर्ता बोलाइने अभ्यासका कारण यस्तो भइरहेको हो । राजदूत नियुक्तिसम्बन्धी निर्देशिका २०७५ ले कुल राजदूत पदको ५० प्रतिशत नघट्ने गरी परराष्ट्र सेवाबाट राजदूत नियुक्ति गर्नुपर्ने भनिएको छ । तर यसलाई बढाउन सक्दा र राजनीतिक कोटालाई कम गर्दै लैजाँदा लामो समय राजदूत रिक्त हुने समस्या पनि धेरै हदसम्म सम्बोधन हुन सक्छ । राजदूत पद रिक्त हुनुभन्दा सामान्यतया ३ महिना अगाडि नियुक्तिसम्बन्धी आवश्यक प्रक्रिया सुरु गर्नुपर्ने निर्देशिकामा उल्लेख छ, जसको अर्थ पहिल्यै नियुक्ति प्रक्रिया सुरु गरेर रिक्त हुने सम्भावनालाई टार्न सकिन्छ भन्ने हो । यसर्थ सरकारले उपलब्ध विकल्प प्रयोग गरेर राजदूतको निरन्तरता कायम राख्नुपर्छ । त्यसक्रममा सक्षम कूटनीतिक व्यक्तिलाई राजदूत नियुक्त गर्ने र त्यसमार्फत देशको हित सुनिश्चित गर्नुपर्छ ।

# कूटनीतिमा भाषाको विरोधाभास



सन्जिब हुमागाईं

(हुमागाईं राजनीतिशास्त्र र अन्तर्राष्ट्रिय सम्बन्ध सिद्धान्त अध्येता हुन्)



तस्बिर : एआई निर्मित

कूटनीति शब्दको अघिल्लो भागमा रहेको 'कुट' को शाब्दिक अर्थ हुन्छ कपट, छल वा रहस्य । यस अर्थमा मनमा भएको आफ्नो सबै विचारलाई शब्दमा प्रस्तुत नगरी त्यसलाई झुक्याउने तरिकाले राम्रोसँग पोको पारेर प्रस्तुत गर्नु नै कूटनीतिको मेरुदण्ड हो । खासमा शब्दको जालमार्फत राष्ट्रिय स्वार्थ प्राप्तिको सिकार गर्नु कूटनीतिक गतिविधिको प्रमुख काम हो । विश्वका प्रायः सबै देशहरूले आफ्नो राष्ट्रिय सुरक्षा नीति, परराष्ट्र नीति वार्षिक रूपमा प्रस्तुत गरेका हुन्छन् । आफूलाई विश्वको शान्तिप्रेमी, असल देशको रूपमा ब्रान्डिङ गर्नुका साथै आफ्ना देशका सबै निकाय र पात्रलाई राज्यको आधारभूत दिशा प्रस्तुत गर्नु त्यस्ता नीतिको प्रमुख उद्देश्य हुन्छ । तर, सबै विषय खुलेर भने लेखिएका हुँदैनन् । राज्यका नीतिहरू मात्रै होइन, राजनीतिक दलदेखि सार्वजनिक बहससम्म न्यूनतम कूटनीतिक सिद्धान्तको पालना हुन्छ । पेटमा भएको सबै ओकल्नु कूटनीति होइन भन्नेमा सचेत हुन्छन् । साँचो राष्ट्रप्रेम भनेको पनि त्यस्तै होला ।

तर दुःखका साथ आत्मालोचना गर्नुपर्ने एउटा तीतो सत्य के हो भने हाम्रा प्रायः सबै सार्वजनिक कूटनीतिक संवादहरू त्रासदीको भाषाले भरिएका हुन्छन् । देशको भौतिक भविष्यको अनिश्चयको चिन्ताको संवादमा हाम्रो हजुरबुबा पुस्ताले पृथ्वी छोड्नुभयो । पिता पुस्ताको उमेर पनि त्यस्तै चिन्तामा ढल्कियो । अहिले म नै कक्षाकोठामा भीमकाय भूराजनीति आदि-इत्यादि पढाएर विद्यार्थीहरूलाई तर्साउँछु । मेरी छोरीले भविष्यमा कस्तो कूटनीतिक संवाद गर्लिन् भन्ने चिन्ता पनि मलाई छ । हामीले यसरी विश्वका सबै देश डाँका हुन्, नेपाललाई कसरी लुट्ने भन्नेबाहेक उनीहरूको अरू कुनै उद्देश्य छैन, ठूला देशका राष्ट्रप्रमुखहरू हरेक दिन बिहान उठेर नेपालका खबर पढेर यस देशको चिन्ता सकेर मात्र आफ्नो नित्यकर्म गर्छन् भन्ने जसरी संवाद गर्दैगर्दा, हाम्रा कूटनीतिक सम्बन्धहरू हामीले परिकल्पना गरेको त्रासदीको भाषाकै तहमा दिनानुदिन बिग्रिँदै गएर हामी बर्बाद भविष्यतर्फ उन्मुख भइसकेका छौं कि । होइन भने, हामीले आफ्ना संवादलाई अलि धेरै नै अतिरञ्जित गर्छौं । त्यसैले निर्मम समीक्षा गर्ने समय आएको छ ।

निश्चित नै हामी विषयलाई अलि धेरै नै अतिरञ्जित गरिरहेका छौं भन्ने नै यो आलेखको प्रमुख आवाज हो । त्यसको एउटा बलियो आधार के हो भने, विश्व यति धेरै परिवर्तन भए पनि हाम्रो चर्चामा प्रयोग हुने भाषा र भाष्यमा ठोस रूपान्तरण हुन सकेको छैन । हाम्रा संवादमा उनै पुराना रटानका भाषाहरू व्याप्त छन् । हाम्रो त्रासदीको भाषा वैज्ञानिक छ भन्ने आधार कमजोर छन् । यदि हामीले भनेजस्तै विश्व राजनीति र कूटनीति भएको भए, हाम्रो अवस्था अहिलेको भन्दा धेरै नाजुक हुने थियो । पक्कै पनि हामीले कूटनीतिलाई हाम्रो फाइदाको पक्षमा सदुपयोग गर्न नसकेका धेरै उदाहरण छन् । तर त्यसका लागि अरूलाई मात्रै दोषी देखाएर आफूलाई पानीमाथिको ओभानो बनाउने हाम्रो रीतिथितिमाथि पनि प्रश्न गर्ने बेला भएको छ । अझ, हामीलाई कसैले खराब नियतले दुःख दिने गरेको भए पनि, ऐतिहासिक रूपमा तिक्तता रहेको भए पनि, त्यसलाई सीधा नदेखाई राष्ट्रिय स्वार्थको पक्षमा उपयोग गर्नु कूटनीतिको प्रमुख उद्देश्य हो ।

नेपाली कूटनीतिको संवादमा त्रासदीका भाषा र भाष्यको व्याप्त प्रयोगका कारणहरूका बारेमा चर्चा गर्नुपूर्व हामी किन चनाखो हुनुपर्छ भन्ने विषय एउटा उदाहरणबाट प्रस्तुत गरौं । १ फागुन २०५२ मा नेपालमा तत्कालीन माओवादीले केही प्रहरी चौकीमा आक्रमण गरेर सशस्त्र विद्रोहको औपचारिक सुरुवात गरेको थियो । ५ मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौता सम्पन्न भएको दुई दशक बितिसक्दा पनि सार्वजनिक कार्यक्रममा माओवादी जनयुद्ध, माओवादी सशस्त्र विद्रोह, सशस्त्र द्वन्द्व, सशस्त्र संघर्ष, गृहयुद्ध के भनेर सम्बोधन हुन्छ भन्ने विषयले सो वक्ताको विचार र दृष्टिकोण मापन गर्ने गर्छौं । आफ्नै देशभित्र तीन दशकअगाडिको राजनीतिक घटनाको विषय त यति संवेदनशील हुन्छ भने शक्ति राष्ट्रसँग पौंठेजोरी खेलेर राष्ट्रिय स्वार्थ प्राप्ति गर्नुपर्ने खेलमा भाषाले राख्ने अर्थ निश्चय नै निर्णायक हुन्छ र हामी सबैले ध्यान दिनुपर्छ ।

**विरोधाभासका जरा**

हाम्रा कूटनीतिक संवादहरूमा व्याप्त विरोधाभासहरू प्राकृतिक भने पक्कै छैनन् । यसका कम्तीमा छ प्रमुख कारण प्रस्ट छन् । पहिलो, हाम्रो कूटनीति अध्ययनमा सीमित सिद्धान्तलाई मात्रै उच्च प्राथमिकता दिइन्छ । विश्वव्यापी रूपमा लोकप्रिय रहेका शान्ति र सहकार्यका अधारहरूका बारेमा छलफललाई प्रवर्द्धन गर्ने सिद्धान्तहरूलाई धेरै हदसम्म नजरअन्दाज गर्ने गरिन्छ । विश्व राजनीति भनेको सीमित शक्तिशाली राष्ट्रहरूको प्रतिस्पर्धाको खेल हो, हरेक देशले आफ्नो भौतिक क्षमताभन्दा बाहिर गएर आफ्नो भूमिका प्रस्तुत गर्न असम्भव हुन्छ भन्ने यथार्थतावादी दृष्टिकोण र विश्व व्यवस्थामा अलि सम्पन्न राज्यले कमजोर राज्यको सस्तो श्रम र प्राकृतिक स्रोत निरन्तर दुरुपयोग गर्ने हुँदा देशहरूको अवस्था आफूले जति प्रयत्न गरे पनि परिवर्तन हुन सक्दैन भन्ने आलोचनात्मक दृष्टिकोणको नेपाली प्राज्ञिक जगत्मा आधिपत्य मात्रै छैन, बेजोड गठबन्धन पनि छ । यी दुई दृष्टिकोणभन्दा बाहिर रहेका सिद्धान्तकारहरू नेपालमा अल्पसंख्यक छन् । उनीहरूलाई सार्वजनिक संवादमा धेरै उपेक्षित गरिएको देखिन्छ । खासमा नेपाली कूटनीतिक जगत्मा त्रासादीको भाषाको व्याप्त प्रयोगको प्रमुख कारण नै सो आधिपत्य र बेजोड गठबन्धन हो ।

दोस्रो, जब हामी विश्व व्यवस्था वा कूटनीतिका बारेमा छलफल गर्छौं, नेपालले के चाहन्छ होइन, अरूहरूले के चाहेका छन् भन्नेबाट सुरु गर्छौं । माथि प्रस्तुत पहिलो कारणले नै हाम्रो छलफलको सुरुवाती बिन्दु किन फरक रह्यो भन्ने सवाललाई प्रस्ट पारेको हुनुपर्छ । जब हाम्रो छलफलको प्रमुख सिद्धान्त नै संरचना, अर्थात् विश्व व्यवस्थामा भौतिक शक्तिको वितरणको अवस्था वा उत्पादनमा नियन्त्रणको अवस्थामै केन्द्रित हुन्छ, त्यसमा कसको नियन्त्रण रहेको छ भन्ने विषयले उच्च प्राथमिकता पाउनु अत्यन्तै स्वाभाविक हुन्छ । तर, यस्ता छलफलमा कुन देश एक नम्बरमा छ र उसको अवस्था एवं उसलाई पछ्याइरहेको देशको अवस्थाले उच्च प्राथमिकता पाउँदा, हाम्रो छलफल र बहसहरू कसैको पक्ष-विपक्षमा भएजस्तो र तिक्तताले भरिएको जस्तो देखिन्छन् । खासमा हाम्रा बहस र छलफलमा हामी आफ्नो भाष्य कम र अरू कसैको भाष्य धेरै अपनाउँदै गरेको देखिनुको प्रमुख कारण पनि त्यही हो ।

तसर्थ, हाम्रा प्राज्ञिक छलफलहरूलाई सबै खाले सैद्धान्तिक आधार अटाउने बनाउनुपर्छ र कसैले कुनै निश्चित सैद्धान्तिक दृष्टिकोणलाई आफ्नो छलफलको आधार बनाएकै कारण विभेद वा उपेक्षित हुने अवस्थालाई कुनै पनि हालतमा प्रोत्साहन गर्नु हुँदैन । जब हाम्रा कक्षाकोठादेखि न्युजरुमसम्मका छलफलहरू विविधताले भरिन्छन्, अनि मात्रै राष्ट्रिय स्वार्थ प्राप्त गर्ने विकल्पहरूमाथि छलफल गर्ने आधार सिर्जना हुन्छ । अनि मात्रै हामीले अहिलेका त्रासदीका भाषाबाट हाम्रो बहसलाई उद्धार गर्न सक्छौं ।

तेस्रो, हाम्रो यस्तो वर्तमान अवस्थाका पछाडि नेपाली राजनीतिको एउटा लामो संस्कार पनि प्रमुख कारण

> हामीले गर्ने सार्वजनिक कूटनीतिक बहसले नागरिकमा निराशा र चिन्ता थप्ने, नेपाल र नेपालीलाई सहयोग गर्ने कोही छैन भन्ने विचारलाई जनस्तरमा स्थापित गर्ने, हामीलाई नजिकबाट हेर्ने छिमेकीले पनि क्रमिक रूपमा अविश्वास गर्दै जाने सम्भावनालाई नजरअन्दाज गर्नु हुँदैन ।

रहेको छ । जब-जब सत्ता अप्ठ्यारोमा पर्छ, त्यसको कारण देशबाहिर रहेको खोज्ने, देख्ने, बुझ्ने, व्याख्या गर्ने विचित्रको समस्याले नेपाली राजनीति झन्डै सात दशकदेखि ग्रसित छ । यो लामो अभ्यासले अर्को थप नराम्रो संस्कारलाई मलजल गरेको छ- कुनै एक निश्चित छिमेकीसँग पौंठेजोरी खेलेको अभिनय गरेर राष्ट्रिय रूपमा महत्त्वपूर्ण आर्थिक, सामाजिक एवं राजनीतिक मुद्दालाई ओझेलमा पार्ने । अर्थात्, आन्तरिक राजनीतिमा जब-जब कमजोर भएको महसुस हुन्छ, त्यसको कारण बाहिरतिर देखाएर आफ्नो राजनीतिक वैधतालाई निरन्तरता दिन खोज्ने प्रवृत्ति बीपी-महेन्द्रको युगदेखि निरन्तर प्रयोग हुँदै आएको छ । हो, सोही अभ्यासले कूटनीतिका त्रासदीपूर्ण भाषाहरूलाई ग्रामीणस्तरसम्म विस्तार गर्ने काम गऱ्यो ।

चौथो, हिजो भूराजनीतिमा सीमित यस्ता भाषा र भाष्यको प्रयोग अहिले जलवायु परिवर्तनको मुद्दासम्म विस्तार भएको छ । तारे होटलदेखि पालिकाका प्रांगणसम्म जलवायु परिवर्तनमा कुन देशको कति दोष छ भन्ने निर्धारण गर्ने सभाहरू बस्ने गरेका छन् । कसले अन्य देशका दोषहरूलाई धेरै प्रस्तुत गर्ने भन्ने प्रतिस्पर्धा नै चल्छ । यस्ता संवादले क्रमिक रूपमा हाम्रो देशको भविष्य हाम्रो हातमा छैन भन्ने भाष्यलाई आममानिसका बीचमा थप लोकप्रिय बनाउने काम गरिरहेको छ । साथै, माथिको जस्तै जलवायु परिवर्तनमा हाम्रो आफ्नो कुनै कमजोरी छैन, उनीहरूले सहयोग नगरेसम्म हामीले गर्न सकिने पनि र गर्नुपर्ने पनि खासै छैन भन्ने अर्को भाष्यलाई वैधता दिन पनि यो अस्त्रलाई अक्सर प्रयोग गर्ने गरिएको देखिन्छ ।

पाँचौं, राजनीतिक दलहरूको नीतिगत एकरूपताको अभाव अर्को प्रमुख कारण हो । दलहरूको नीतिमा एकरूपता हुँदा कुन दलले कस्तो कूटनीतिलाई अगाडि सारेर राष्ट्रिय स्वार्थ प्राप्त गर्न खोजेको हो भन्ने प्रस्ट हुन्छ । उसले कुन राष्ट्रसँग अलि नजिकको सम्बन्धबाट त्यस्तो नतिजा हासिल गर्न खोजेको र कोसँग थोरै दूरी राख्न खोजेको पनि प्रस्ट हुन्छ । तर, नीतिमा एकरूपता नहुँदा हरेक समय कूटनीतिक मुद्दामा फरक धारणाहरू सार्वजनिक हुन्छन् । यस्तो अभ्यास लामो समयसम्म रहँदा कालान्तरमा कुनै निश्चित दलले सबै शक्ति राष्ट्रलाई शंका गरेको चित्रित हुने अवस्था सिर्जना हुन्छ, किनकि उसका कुनै न कुनै नीतिमा प्रमुख शक्ति राष्ट्रप्रति ठूला शंकाहरू प्रस्तुत भएका हुन सक्छन् । आफ्ना दलका नीतिलाई आधार मानेर भाषण गर्ने स्थानीय नेता एवं कार्यकर्ताले हरेक समय प्रमुख शक्ति राष्ट्रहरूलाई प्रश्न गरिरहँदा आममानिसमा भने यसले नेपालको सहयोगी कोही पनि रहेनछ भन्ने अवस्थाको सिर्जना गर्छ । हिजो मञ्चबाट यस्तो सन्देश सम्प्रेषण हुन्थ्यो भने अहिले सामाजिक सञ्जालबाट हुने गरेको छ ।

छैटौं, औपचारिक प्रमुख साझेदार राष्ट्र नहुनु पनि हाम्रो मनोविज्ञान र त्रासदीको प्रमुख कारण हो । जस्तै, जापान र कोरिया अमेरिकाको एसियाली गठबन्धनका प्रमुख राष्ट्र मानिन्छन् । कोरियामा राष्ट्रपति र जापानमा प्रधानमन्त्रीले शपथ लिएको केही घण्टादेखि एक-दुई दिनमा अमेरिकी राष्ट्रपतिसँग टेलिफोन संवाद गर्ने गरेको प्रचलन रहेको छ । लगत्तै उनीहरू अमेरिका भ्रमणमा जाने र पहिलो पटक अमेरिका आएका कोरियाली राष्ट्रपति वा जापानी प्रधानमन्त्रीलाई व्यक्तिगत उच्च सम्मानसहित उनको चुनावी एजेन्डालाई सहयोगी हुने आर्थिक सम्झौताहरू पनि हुने गरेका छन् ।

यसरी कुनै देशको प्रमुख साझेदार देश हुँदा मात्र देशको कूटनीतिले लय समात्छ । हो, शक्ति राष्ट्रसँग धेरै नजिक हुँदा अनावश्यक युद्धको झमेलामा फस्ने लगायतका विविध चुनौती हुन्छन् । फेरि पनि, प्रमुख साझेदारले सहयोगमा उत्पादन र उत्पादकत्व वृद्धिदेखि बजारसम्म साथ दिँदा मात्र कुनै देशले आर्थिक फड्को मारेको तथ्यलाई किमार्थ नजरअन्दाज गर्न सकिँदैन । हो, इतिहासका जस्ता अन्तर्राष्ट्रिय गठबन्धन अब सम्भव छैन । त्यस्तो अपेक्षाको अब खासै औचित्य पनि छैन । तर, कुन क्षेत्रमा कुन देशसँग कस्तो साझेदारी गर्ने र त्यस्तो साझेदारीले अर्को प्रमुख राष्ट्रसँगको सम्बन्धमा ठूलो समस्या सिर्जना नगर्ने वातावरण निर्माण गर्नु नै सिंगो परराष्ट्र मामिलाको प्रमुख काम हो ।

अन्त्यमा, जान-अन्जान हामीले यस्तो अभ्यासलाई निरन्तरता दिँदै गर्दा विश्व राजनीतिमा हामीले गुमाउँदै गरेको विश्वास र त्यसले सिर्जना गरेको पहिचानको समस्यामा राष्ट्रिय चिन्तन आवश्यक छ । हामीले गर्ने छताछुल्ल सार्वजनिक कूटनीतिक बहसले नागरिकमा निराशा र चिन्ता थप्ने, नेपाल र नेपालीलाई सहयोग गर्ने कोही छैन भन्ने विचारलाई जनस्तरमा स्थापित गर्ने, हामीलाई नजिकबाट हेर्ने छिमेकीले पनि क्रमिक रूपमा अविश्वास गर्दै जाने सम्भावनालाई नजरअन्दाज गर्नु हुँदैन । नेपालभन्दा धेरै जटिल भूराजनीतिक अवस्थामा रहेका देशहरूले इतिहासमा आफूलाई अधीनमा राखेका देशहरूसँगको सम्बन्धका बारेमा छलफल गर्दा प्रयोग गर्ने संयमताबाट हामीले धेरै पाठ सिक्न सक्छौं ।

कूटनीतिको सामान्यीकरण र विश्वासको कूटनीति अब सरकार मात्रै होइन, कूटनीतिसँग सम्बन्धित हामी सबैको साझा मुद्दा हो र यसमा हामी सबै जिम्मेवार छौं । त्यसको प्रस्थानविन्दु भनेको हामीले आफ्ना शब्द, भाषा, भाष्य र कूटनीतिक व्यवहारमा ल्याउने परिवर्तन नै हो । हामीले के भन्ने मात्रै होइन, हामीले भन्न खोजेको सन्दर्भलाई कुन कूटनीतिक भाषाबाट भन्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

# सोच बदल्दा मात्रै बदलिन्छ समाज



गायत्री लम्साल

(लम्साल निजामती सेवामा आबद्ध छिन्)

विकासको अन्तिम लक्ष्य मानव विकास हो । समग्र राष्ट्रको समृद्धि केवल प्राकृतिक स्रोत, भौतिक पूर्वाधार वा आर्थिक अवस्थाले मात्र निर्धारण गर्दैन । हामी सबै नागरिकको सोच, व्यवहार, नैतिकता र जिम्मेवारीबोधले वास्तविक विकासको ढोका उघार्छ । कमजोर र कामचोर मानसिकताले हामी अघि बढ्न सक्दैनौं । आफू केही नगर्ने अनि देश र अरूलाई दोष दिने प्रवृत्तिले हामीलाई गाँजेको छ । यही नकारात्मक प्रवृत्तिले गर्दा व्यक्तिगत जीवनदेखि राष्ट्रिय विकाससम्ममा असर पुऱ्याइरहेका छौं ।

मानसिकता भनेको मानिसले संसारलाई हेर्ने दृष्टिकोण, निर्णय गर्ने तरिका, उसले गर्ने व्यवहारमा प्रकट हुने सोच हो । समाजलाई उन्नतिको बाटोमा लैजान सबैको सोच सकारात्मक, जिम्मेवार र दूरदर्शी हुन जरुरी छ । यदि सोचमा स्वार्थी, गैरजिम्मेवार, असहिष्णु, परिवर्तनप्रति उदासीन र नकारात्मक टीकाटिप्पणी बढी छ भने यसले विकासलाई रोक्ने काम गर्छ । पछाडि धकेल्ने काम गर्छ । यसो भनिरहँदा समाजमा देखिने कमजोर मानसिकतालाई आलोचना गर्नु यसको समाधान होइन । कारण बुझेर सुधारका उपायहरू अवलम्बन गर्नु सामाजिक र नैतिक जिम्मेवारी हो ।

हाम्रो समाजमा देखिने प्रमुख समस्या भनेको जिम्मेवारीबाट पन्छिने प्रवृत्ति हो । सार्वजनिक सम्पत्तिको माया र संरक्षण गर्दैनौं । सडकमा जथाभावी फोहोर फाल्छौं, पटक-पटक ट्राफिक नियम उल्लंघन गर्छौं । कर छल्दा वा कानुन नमान्दा ठूलो भएको महसुस गर्छौं । वरिपरिका समस्या समाधान गर्न छाडेर अरूलाई दोष दिन थाल्छौं । परिवर्तनको सुरुवात आफूबाटै गर्नुपर्छ भन्ने चेतनाको विकास अब जरुरी छ ।

हामीमा भएको नकारात्मक सोच र निराशावाद समस्याको अर्को रूप हो । धेरै जना 'यो देशमा केही हुँदैन, सबै बिग्रिएको छ, यहाँ बसेर भविष्य छैन' भन्नेजस्ता धारणाले ग्रस्त छौं । आलोचनालाई केही हदसम्म आवश्यक मानिए पनि निरन्तरका यस्ता सोचले सिर्जनशीलता र प्रयासलाई कमजोर बनाउँछ । विश्वका धेरै देश निकै कमजोर र कठिन अवस्थाबाट माथि उठेको देखेका, पढेका छौं । हामीले पनि मानसिकता बलियो बनाउने बेला भएको छ ।

मानसिक रूपमा सबल बनाउने महत्त्वपूर्ण आधार शिक्षा प्रणाली नै हो । शिक्षालाई केवल परीक्षा पास गर्ने माध्यमका रूपमा राखियो भने समाजमा नैतिकता, नागरिक उत्तरदायित्व र सामाजिक चेतनाको विकास हुन सक्दैन । विद्यालय र विश्वविद्यालयहरूले ज्ञानसँगै अनुशासन, सहकार्य, नेतृत्व, इमानदारी, सहिष्णुता र सामाजिक उत्तरदायित्वका मूल्यहरूसमेत सिकाउनुपर्छ । विद्यार्थीलाई व्यावहारिक शिक्षा, अनुसन्धान, स्वयंसेवा र सामुदायिक कार्यमा सहभागी गराउँदा उनीहरू सबै हिसाबले सबल बन्न सक्छन् ।

मानसिकता निर्माणको पहिलो पाठशाला परिवार हो । हरेक बालबालिकाले अभिभावकबाट नै सत्य



तस्बिर : कान्तिपुर

बोल्ने, श्रमको सम्मान गर्ने, अरूको अधिकारको कदर गर्ने र जिम्मेवारी वहन गर्ने संस्कार सिक्छन् । हरेक अभिभावकले आफ्ना सन्तानका लागि राम्रो उदाहरण बनेर प्रस्तुत हुन आवश्यक छ ।

देश बदल्न सरकारभन्दा पहिले नागरिकको सोच बदलिनुपर्छ । सकारात्मक मानसिकता भएको व्यक्ति अवसर खोज्छ, समस्याको समाधान दिन्छ र समाजलाई अघि बढाउँछ । नकारात्मकताले दोष मात्र खोज्छ र परिवर्तनको जिम्मेवारी सधैं अरूमाथि थोपर्छ ।

अरूलाई दोष दिने संस्कार अब हटाउनुपर्छ । विकास नभए सरकारलाई, समाज बिग्रिए युवालाई, युवाले अवसर नपाए पुरानो पुस्तालाई दोष दिने प्रवृत्ति हटाउनुपर्छ । आफूले समाजका लागि के गऱ्यौं भन्ने प्रश्न किन सोध्दैनौं ? राष्ट्र निर्माण सरकारको मात्र जिम्मेवारी होइन । प्रत्येक नागरिक आफ्नो ठाउँबाट जिम्मेवार बने मात्र परिवर्तन सम्भव हुन्छ । एउटा शिक्षकले इमान्दारीपूर्वक पढाउनु, व्यापारीले सही तौल र मूल्य लिनु, कर्मचारीले घूस नलिनु, विद्यार्थीले परिश्रम गरेर ज्ञान हासिल गर्नु र नागरिकले नियम पालना गर्नु- यी सबै राष्ट्र निर्माणका आधार हुन् ।

हामी आलोचना बढी गर्छौं, समाधान कम खोज्छौं । सामाजिक सञ्जालमा सरकार, समाज वा व्यक्तिको आलोचना गर्न सजिलो हुन्छ । सहयोग गर्ने काममा भने पछाडि छौं । परिवर्तनको अपेक्षा गर्ने प्रत्येक नागरिक स्वयं परिवर्तनको उदाहरण बन्नुपर्छ ।

**श्रमप्रतिको दृष्टिकोणमा सुधार आवश्यक**

श्रमप्रतिको हाम्रो दृष्टिकोण पनि सुधार हुन आवश्यक छ । अझै पनि केही मानिस शारीरिक श्रमलाई सानो ठान्छन् । सीप सिकेर उद्यम गर्नुभन्दा सरकारी जागिरलाई सफलता ठान्छन् । विकसित राष्ट्रहरूको अनुभवले के देखाउँछ भने श्रमको सम्मान गर्ने समाज नै समृद्ध हुन्छ । किसान, निर्माणकर्मी, प्राविधिक, चालक, सफाइकर्मी, शिक्षक, चिकित्सक, वैज्ञानिक सबैको योगदान समान रूपमा महत्त्वपूर्ण हुन्छ । श्रमलाई सम्मान गर्ने संस्कारले आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न मद्दत गर्छ ।

युवा परिवर्तनका सबैभन्दा ठूलो शक्ति हुन् । उनीहरूमा नयाँ सोच, ऊर्जा र सिर्जनशीलता हुनुपर्छ । उनीहरूलाई गुणस्तरीय शिक्षा, रोजगारी, सीप विकास, उद्यमशीलता र अनुसन्धानका अवसरहरूको सुनिश्चितता दिनुपर्छ । यसले विदेश जानु मात्र सफलता होइन भन्ने सोचको विकास गर्छ । देशभित्रै अवसर सिर्जना गर्ने, नयाँ उद्योग खोल्ने, कृषि आधुनिकीकरण गर्ने, प्रविधिको प्रयोग बढाउने र समाजसेवामा सक्रिय हुने वातावरण निर्माण गर्छ ।

**महिलाको सम्मान र समान सहभागिता**

महिलाको सम्मान र समान सहभागिता स्वस्थ मानसिकताको आधार हो । महिलालाई निर्णय प्रक्रियामा सहभागी गराउने, समान अवसर, हिंसा र विभेद अन्त्य तथा सम्मानजनक बाँच्न पाउने वातावरण नै वास्तवमा सभ्य समाज हो । पुरुष र महिला प्रतिस्पर्धी होइनन्, राष्ट्र निर्माणका समान साझेदार हुन् । यस्तै, बहुभाषिक, बहुजातीय र बहुधार्मिक अपस्था हाम्रो पहिचान हो । विविधतालाई विभाजनको कारण होइन, राष्ट्रिय शक्तिका रूपमा स्वीकार गर्न सक्ने मानसिकता नै समृद्ध नेपालको आधार हो ।

समग्रमा मानसिकताको विकास कुनै जादुको छडीबाट हुने होइन । यो निरन्तर अभ्यास, आत्मसमीक्षा, शिक्षा, अनुशासन र सामूहिक प्रयासबाट सम्भव हुन्छ । हामीले अरू बदलिने प्रतीक्षा गर्नु हुँदैन । परिवर्तनको सुरुवात आफू, आफ्नै घर, व्यवहार, कार्यस्थल र समुदायबाट गर्नुपर्छ । एउटा नागरिक सुध्रियो भने एउटा परिवार सुध्रिन्छ, एउटा परिवार सुध्रियो भने एउटा समाज सुध्रिन्छ, समाज सुध्रियो भने राष्ट्र स्वतः परिवर्तन हुन्छ ।

महात्मा गान्धीको एउटा भनाइ यहाँ सान्दर्भिक हुन्छ- संसारमा देख्न चाहेको परिवर्तन पहिले तिमी आफैं बन । यो भनाइ हाम्रा लागि पनि उत्तिकै सान्दर्भिक छ । सकारात्मक सोचलाई जीवनको आधार बनायौं भने समृद्ध नेपाल केवल सपना रहने छैन, वास्तविकता बन्नेछ ।

देश बदल्ने शक्ति कुनै एक नेतामा होइन, दुई-चार करोड हातमा पनि होइन, प्रत्येक जिम्मेवार नागरिकको चेतना, चरित्र र कर्ममा लुकेको हुन्छ । त्यसैले आजको सबैभन्दा ठूलो आवश्यकता अरूलाई बदल्ने होइन, आफू बदलिने साहस हो । जब सोच बदलिन्छ, व्यवहार बदलिन्छ, व्यवहार बदलिँदा समाज बदलिन्छ र समाज बदलिँदा राष्ट्रको विकास हुन्छ ।

# स्थानीय सरकारको संख्या बढाऔँ



सोमत घिमिरे

(घिमिरे प्राकृतिक स्रोत व्यवस्थापन तथा संघीय मामिलाविज्ञ हुन्)

अहिले संविधान संशोधनबारे एक ढंगको बहस चलिरहेको छ। तर संविधान संशोधन केका लागि ? अहिले नै संविधान संशोधन किन आवश्यक पर्‍यो ? यसबारे राजनैतिक पक्ष जति खुल्नुपर्ने हो त्यति खुलेको छैन। संविधान संशोधन दलहरूको जितको खुसीमा र हारको शोकमा गरिने विषय होइन। यो बृहत्तर राजनैतिक र सामाजिक विषय हो। यो दलीय विषय मात्रै पनि होइन। यद्यपि, दल यसका प्रमुख कलाकार हुन्। नेपाल जस्तो सांस्कृतिक विविधता भएको देशमा संविधानको सामाजिक स्वीकार्यता बढाउन धेरै ठूलो मिहिनेत, अभ्यास र सैद्धान्तिक अवधारणा चाहिन्छ। संघीयताको सन्दर्भमा स्थानीय सरकारको ठूलो महत्त्व छ। तर विगतमा स्थानीय सरकारको निर्माण स्पष्ट सैद्धान्तिक धरातलमा भन्दा राजनैतिक सहमतिका आधारमा भयो। अबको संविधान संशोधनले स्थानीय सरकारले पहिचान, सेवा प्रवाह, स्वशासन, सामर्थ्यको मामलालाई केन्द्रमा राख्नुपर्छ।

**नगरपालिका घटाऔं, गाउँपालिकाको संख्या बढाऔं**

नेपालमा नगरपालिकाबारे अनावश्यक मोह छ। नगरपालिका भएपछि ठूलै काम सम्पन्न भएजस्तो नगरवासीलाई गौरव लाग्ने परिपाटी छ। अर्कोतर्फ नगरपालिका भएपछि संघीय स्रोतसाधन बढी पाइन्छ भन्ने दृष्टिकोण उनीहरूमा छ। नगरपालिकाको जनसंख्या पुर्‍याउन ग्रामीण बस्तीका विकट ठाउँहरूलाई पनि नगरपालिकाभित्र राखिएको छ। खासगरी पहाडी र हिमाली नगरपालिकाका नागरिकलाई यसले अप्ठयारो सिर्जना गरेको छ। यद्यपि, अप्ठयारो महानगरमा पनि छ। शिक्षा, स्वास्थ्यको पहुँच, भौतिक पूर्वाधारको सुविधा केही पनि छैन। तर नगरपालिका बनाउनुपर्दा विकट बस्तीहरू नगरपालिकामा गइदिनुपरेको छ। स्वास्थ्य चौकी पुग्न ३ घण्टा लाग्छ तर बस्ती नगरपालिकाभित्र छ। यो स्थिति लमजुङ, गोरखा, नुवाकोट, सिन्धुपाल्चोक जस्ता धेरै जिल्लामा छ। जसले स्थानीय सरकारले उपलब्ध गराउने सेवामा स्थानीय पहुँच टाढा पुगेको छ। कसैलाई नगरवासी हुने गौरव प्रदान गर्न विकट बस्तीका समुदाय पीडित हुनुपरेको छ। एउटा वस्तुगत अध्ययन गरी नगरपालिकाको संख्या घटाई गाउँपालिकाको संख्या बढाउनुपर्छ। बरु हामीले अभ्यासमा कमजोर गाउँपालिकाहरूलाई सामाजिक न्यायको अवधारणाअनुसार बढी स्रोतको व्यवस्थापन गर्ने बाटो लिन सक्छौं। १० वा १५ वर्ष हेरेर परिस्थितिमा आएको फेरबदललाई पुनर्सीमांकन गर्न सक्छौं। संविधान, ऐन, कानुन सबै जीवन्त दस्तावेज हुन्। समाजको लयसँग संविधान ऐन कानुनको लय मिलाउन जरुरी हुन्छ।

**पुनर्सीमांकन : पहिचान र अल्पसंख्यकको सन्दर्भमा**

हामीले गाउँपालिका वा नगरपालिका बनाउँदा धेरै केही गरेनौं। गाविसहरूलाई एकै ठाउँमा गाभ्यौं मात्रै। संघीयताको एउटा मूल मर्म पहिचानको व्यवस्थापन हो। पहिचानलाई भुइँ तहदेखि अर्थात् स्थानीय सरकारदेखि नै व्यवस्थित बनाउनुपर्छ। आदिवासी जनजाति समुदायको थातथलोलाई केन्द्र मानेर सकेसम्म अल्पसंख्यक आदिवासी जनजाति समुदायलाई एउटै वडामा, एउटै पालिकाभित्र व्यवस्थापन गर्नुपर्छ। जसले उनीहरू तितरबितर हुन नपरोस्। पञ्चायतकालको सीमांकनको एउटा अघोषित मान्यता जनजातिहरूलाई विभिन्न पञ्चायतमा पार्नु। सकेसम्म जिल्ला फरक फरकमा पारिदिनु थियो। नवलपरासी, पाल्पा र तनहुँको माथिल्लो भू-भागमा मगरहरूको बस्ती छ। माथिल्लो बस्तीलाई सीमांकन गर्ने हो भने एउटा जिल्ला हुन सक्थ्यो। एउटै भूगोल, संस्कृति, अर्थतन्त्र भएको ठाउँलाई तीन जिल्लामा पारेर तितरबितर पारियो। त्यही मान्यताले संघीयतामा पनि निरन्तरता पायो। 'फुटाउ र शासन गर' मान्यतालाई स्थापित गरियो। नेतृत्व विकास गर्ने अवसरबाट वञ्चित गरियो। जसले गर्दा आफ्नै पालिकामा आदिवासी जनजाति समुदायहरू कमजोर बने। पहिचान र सांस्कृतिक अधिकारका हिसाबले ठूलो अन्याय भयो। अबको पुर्नसीमांकनमा सकेसम्म आदिवासी जनजाति समुदायलाई एकै पालिकामा पार्ने मान्यता अघि सार्नुपर्छ। पहिचानको व्यवस्थापन गर्दा केही पालिकाको संख्या बढ्न सक्छ। पहिचान नपाएका कारणले सिर्जना गरेको हीनताबोधको सम्बोधन हुन्छ भने पालिका थप्नु नै जायज हुन्छ। बरु खर्च कसरी घटाउने भन्ने सोचौंला।

**पुनःसंरचना : सेवा सुविधाको पहुँच र भौगोलिक स्थिति**

स्थानीय सरकारलाई नागरिकको दैलोको सरकार भनिन्छ। पूर्वी रुकुमको पुथाउत्तरगंगा गाउँपालिकाको एउटा उदाहरण हेरौं। वडा नम्बर २ को रल, तिज्याङ, हार्दिवाङ र जुस्मर गाउँबाट वडा कार्यालय पेल्मा पुग्न दुई दिन लाग्छ। संघीयताको सन्दर्भमा यो विचित्र होइन ? यस्तो किन भएको ? हामीले पालिकाहरू निर्माण गर्दा वडालाई नटुक्र्याउने नीति लियौं। जसले गर्दा ती चार गाउँको केन्द्र पेल्मामा पर्‍यो। जबकि वडा नम्बर १ मैकोट आउन ती चार गाउँलाई २ देखि ३ घण्टा लाग्छ। यस्तो अप्ठ्यारो कति ठाउँमा होला। यो आठ वर्षमा कुनै अध्ययन अनुसन्धान भएन। यसकारण पालिका/वडाको जनसंख्यालाई मात्र आधार मानेर वडा र पालिकाको सीमांकन गरिनु हुँदैन। यसका लागि नेपाल जस्तो भौगोलिक विशिष्टता भएको देशमा भूगोल पनि एउटा आधार हो। जनसंख्यामा मात्रै पनि अड्किनु हुँदैन। यसो गर्दा वडाको संख्या पनि बढ्न सक्छ। नागरिकको पहुँच र सहजतालाई प्रमुख आधार मानेर वडा र पालिकाको सीमांकन गरिनुपर्छ। यो कुनै न कुनै रूपमा सबै ठाउँमा छ। मैले विभिन्न अध्ययनका क्रममा करिब ४० गाउँपालिकाका प्रतिनिधिलाई सोधें होला। कुनै प्रतिनिधिले पनि मिलेको जवाफ दिएका छैनन्। तसर्थ, संख्या थोरै बनाउने नाममा नागरिकको पहुँचलाई कुण्ठित नगरौं। सेवा, सुविधा र नागरिकको पहुँच मध्यनजर गर्दै काम गर्नुपर्छ। किनभने स्थानीय सरकार नै राज्य र जनताको सम्बन्धलाई परिभाषित गर्ने सरकार हो। स्थानीय सरकारसँग नै नागरिकको सम्बन्ध सहज हुन सकेन भने राज्यसँगको सम्बन्ध कहिल्यै सहज हुँदैन। हिजो केन्द्रीयताले राज्य र नागरिकको सम्बन्धलाई धुमिल बनाएको छ, नकारात्मक बनाएको छ। यस अर्थमा संघीयताले यस्तो नकारात्मक सम्बन्धलाई सकारात्मक रूपमा परिवर्तन गर्नुपर्नेछ।

**विकासको सामुदायिकीकरण र स्थानीयकरण**

पालिकाहरूको एउटा मुख्य काम विकासलाई स्थानीय सन्दर्भमा स्थानीय प्राकृतिक स्रोतको उपलब्धता र संस्कृतिका आधारमा विकासको बाटो आफैं पहिल्याउने भन्ने हो। तर अहिले विकास थोपरिएको जस्तो छ। थोपरिएको विकासलाई बहिष्करण गरी पालिकाको ज्ञान, सीप प्रविधिलाई चिन्तन मनन गरी पहिचान गर्नु हो। अहिले पालिकाहरू ठूला भएका कारणले समुदायले विकास प्रक्रियामा भाग लिन सकेका छैनन्। समुदाय विकास थापेर बसेका छन्।

अब पालिकाको नीतिगत व्यवस्थापन परिवर्तन गर्न जरुरी छ। पालिकाले अहिले गरिरहेको सेवा प्रवाह र विकासका योजना वडा कार्यालयमार्फत गरिनुपर्छ। सकेसम्म स्थानीय समुदायले कुनै सेवा लिंदा गाउँपालिका कार्यालय आउनै नपरोस्। वडा कार्यालयले नै सबै सेवा प्रवाह गरोस्। स्थानीय उत्पादन, कृषि, शिक्षा, वन व्यवस्थापन, पानी व्यवस्थापनका योजनाहरू वडामै बनुन्। गाउँपालिकाले स्वीकृत मात्र गरोस्। गाउँपालिकाको मुख्य भूमिका नीतिगत व्यवस्थापन, योजनाहरूको मूल्यांकन तथा अनुगमन र वडा कार्यालयको क्षमता अभिवृद्धिमा केन्द्रित गर्नुपर्छ। यदि यसो गरियो भने वडा कार्यालय आफैंमा एउटा शक्तिको केन्द्र बन्छ र जुन समुदायको नजिक हुन्छ।

**पालिकामा कर्मचारी व्यवस्थापन**

यस्तो व्यवस्थापनमा कर्मचारीको व्यवस्थापन पनि फरक किसिमले गर्नुपर्छ। सबैभन्दा पहिलो संघ सरकारले पालिकामा कर्मचारी पठाउने होइन। जुन कर्मचारीको पालिकाप्रति कुनै जवाफदेहिता र उत्तरदायित्व हुँदैन। ती कर्मचारीहरू समुदायप्रति उत्तरदायी हुने कुनै चान्स हुँदैन। तसर्थ, संघले एउटा सूचक र मान्यता बनाउन सक्छ। कति जनसंख्या भएको, कति ठूलो भौगोलिक अवस्था भएको, कति कृषियोग्य जमिन भएको, कति वन भएको यस्ता विभिन्न सूचकहरू बनाएर कुन पालिकामा कतिभन्दा बढी कर्मचारी राख्न पाइँदैन भन्ने मापदण्ड बनाउन सक्छ। यस्तो मापदण्डका आधारमा स्थानीय सरकारले नै करारमा कर्मचारीहरू नियुक्ति गर्न सक्छ। दक्षता र क्षमताका आधारमा करार थपिने र नथपिने निश्चित हुन सक्छ। अहिले स्थानीय सरकारले काम गर्न नसक्नुका पछाडि कर्मचारी संयन्त्र पनि प्रमुख जिम्मेवार छ। म आफैंले स्थानीय सरकारसँग मिलेर गरेका अनुसन्धानमा एउटा विषय प्रस्ट भन्न सकिन्छ, यो कर्मचारीको संरचनात्मक व्यवस्थापन रहुन्जेल स्थानीय सरकारले सोचेजस्तो नतिजा हासिल गर्न सक्दैन। काम गर्न नखोज्ने स्थानीय सरकारका प्रमुख र उपप्रमुखलाई त झन् कर्मचारीले काम गर्न दिँदैनन् भन्ने बहाना छ। तर पालिकाले नीतिगत काम गर्ने मान्यतामा पालिकामा पनि धेरै कर्मचारी चाहिँदैनन्।

कर्मचारीहरूलाई वडामा व्यवस्थापन गर्नुपर्छ। पालिकामा विषयगत प्रमुखहरू भए हुन्छ। जसले नीति निर्माणमा सहयोग गर्छन्। मूल्यांकन तथा अनुगमनमा सहयोग गर्छन्। धेरै काम वडामा हुने भएपछि कर्मचारी वडामा नै चाहियो। यो परिस्थितिले मात्रै स्थानीय सरकार नागरिकको घर-आँगनको सरकार बन्न सक्छ।

**संघीयतामा स्वशासन र सामुदायिकीकरण**

हामी अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थामा छौं। लोकतन्त्रभित्र सामाजिक न्याय भएन भने औपचारिक लोकतन्त्र हुन्छ। औपचारिक लोकतन्त्रले स्वशासनको प्रत्याभूत गर्दैन। संघीयताको एउटा मूल मर्म स्वशासन हो। स्वशासनमा जान ठूलो संरचना बाधक हुन्छ। ठूला घर, धेरै कर्मचारी, टाढाको संरचना, निर्णयहरू धेरै टाढाबाट हुने प्रक्रिया स्वशासनको मर्मलाई नपक्रने प्रक्रिया हो। प्रक्रियागत झन्झट सिर्जना गर्नु जनतालाई छेक्ने विधि हो। लोकतन्त्रमा जनतालाई छेकेपछि कि त त्यो नोकरशाही कर्मचारीतन्त्रमा परिणत हुन्छ कि त जननिर्वाचित तानाशाहीमा परिणत हुन्छ। यी दुवै लोकतन्त्रका लागि ठूला चुनौती हुन्। तसर्थ, साना इकाईहरू जो समुदायका नजिक हुन् र समुदायलाई निर्णय प्रक्रियामा भाग लिन सजिलो होस्। त्यस्ता इकाईहरूले के गतिलो गरेका छन् र के अगतिलो गरेका छन् समुदायले देखोस् र अनुभव गरोस्। यसका लागि साना इकाईहरू नै चाहिन्छ। जसले संघीय लोकतन्त्रको स्वशासनको जग खडा गरोस् र लोकतन्त्रलाई सामुदायिकीकरण गरेर सामाजिक न्याय स्थापना गरोस्। औपचारिक संघीयता र लोकतन्त्रलाई साँचो अर्थमा संघीय लोकतन्त्र बनाओस् हाम्रो दिशा यो हुनुपर्छ। संघीयतामा तीनै तहका सरकारलाई एकल अधिकार र साझा अधिकारको सूची प्रबन्ध गरेका छौं। एकल अधिकारको प्रबन्धले स्वशासन उन्मुख गर्छ। साझा अधिकारको सूचीले सहकारिताको व्याख्या गर्छ। यस अर्थमा हाम्रो संघीयता स्वशासनको जगमा उभिएको अरू सरकारहरूसँग सहकारितामा विश्वास गरिएको संघीयता हो। अब हामीले त्यो दिशा सोझ्याउन जरुरी छ।

अर्को पक्ष नेपालको विशेषता सामुदायिकता हो। औपचारिक जननिर्वाचितभन्दा बाहिर थुप्रै सामुदायिक समूह क्रियाशील छन्। कहीं गुठी छन्, कहीं सामुदायिक समूहहरू छन् सांस्कृतिक समूहभित्र सामुदायिक समूहहरू छन्। वन समूह, पानी समूह, सिँचाइ समूह धेरै किसिमका छन्। यी जनताबाट प्रत्यक्ष निर्वाचित हुन्। निर्वाचनको तौरतरिका भने संस्कृतिमा आधारित छ। यस्ता समूहहरूलाई मान्यता दिएर प्रत्यक्ष लोकतन्त्रलाई बढवा दिनुपर्छ। राज्यले गराएको औपचारिक निर्वाचन प्रणालीलाई मात्र मान्यता दिँदा यस्ता समूहहरू मर्छन्। यस्ता समूहहरू मर्नु भनेको संस्कृति मर्नु हो। प्रत्यक्ष लोकतन्त्र मर्नु हो। संघीयतालाई सामुदायिकीकरण गर्न यस्ता समूहहरूलाई मान्यता दिएर जानुपर्छ। जसले लोकतन्त्रको जरालाई समुदायमा फैलावट गर्छन्। विकाससँग यस्ता समूहहरूको साझेदारिता बढाउनुपर्छ। पालिकाका नीति नियमहरूमा यस सन्दर्भमा ख्याल गरिनुपर्छ।

**वित्त व्यवस्थापन**

स्वशासन र साना इकाईको कुरा गर्नेबित्तिकै हाम्रा एकथरी अर्थशास्त्रीहरू खर्च बढ्ने भयो भनेर कराउन थाल्छन्। यसका लागि हामीले स्थानीय सरकारलाई स्वयंसेवी हिसाबले अगाडि बढाउनुपर्छ। राजनीतिक दलहरूले स्वयंसेवी भाव बोकेका मानिसलाई प्रोत्साहन गर्नुपर्छ। विदेशको उदाहरण हेर्ने हो भने स्थानीय सरकार स्वयंसेवी रूपमा क्रियाशील छन्। हामीले अर्धस्वयंसेवीको दिशाबाट सुरु गर्न सक्छौं। किनभने स्थानीय सरकारको काम मुख्यतयाः नीति निर्माणमा भएपछि उसको दैनिक काम हुँदैन। उसैले राखेका कर्मचारीहरूले परियोजना सञ्चालन गर्छन्। सेवा प्रवाह गर्छन्। कर्मचारीको काम चित्त नबुझे फेरबदल गर्छन्। राज्यले खर्च घटाउने बाटो सोच्नुपर्छ। तर यो पनि सोच्नुपर्छ कि खर्च घटाउने नाममा नागरिकको अधिकारलाई कटौती गर्न हुँदैन। हामीले जननिर्वाचित प्रतिनिधिलाई स्वयंसेवीको दिशामा लैजान सक्यौं भने खर्च आफैं घट्न सक्छ। वित्त व्यवस्थापनको हकमा हामीले खारेज गर्नुपर्ने संरचनाको पनि छलफल गर्नुपर्छ। जिल्ला समन्वय समिति न संविधानले चिनेको छ न जनताको सरोकारको विषय हो। यो एक किसिमले असंवैधानिक मात्रै होइन, अराजनीतिक संरचना हो। संघीयताको सामुदायिकीकरण अर्गेलो छ। यसलाई खारेज गर्नुपर्छ।

प्रमुख जिल्ला अधिकारीको कुनै अर्थ छैन। हिजो पञ्चायतको पालामा अञ्चलाधीशलाई रिपोर्ट गर्न र समुदायलाई पञ्चायतीकरण गर्न बनाइएको संस्था हो। अहिलेसम्म त्यस्तो संरचना खारेज नहुनु आफैंमा अनौठो छ। यस्ता संरचनाहरू कुन कुन मन्त्रालय मातहत छन्, विस्तृत अध्ययन गरी खारेज गर्नुपर्छ। जसले राज्यको फजुल खर्च रोकोस्।



अछामको तुर्माखाँद गाउँपालिका–१ का रहफ र भुलु गाउँ। यी गाउँबाट पालिका केन्द्र तुर्माखाँद पुग्न दैलेख भएर दिनभर हिंड्नुपर्ने बाध्यता छ। तस्बिर : मेनुका ढुंगाना/कान्तिपुर

> स्थानीय सरकार नै राज्य र जनताको सम्बन्धलाई परिभाषित गर्ने सरकार हो। स्थानीय सरकारसँग नै नागरिकको सम्बन्ध सहज हुन सकेन भने राज्यसँगको सम्बन्ध कहिल्यै सहज हुँदैन।

# सत्ता बदलियो, अब नतिजाको पर्खाइ



पुकार मल्ल

(मल्ल नेपाल सरकार, राष्ट्रिय योजना आयोगका सदस्य हुन्)

नेपालका युवालाई एउटा व्यावहारिक प्रश्नको जवाफ चाहिएको छ- युवाले देशको राजनीतिलाई बदलिसकेपछि, हामी त्यसलाई फराकिलो आर्थिक अवसरमा बदल्न सक्छौं ? परिवर्तित सत्तालाई नतिजा दिन सक्ने बनाउन सक्छौं ?

भदौ २०८२ मा युवाको नेतृत्वमा भएको आन्दोलनले जवाफदेही र संवेदनशील सरकार मागेको थियो। २१ फागुनमा भएको निर्वाचनले त्यही मागलाई शासकीय जनादेशमा बदलिदियो। यस्तो जनादेशले ठूलो राजनीतिक अर्थ राख्छ। तर सत्तामा को बस्छ भन्ने विषय त सुरुवात मात्रै हो। वास्तविक काम त सत्ताले दैनिक जीवनमा दिने उपलब्धिलाई सुधार्नु हो।

गत १२ अगस्टमा मनाइएको अन्तर्राष्ट्रिय युवा दिवसको नारा 'फरक सन्दर्भ, साझा आकांक्षा' नेपालका लागि उत्तिकै सान्दर्भिक छ। युवाले समग्रमा गुणस्तरीय शिक्षा, राम्रो स्वास्थ्य, सम्मानजनक जीविका, न्यायपूर्ण व्यवहार र आफ्नो भविष्यमा अर्थपूर्ण आवाज खोज्छन्। तर लिंग, जात, अपांगता, भूगोल, आम्दानी र स्याहारको जिम्मेवारीले सीप, पुँजी, सञ्जाल र आवाजमा पहुँच फरक-फरक बनाइदिन्छ।

२०७८ को जनगणनामा नेपालमा १५ देखि २४ वर्ष उमेर समूहका ५७ लाख ५० हजार युवा रहेको देखियो, जुन कुल जनसंख्याको झन्डै २० प्रतिशत हो। यीमध्ये २४.६ प्रतिशत न त रोजगारीमा थिए, न शिक्षामा, न तालिममा। यो अनुपात मधेशमा ३६.७ प्रतिशतसम्म पुग्छ भने बागमतीमा १७.५ प्रतिशतमा सीमित छ। काल्पनिक 'औसत' युवालाई लक्षित गरेर बनाइएको नीतिबाट यी दुवै पक्ष छुट्न सक्छन्। समावेशी नतिजाका लागि साझा बाटो, अवरोध अनुसारको सहयोग र को अगाडि बढ्यो र को छुट्यो भन्ने देखाउने प्रमाण चाहिन्छ।

**शक्तिसँगै जिम्मेवारी**

नेपाली युवाले लामो समयदेखि प्रजातान्त्रिक आन्दोलन, सामुदायिक काम, उद्यमशीलता र नागरिक नवप्रवर्तनमा योगदान दिँदै आएका छन्, साथसाथै महत्त्वपूर्ण निर्णय प्रक्रियामा आफ्नो आवाजलाई बलियो बनाउन खोजिरहेका छन्। अब परिवर्तनलाई साँचो सहभागिता, जवाफदेही निर्णय र नतिजामुखी सार्वजनिक कामको माध्यमबाट राम्रो शासनमा बदल्ने अवसर आएको छ।

औपचारिक अधिकार पदसँगै आउँछ। नेतृत्व भने कामबाट देखिन्छ। यो काम विरोध र निर्वाचनभन्दा पर नीति निर्माण, कार्यान्वयन, उद्यमशीलता र संस्था निर्माणसम्म फैलिनुपर्छ। यो युवा कि अनुभव भनेर छनोट गर्ने विषय होइन, नेपाललाई दुवै सँगै चाहिन्छ।

शक्तिसँगै जिम्मेवारी आउँछ, तर यो भार युवाले मात्र थेग्न सक्दैन। अधिकार वा विज्ञता भएका मानिसलाई हामीले सुन्नुपर्छ, निर्णय प्रक्रियामा ठाउँ दिनुपर्छ र संस्थाले आकांक्षालाई अवसरमा बदल्न सक्यो कि सकेन भन्ने जवाफ दिनुपर्छ। युवाले राजनीति बदलिसके। अब त्यही बदलिएको राजनीतिले के दिन्छ भनेर अर्को परीक्षा हुनेछ।

**आर्थिक अवसर नै परीक्षा हो**

राजनीतिक नवीकरण कति टिकाउ हुन्छ भन्ने विषय दैनिक आर्थिक जीवनमै तय हुनेछ। के शिक्षाले रोजगारीको बाटो देखाउला ? के कुनै विचार उद्यम बन्न सक्ला ? के क्षमतावान् युवाले आफ्नै देशमा सम्मान र प्रगतिको भरपर्दो बाटो देख्न सक्ला ?

वैदेशिक रोजगार विभागले आर्थिक वर्ष २०८२/८३ मा नयाँ र नवीकरण गरी ७ लाख ९२ हजार १ सय ८७ लाई श्रम स्वीकृति दियो। बसाइँसराइले आम्दानी बढाएको छ, शिक्षामा लगानी भएको छ र नेपाललाई विश्वसँग जोडेको छ। यसर्थ, यो सोझै असफलता होइन तर छनोट भने महत्त्वपूर्ण हुन्छ। मान्छे रोजेरै विदेश जान सक्नुपर्छ, स्वदेशमा मिहिनेत र अवसरको मेल नखाँदा मात्रै होइन।

विश्व बैंकको आकलन अनुसार नेपाललाई आगामी तीन दशकमा करिब ६५ लाख रोजगारी चाहिन्छ। यति ठूलो आवश्यकता कुनै एउटा तालिम, ऋण वा स्टार्टअप कार्यक्रमले मात्र पूरा गर्न सक्दैन। नेपाललाई शिक्षालाई कामको अनुभवसम्म, सीपलाई रोजगारदातासम्म, उद्यमलाई क्षमता, पुँजी तथा बजारसम्म र स्थानीय सम्भावनालाई फराकिलो अवसरसम्म जोड्ने फराकिलो बाटो चाहिन्छ।

नीतिगत दिशा भने स्पष्ट हुँदै गएको छ। राष्ट्रिय योजना आयोगले तयार पारेको सोह्रौं योजनाले उत्पादनशील रोजगारी, उद्यमशीलता र स्वदेशी अवसरलाई संरचनागत रूपान्तरणको केन्द्रमा राखेको छ। सरकारको राष्ट्रिय प्रतिबद्धताले निजी क्षेत्रलाई रोजगारी सिर्जनाको प्रमुख संवाहकको रूपमा स्वीकार गर्छ, जसमा सरकारको भूमिका लगानी र आर्थिक वृद्धिका लागि अनुकूल वातावरण बनाउनु हो।

काम सुरु भइसकेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले 'स्टार्टअप फास्ट ट्र्याक' कार्ययोजना ल्याएको छ भने युवा, श्रम तथा रोजगार मन्त्रालयले एकीकृत रोजगार, सीप तथा उद्यमशीलता केन्द्रहरू स्वीकृत गरेको छ। बजेटले तालिम र निजी क्षेत्रको जागिरसँग युवालाई जोड्ने राष्ट्रिय प्रशिक्षार्थी कार्यक्रम पनि थपेको छ। अबको काम अनुशासित कार्यान्वयन र नाप्न सकिने नतिजा नै हो।

उद्योग मन्त्रालयको नेतृत्व र राष्ट्रिय योजना आयोगको सहयोगमा प्रस्तावित 'नेसनल इन्टरप्राइज फ्यासिलिटी (एनईएफ) ले पनि यही उत्प्रेरक तर्क पछ्याउँछ। यसले स्टार्टअपको आवाज सुनेर, विशेषतः पुँजी र बजार विस्तारसँग जोडिएका नीतिगत प्रतिबद्धतामा सरकार क्रियाशील भएको देखाउँछ। सार्वजनिक स्रोत र अधिकार प्रयोग गरी क्षमता, पुँजी र बजार पहुँच बढाउने साझेदारी र अनुकूल वातावरण खडा गर्दै, एनईएफले 'मल्टिप्लायर नेसन' लाई चरितार्थ गर्छ, जसको निजी लगानी, विज्ञता, डायस्पोरा ज्ञान र स्थानीय सक्रियतालाई आकर्षित गर्छ।

लगानी र काम दुवै महत्त्वपूर्ण छन्। तालिम, पुँजी, केन्द्र र प्लाटफर्म चलायमान बन्नैपर्छ। तर यी लक्ष्य होइनन्, बाटोका खुड्किला मात्र हुन्। हामीले नतिजा पनि नाप्नुपर्छ- कतिले सिकाइबाट कमाइसम्म पुगे, कति व्यावहारिक उद्यमले पुँजी र बजार पाए र नेपालभर अवसरमा पहुँच साँच्चै सजिलो हुँदै गयो कि गएन ?

**अनिश्चितताबीच नेतृत्व**

अनिश्चितता हरेक तहमा देखिन्छ। स्थानीय तहमा जलवायु संकट, बसाइँसराइ र बदलिँदो जीविकाले समुदाय नै बदलिरहेको छ। राष्ट्रिय तहमा जनसांख्यिक परिवर्तन, वित्तीय दबाब र विकसित हुँदै गरेको संघीय संरचनाले विकासका छनोट बदलिरहेका छन्। विश्वव्यापी रूपमा 'एआई' ले काम गर्ने तरिका बदलिरहेको छ, द्वन्द्वले ऊर्जा र व्यापार अस्तव्यस्त बनाइरहेको छ र महामारीले श्रम र 'केयर सिस्टम' को कमजोरी उजागर गरिसकेको छ। नेपाल अति कम विकसित मुलुकको सूचीबाट स्तरोन्नति हुँदै गर्दा सहयोग र व्यापारका ढाँचा पनि बदलिँदै छन्।

नागरिकले खोजेको नतिजा सोझो छ, तर त्यसलाई प्राप्त गर्ने बाटो सोझो छैन। सार्वजनिक चुनौतीमा प्रायः विपरीत स्वार्थ, व्यवहार परिवर्तन र संस्थाहरूबीचको सामञ्जस्य जोडिएको हुन्छ। कुनै पनि विज्ञसँग सुरुमै पूर्ण जवाफ हुँदैन। नेतृत्वका लागि दिशा तय गर्ने आँट र कार्यान्वयनका क्रममा सिक्ने विनम्रता दुवै चाहिन्छ।

हामीले युवालाई आजका जागिरका लागि मात्र होइन, 'म्यानुअल' नभएका समस्याका लागि पनि तयार पार्नुपर्छ। प्राविधिक, डिजिटल र उद्यमशील सीप अनिवार्य छन्। त्यत्तिकै आवश्यक छ- उद्देश्यमूलक काम गर्ने, फरक-फरक जीवन बुझ्ने, लक्षणभन्दा प्रणाली देख्ने र विविधताबीच सहकार्य गर्ने क्षमता।

यिनै क्षमताले प्रविधिको प्रयोगलाई दिशा दिन्छन्। 'एआई' ले ज्ञान, गति र पहुँच बढाउन सक्छ, तर कुन सार्वजनिक समस्या महत्त्वपूर्ण हो भनेर छनोट गर्न सक्दैन, मूल्यहरूबीच सामञ्जस्य ल्याउन सक्दैन, सामूहिक भरोसा आर्जन गर्न सक्दैन। प्रविधि साधन नै रहनुपर्छ, मानवीय प्रगति नै उद्देश्य रहनुपर्छ।

**राज्यले 'डेलिभर' गर्न सक्ने क्षमता निर्माण**

सिक्न नचाहने वा असाधारण व्यक्तित्वमै भर पर्ने संस्थाभित्र क्षमतावान् व्यक्तिले मात्र रूपान्तरण धान्न सक्दैनन्। व्यक्तिगत प्रतिभा विकासको रणनीति होइन।

सन् १९७२ मा एरन विडडाभ्स्कीले 'ह्वाई प्लानिङ फेल्स इन नेपाल' शीर्षकको कृति प्रकाशित गरे। उनको दीर्घकालीन अन्तर्दृष्टि सोझो थियो- योजनाले मात्र आफ्नो सफलताका लागि चाहिने अवस्था सिर्जना गर्न सक्दैन। आजको सिकाइ यही हो कि राम्रो नीतिसँगै सिक्न, अनुकूलन गर्न र नतिजा दिन सक्ने संस्था पनि चाहिन्छ।

यससँगै जोडिएको जोखिम हो- 'क्यापाबिलिटी ट्र्याप'। अर्थात्-संस्थाले के गर्न सक्छ भन्ने क्षमता सुधार नगरी त्यसको बाहिरी स्वरूप मात्रै परिवर्तन गर्नु। यसबाट जोगिन वास्तविक सार्वजनिक समस्याबाट सुरु गर्नुपर्छ, कार्यान्वयनकै क्रममा सिक्नुपर्छ र सुधारलाई प्रक्रिया पूरा भयो कि भएनभन्दा पनि परिणाम राम्रो भयो कि भएन भनेर जाँच्नुपर्छ।

यसका लागि अनुशासित प्रयोग, समस्या समयमै रिपोर्ट गर्ने बानी र भर्ना, बजेट, खरिद, तथ्यांक र कार्यसम्पादनसम्मै फैलिएको सक्षम सञ्चालन प्रणाली चाहिन्छ। हरेक सुधारले बलियो मानिस, प्रक्रिया र सम्बन्ध छोड्नुपर्छ।

सरकारले नतिजामुखी शासनप्रति देखाएको प्रतिबद्धताले यो परिवर्तनका लागि ठाउँ खोलेको छ। नीति र बजेट कार्यान्वयनबाट सिकेका पाठ अनुसार बन्नुपर्छ, कार्यसम्पादन प्रणालीले नागरिकले साँच्चै राम्रो नतिजा देखे कि देखेनन् भनेर नाप्नुपर्छ र सफल अभ्यास विस्तार हुनुपर्छ। राष्ट्रिय दिशा स्पष्ट रहनुपर्छ, कार्यान्वयन भने प्रमाणका आधारमा सुध्रँदै जानुपर्छ।

नेपाली युवाले राजनीतिक परिवर्तनको प्रक्रियालाई अगाडि बढाइसकेका छन्। अब हाम्रो काम आर्थिक अवसर बढाउने, अनिश्चिततामा नेतृत्व गर्न सक्ने पुस्ता तयार पार्ने र प्रगतिलाई दिगो बनाउने संस्था निर्माण गर्ने हो।

राजनीतिक शक्तिले नयाँ अध्याय खोल्न सक्छ। यो अध्याय कति टिक्छ भन्ने विषय आर्थिक अवसरले तय गर्नेछ र अनुकूलनशील नेतृत्व र सक्षम संस्थाले प्रगति निरन्तर वृद्धि हुँदै जान्छ कि जाँदैन भनेर निर्धारण गर्नेछ। अबको अधुरो काम सत्ता लिनु मात्र होइन, सत्तालाई नतिजामा बदल्नु र आउँदो पुस्तालाई सेवा गर्न अझ सक्षम राज्य सुम्पनु हो।



फाइल तस्बिर : कान्तिपुर

> नेपाली युवाले राजनीतिक परिवर्तनको प्रक्रियालाई अगाडि बढाइसकेका छन्। अब हाम्रो काम आर्थिक अवसर बढाउने, अनिश्चिततामा नेतृत्व गर्न सक्ने पुस्ता तयार पार्ने र प्रगतिलाई दिगो बनाउने संस्था निर्माण गर्ने हो।

# इन्डोनेसिया भूकम्प : कम्तीमा ५३ ले गुमाए ज्यान, खोजी तथा उद्धार जारी

**इन्डोनेसियाको फ्लोरेस टापुमा शनिबार बिहानै गएको ७.७ म्याग्निच्युडको भूकम्पका कारण ९०० भन्दा बढी घर ध्वस्त भएका छन् भने करिब ४५० घरमा क्षति**

**एजेन्सी** (जकार्ता)



**भग्नावशेषमा पुरिएकाहरूको खोजी गर्दै उद्धारकर्मी।** **तस्बिर** : एपी/रासस

इन्डोनेसियाको पूर्वी क्षेत्रमा शक्तिशाली भूकम्प गएको भोलिपल्ट आइतबार उद्धारकर्ताहरूले भग्नावशेष र पहिरोमा पुरिएका मानिसको खोजी तीव्र बनाएका छन्।

शनिबार बिहानै गएको भूकम्पमा परी कम्तीमा ५३ जनाको मृत्यु भएको छ भने १ सयभन्दा बढी घाइते भएका छन्। पाँच हजारभन्दा बढी विस्थापित भएका छन्।

राष्ट्रिय विपद् व्यवस्थापन निकायका अनुसार मंगराई क्षेत्रमा २४ र पूर्वी मंगराईमा १७ जनाको मृत्यु भएको छ। सिक्का, न्गाडा र एन्डे क्षेत्रमा पनि मानवीय क्षति भएको जनाइएको छ। फ्लोरेस टापुका ६ क्षेत्रमा भूकम्पपछि गएको पहिरोमा मानिस पुरिएको आशंकामा उद्धारकर्ताले खोजी गरिरहेका छन्।

अमेरिकी भूगर्भ सर्वेक्षण (यूएसजीएस) का अनुसार शनिबार ७ दशमलव ७ म्याग्निच्युडको भूकम्प पूर्वी नुसा तेंगारा प्रान्तको एन्डेबाट उत्तर-उत्तरपश्चिमतर्फ ६८ किलोमिटर टाढा केन्द्रबिन्दु भएर गएको थियो। भूकम्पको केन्द्र समुद्रको सतहबाट करिब १० किलोमिटर मुनि थियो।

भूकम्पले फ्लोरेस टापुको अधिकांश भाग हल्लाएको थियो। यसको धक्का छिमेकी पश्चिमी नुसा तेंगारा र दक्षिणी सुलावेसीका केही क्षेत्रमा पनि महसुस गरिएको थियो।

विपद् व्यवस्थापन निकायका अनुसार भूकम्पबाट ९ सयभन्दा बढी घर ध्वस्त भएका छन् भने करिब ४ सय ५० घरमा क्षति पुगेको छ। करिब पाँच हजार मानिस अस्थायी आश्रयस्थलमा बस्न बाध्य भएका छन्। शक्तिशाली परकम्पको डरले अझै पनि हजारौं स्थानीय खुला आकाशमुनि रात बिताउन बाध्य छन्।

विद्यालय, स्वास्थ्य केन्द्र र चर्चलगायत कम्तीमा १ सय ६७ सार्वजनिक संरचनामा क्षति पुगेको छ। उद्धारकर्मीले चामल, तयारी खाना, खानेपानी, कम्बल र औषधि वितरण सुरु गरेका छन्। विस्थापितका लागि आपत्कालीन आश्रयस्थल निर्माणको काम जारी छ।

अधिकारीहरूले विद्युत् तथा सञ्चार सेवा पुनःस्थापना गर्नु र पहिरोका कारण सम्पर्क विच्छेद भएका दुर्गम गाउँमा राहत पुर्‍याउनु मुख्य चुनौती रहेको बताएका छन्।

भूकम्पबाट कोमोडो राष्ट्रिय निकुञ्जको प्रवेशद्वारका रूपमा परिचित लाबुआन बाजो पनि प्रभावित भएको छ। पहिरोका कारण फ्लोरेसका विभिन्न बस्ती जोड्ने करिब ७ सय किलोमिटर लामो ट्रान्स-फ्लोरेस राजमार्गका केही खण्ड अवरुद्ध भएका छन्।

धेरै बासिन्दाले क्षतिग्रस्त घरमा फर्किनुभन्दा बाहिरै रात बिताएका छन्। लाबुआन बाजोकी किसान अनास्तासिया इमादले भूकम्पको कम्पन निकै तीव्र र डरलाग्दो भएको बताउनुभयो। 'हामीलाई परकम्पका कारण घर भत्किएर आफूहरूमाथि खस्ने डर थियो,' उनले भने। पहुँच कठिन भएका मंगराई, पूर्वी मंगराई र नागेकेओलगायत क्षेत्रमा उद्धार टोलीले आइतबार खोजी कार्य पुनः सुरुगरेका छन्।

मौमेरेस्थित खोज तथा उद्धार कार्यालयका प्रमुख फतुर रहमानका अनुसार अधिकांश पहिरो हटाएर केही पृथक् गाउँमा सडक सम्पर्क पुनः स्थापित गरिएको छ। तर सञ्चार र विद्युत् सेवा अवरुद्ध हुँदा खोजी तथा उद्धार कार्य प्रभावित भएको छ।

उनका अनुसार उद्धारकर्ताले भत्किएका घर तथा अन्य संरचनाको भग्नावशेषमा सम्भावित पीडितको खोजी गरिरहेका छन्।

सत्र हजारभन्दा बढी टापु रहेको इन्डोनेसिया प्रशान्त महासागरको 'रिङ अफ फायर' क्षेत्रमा पर्छ। यस क्षेत्रमा सक्रिय ज्वालामुखी र 'फल्ट लाइन' हरू रहेकाले यो मुलुक भूकम्प तथा ज्वालामुखी गतिविधिको उच्च जोखिममा रहेको छ।

सन् १९९२ मा फ्लोरेस क्षेत्रमा गएको शक्तिशाली भूकम्पपछि आएको सुनामीमा करिब दुई हजार ५ सय जनाको मृत्यु भएको थियो। त्यस्तै सन् २००४ को डिसेम्बरमा इन्डोनेसियाको सुमात्रा टापु नजिकै गएको ९ दशमलव १ म्याग्निच्युडको भूकम्पपछि आएको विनाशकारी सुनामीले हिन्द महासागर क्षेत्रका एक दर्जनभन्दा बढी देशमा करिब दुई लाख ३० हजार जनाको ज्यान लिएको थियो। सन् २०१८ मा ७ दशमलव ५ म्याग्निच्युडको भूकम्पपछि आएको सुनामी र भूस्खलनले पालु सहरमा ठूलो विनाश भएको थियो। उक्त विपद्मा चार हजार ४ सयभन्दा बढी मानिसको मृत्यु भएको थियो।

# पप गायिका टाइलरको अन्तिम बिदाइमा हजारौं प्रशंसक

**तीन पटक ग्रामी अवार्डमा मनोनयनमा परेकी टाइलरको गत ८ जुलाईमा पोर्चुगलको एक अस्पतालमा ७५ वर्षको उमेरमा निधन भएको थियो**

**एपी** (लन्डन)

विशिष्ट खालको 'हस्की' स्वर र विश्वविख्यात ब्यालाड 'टोटल इक्लिप्स अफ द हार्ट' का लागि परिचित वेल्सकी प्रख्यात पप गायिका बोनी टाइलरको पार्थिव शरीर गृह नगर स्कुअन ल्याइएको छ। उनलाई अन्तिम बिदाइ दिन शनिबार सयौं प्रशंसकहरू गाउँको सडकमा लामबद्ध भएर थिए।

तीन पटक ग्रामी अवार्डमा मनोनयनमा परेकी गायिका टाइलरको गत ८ जुलाईमा पोर्चुगलको एक अस्पतालमा ७५ वर्षको उमेरमा निधन भएको थियो। पोर्चुगलको फारोमा उनको घर थियो, जहाँ उनलाई गत मे महिनामा आकस्मिक रूपमा आन्द्राको शल्यक्रियाका लागि अस्पताल भर्ना गरिएको थियो।

वेल्सको दक्षिणी सहर मम्बल्समा बेलायतभरि र अन्य स्थानबाट आएका स्थानीयवासी तथा प्रशंसकहरूले वेल्सको झन्डा ओढाइएको शववाहनलाई बाटोमा उभिएर हेरेका थिए। दर्जनौं मानिसले गायिकाको पूर्वनिवास बाहिर प्रतीक्षा गर्दै फूलका गुच्छासहित श्रद्धाञ्जली अर्पण गरेका थिए।

> गायिका बोनी टाइलरको चर्चित गीत 'टोटल इक्लिप्स अफ द हार्ट' लाई स्ट्रिमिङ प्लाटफर्ममा १ अर्बभन्दा बढीले हेरेका छन्

श्रद्धाञ्जली दिन पंक्तिबद्ध १८ वर्षीया क्यारिस एडवर्ड्सले भनिन्, 'उनी सधैं आफ्नो घर फर्कन्थिन् र वेल्सका प्रशंसकहरूसँग भेटघाट गर्थिन्। उनका गीतहरूले यहाँ वेल्सका धेरै मानिसहरूको मन छोएको थियो, हामी उनलाई धेरै माया गर्थ्यौं।'

टेलरको जन्म वेल्सको स्वान्जीबाट करिब ११ किलोमिटर टाढा रहेको स्काइवेनमा एक कोइलाखानी मजदुरको घरमा भएको थियो। उनी तीन दिदीबहिनी र दुई दाजुभाइसँगै हुर्किएकी थिइन्।

सन् २०१३ मा उनले युरोभिजन गीत प्रतियोगितामा बेलायतको प्रतिनिधित्व गर्दै १९औं स्थान हासिल गरेकी थिइन्। संगीत क्षेत्रमा पुर्‍याएको योगदानको सम्मानस्वरूप बेलायती महारानी एलिजाबेथ द्वितीयबाट उनलाई सन् २०२२ मा 'मेम्बर अफ द अर्डर अफ द ब्रिटिस एमपायर' उपाधि प्रदान गरिएको थियो। उनलाई 'ब्रिटेन्स फस्ट लेडी अफ रक' (बेलायतकी रक संगीतकी प्रथम महिला) का रूपमा पनि चिनिन्छ। उनको शक्तिशाली रक गायन र अद्वितीय स्वरशैलीका लागि उनलाई यो विशेष उपमा दिइएको हो।

'टोटल इक्लिप्स अफ द हार्ट' बाहेक उनका 'इट्स ए हर्टएक' र फिल्म 'फुटलुस' को 'होल्डिङ आउट फर ए हिरो' जस्ता गीतहरू अत्यधिक लोकप्रिय छन्। उनको यो प्रसिद्ध ब्यालाड बेलायत र अमेरिकाको म्युजिक चार्टको शीर्ष स्थानमा पुग्न सफल भएको थियो। हालैको सूर्यग्रहणका समयमा पनि यो गीतले अत्यधिक चर्चा पाएको थियो भने स्ट्रिमिङ प्लाटफर्महरूमा यसका १ अर्बभन्दा बढी श्रोता छन्।

परिवार र आफन्तजनका लागि टाइलरको सम्झनामा सोमबार स्वान्जीको एक चर्चमा विशेष कार्यक्रम आयोजना गरिनेछ। त्यसपश्चात् उनको पार्थिव शरीरलाई अन्तिम यात्राका लागि फेरि उनको जन्मस्थान स्कुअन लगिनेछ।



# मानवीय सहायता बोकेका ७ सयभन्दा बढी ट्रक अफगानिस्तानमा



काबुल (एजेन्सी)- दुई देशबीचको तनावले स्थल सीमा बन्द भए पनि पाकिस्तान हुँदै अफगानिस्तानमा अन्तर्राष्ट्रिय मानवीय सहायता बोकेका सात सयभन्दा बढी ट्रक आइपुगेको संयुक्त राष्ट्रसंघले जनाएको छ।

विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) ले अगस्टको सुरुमै यस वर्ष मानवीय सहायताको अभावमा अफगानिस्तानमा बालबालिकामा गम्भीर कुपोषणको चेतावनी दिएको थियो। गत वर्षको भूकम्प, यो वर्ष जलवायुसम्बन्धी विपद् र सन् २०२३ देखि इरान तथा पाकिस्तानबाट फर्किएका लाखौं अफगानका कारण करिब १ करोड ४० लाख अफगान अहिले गम्भीर भोकमरीको सामना गरिरहेका डब्लूएफपीले जनाएको छ। सन् २०२५ को अक्टोबरदेखि दुई देशबीचको स्थल सीमा बन्द छ। यसले मानवीय सहायता पुर्‍याउने यातायात मार्गलाई गम्भीर रूपमा प्रभावित पारेको डब्लूएफपीले बताउँदै आएको थियो।

यस वर्षको सुरुमा पाकिस्तानबाट आउने अफगान विद्यालयका बच्चाहरूका लागि पोषणयुक्त बिस्कुटलगायतका खाद्य सामग्री इरान हुँदै लैजानुपरेको थियो। तर त्यहाँ पनि युद्ध सुरु भएपछि त्यो बाटोसमेत अवरुद्ध भयो। पछि ती सामग्री जोर्डन, टर्की र अजरबैजान हुँदै स्थल तथा समुद्री बाटोबाट महिनौंपछि मात्र अफगानिस्तान पुर्‍याइएको थियो।

# बंगलादेशी प्रधानमन्त्रीको भारत भ्रमण अझै अनिश्चित

ढाका (एजेन्सी)- बंगलादेशका एक उच्च अधिकारीले पूर्वप्रधानमन्त्री शेख हसिनालाई सुपुर्दगी नगरेसम्म प्रधानमन्त्री तारिक रहमानको भारत भ्रमण अझै अनिश्चित रहेको बताएका छन्।

बंगलादेशको विदेश मन्त्रालयका प्रवक्ता शाहिदुल करिमले आइतबार आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री रहमानको भारत भ्रमणका लागि अनुकूल वातावरण अझै नबनेको बताए। 'माननीय प्रधानमन्त्री श्री तारिक रहमानको भारत भ्रमणको सम्भावनाका बारेमा छलफल गर्न बंगलादेश र भारतका अधिकारीहरू पछिल्ला केही सातादेखि सम्पर्कमा थिए,' करिमले भने, 'तर, मानवताविरुद्धका अपराध गरेको आरोपमा दोषी ठहर भएकी शेख हसिनाले नयाँदिल्लीमा सञ्चारमाध्यमसँग अन्तरक्रिया गरेपछि यो प्रक्रिया प्रभावित भएको छ।'

गत फेब्रुअरीमा रहमानले प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेदेखि नै भारत भ्रमणको चर्चा हुँदै आएको छ। रहमानको पहिलो भारत भ्रमण गर्ने सम्भावनाबारे छलफल



**बंगलादेशका प्रधानमन्त्री तारिक रहमान।** **तस्बिर** : रोयटर्स

जारी रहे पनि हालैको कूटनीतिक तनावका कारण भ्रमणको अन्तिम मिति तय नभएको ढाकाले जनाएको छ। 'भ्रमणका लागि अनुकूल वातावरण सिर्जना गर्न आवश्यक छ भन्ने हाम्रो धारणा छ,' करिमले भने, 'यसका लागि हामीले भारतीय अधिकारीहरूलाई शेख हसिना र अन्य फरार व्यक्तिहरूलाई सुपुर्दगी गर्ने प्रक्रिया तीव्र बनाउन आग्रह गरेका छौं।'

अगस्ट २०२४ को जनविद्रोहपछि शेख हसिनाको सरकार ढलेको थियो। लगत्तै उनी भागेर भारत पुगेकी थिइन्। त्यसयता भारत र बंगलादेशबीचको सम्बन्ध तनावपूर्ण रहँदै आएको छ। बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरणले हसिनालाई मृत्युदण्डको सजाय सुनाएको छ। ढाकाले उनलाई सुपुर्दगीका लागि भारतसँग पटक-पटक अनुरोध गर्दै आएको छ।

> पहिलो विदेश भ्रमण भारतबाट गर्ने परम्परालाई तोड्दै प्रधानमन्त्री तारिक रहमानले मलेसिया र चीनको भ्रमण गरिसकेका छन्

यसबीच दुई छिमेकीबीच देखिएको पछिल्लो तनावको मुख्य कारण ५ अगस्टमा निर्वासनमा रहेकी पूर्वप्रधानमन्त्री हसिनाले दिल्लीमा पत्रकारहरूसँग गरेको अन्तरक्रियालाई मानिएको छ।

दिल्लीस्थित फरेन करेस्पोन्डेन्ट क्लब (एफसीसी) ले आयोजना गरेको भर्चुअल पत्रकार अन्तरक्रियामा हसिना सहभागी भएकी थिइन्। त्यही कार्यक्रममा उनले २०२६ को अन्त्यसम्ममा स्वदेश फर्कने घोषणासमेत गरेकी थिइन्। बंगलादेशले हसिनाको पत्रकार सम्मेलनलाई लिएर भारतसमक्ष कडा आपत्ति जनाएको थियो।

दिल्लीले भने उक्त कार्यक्रम एउटा निजी संस्थाले गरेको र त्यसमा भारत सरकारको संलग्नता नरहेको स्पष्ट पारेको थियो। पहिलो विदेश भ्रमण भारतबाट गर्ने परम्परालाई तोड्दै प्रधानमन्त्री रहमानले मलेसिया र चीनको भ्रमण गरिसकेका छन्।

बंगलादेशका लागि भारतीय उच्चायुक्त दिनेश त्रिवेदीले गत साता प्रधानमन्त्री रहमानसँग भेट गरेका थिए। उक्त भेटपछि दुई देशबीचको सम्बन्ध सहज बन्दै गएको अनुमान गरिएको थियो। तर, विदेश मन्त्रालयका प्रवक्ता करिमको आइतबारको अभिव्यक्तिले भने दुई मुलुकबीच अविश्वास कायमै रहेको देखाएको छ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

भक्तपुरभित्र मात्र घरजग्गा खरिदबिक्री तथा भाडामा लगाउनु परेमा सम्पर्क: ९७६४६४३१३९

धुम्बाराही एरियामा ०-७-१-१ जग्गा घरसहित बिक्रीमा ९८५१०४५८४१

चाबेल रिङरोडामा साउकोसाउ व्यापारिकघर 9811838003

टुक्रा जग्गाहरू बेच्नु परेमा 9846662001

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

धितोफुकुवा, बैकलोन, चाहिएमा 9851065811, 9841007757

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9849759072

ठुलोगाडीबाट, सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट, सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**भाडामा**

गोलढुङ्गामा १३ फिटे बाटोको १-०-०-० जग्गा भाडामा ९८०३१३६३१३

**चाहियो**

एकप्रतिष्ठित विद्यालयकालागि Winger Van चालकको आवश्यकता भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ९८५१०९७७३४

हेल्पर आवश्यक खानबस्न व्यबस्था ९८४००५७४२६

कुक -३ वेटर -४ सहायककुक -५ डिसवासर -६ क्यासियर -३ ९७६५०४८८००, ९८५१३१५६०५

सुरक्षाकर्मी -२० गौशला ९८४१४०१८८६, ०१५२१८५४९ सानिमा सेक्यूरिटी

वेटर महिला-१, पुरुष-१ 9841858585

म:म: मिस्त्री-१८,०००।-, भांडा माझ्ने-१६,०००।- ९८५१०४१५७२

कफीशपमा लेडिज-२, १५०००/- खानबस्न खाजा भत्ता २००/- ९८६९७५४०६२

होस्टेल क्यान्टिनलाई कुक, किचेनहेल्पर, भाडामाझ्ने, वेटर नेपाल मेडिकलकलेज जोरपाटी, ९८०३३०३३८०

**बिहावारी**

विश्वको जुनसुकै कुनामा भए पनि उपयुक्त बर वा बधुको लागि www.nrnmatch.com, 9842981178

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ | सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | | | | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

म.अ.क. वाहेक

**विदेशी मूद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५२.९९ |
| युरो | १७६.७५ |
| पाउन्ड स्टर्लिङ | २०६.९२ |
| अस्ट्रेलियन डलर | १०८.२४ |
| कतारी रियाल | ४१.९८ |

राष्ट्र बैंकको आधारमा

सुन रू. ३,०५,२००
चाँदी रू. ४,७१०

# बैंकमा पैसाको थुप्रो, तर कसरी बढ्यो ३२ प्रतिशतले नाफा ?

### २० वाणिज्य बैंकले गत आर्थिक वर्षमा कुल ६९ अर्ब ७८ करोड रुपैयाँ खुद नाफा आर्जन गरेका छन्, आव २०८१/८२ मा बैंकहरूको नाफा ५२ अर्ब ७९ करोड थियो




*स्रोत : वाणिज्य बैंकहरूले प्रकाशित गरेको वित्तीय विवरण*

**यज्ञ बञ्जाडे** (काठमाडौं)

आर्थिक गतिविधि चलायमान बन्न नसकेकाले लक्ष्यको आधा मात्र कर्जा विस्तार भएको आर्थिक वर्ष २०८२/८३ मा पनि वाणिज्य बैंकहरूले खुद नाफा करिब ३२ प्रतिशतले बढेको छ । २० वाणिज्य बैंकले गत आर्थिक वर्षमा कुल ६९ अर्ब ७८ करोड रुपैयाँ खुद नाफा आर्जन गरेका छन् । यो अघिल्लो आर्थिक वर्षको तुलनामा करिब ३२ प्रतिशतको वृद्धि हो । यो अवधिमा बैंकहरूको ऋण असुलीमा उल्लेख्य सुधार भएकाले खराब कर्जाबापतको नोक्सानी व्यवस्था घट्दा नाफा वृद्धिमा टेवा पुगेको बैंकरहरू बताउँछन् । आर्थिक वर्ष २०८१/८२ मा बैंकहरूको यस्तो नाफा ५२ अर्ब ७९ करोड रुपैयाँ रहेको थियो ।

अघिल्ला दुई आर्थिक वर्षमा जस्तै वर्षभरि अधिक तरलता (ऋण दिन मिल्ने रकम) थुप्रिएको, कर्जा माग बढ्न नसकेको, उद्योगहरू करिब ४२ प्रतिशत मात्र क्षमता उपयोगमा सञ्चालन भइरहेको, सहकारी क्षेत्रको समस्या समाधान नभएको लगायत कारण आर्थिक गतिविधिमा अपेक्षित रूपमा सुधार आउन सकेको छैन । यस्तो अवस्थामा पनि बैंकहरूको नाफा करिब ३२ प्रतिशतले बढ्नुलाई सर्वत्र चासोका रूपमा हेरिएको छ ।

चौथो त्रैमासमा बैंकहरूका ऋण असुलीमा सुधार हुँदा नोक्सानी व्यवस्था घटेको र त्यसले नाफा वृद्धिमा सहयोग पुगेको नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले बताए । 'यो वर्ष बैंकहरूको ऋण प्रवाहमा खासै सुधार भएको छैन । ऋण विस्तार नबढेपछि ब्याज आयमा पनि सामान्य वृद्धि छ,' उनले भने, 'धेरै बैंकहरूले ऋण असुलीमा सुधार गरेको देखिन्छ ।' ऋण असुलीमा सुधार हुनुलाई अर्थतन्त्रमा विस्तार घरजग्गाको किनबेच बढ्न र ऋणीमा ऋण तिर्नुपर्छ भन्ने सोच विकास हुन थालेका रूपमा पनि बुझ्न सकिने अध्यक्ष कोइरालाको तर्क छ ।

बैंकहरूले प्रकाशित गरेको अपरिस्कृत वित्तीय विवरणअनुसार २० बैंकहरूको औसत नाफा ३२ प्रतिशत रहे पनि केही बैंकहरूको प्रगति उल्लेख्य र केहीको सामान्य छ । उदाहरणका लागि गत आर्थिक वर्षका हिमालयन बैंकको नाफा ११ सयभन्दा बढी प्रतिशतले बढेको देखिन्छ भने योसहित १६ वटा बैंकले नाफामा सुधार ल्याएका छन् । तर, तीन वटा बैंकको नाफाको वृद्धिदर भने घटेको छ । तीमध्ये प्रभु बैंक नोक्सानमा छ ।

गत आर्थिक वर्ष सबैभन्दा धेरै नाफा गर्ने (रकमका आधारमा) बैंकका रूपमा नबिल बैंक सबैभन्दा अघि छ । यो बैंकको नाफा करिब ३३ प्रतिशतले बढेर ७ अर्ब ९० करोड पुगेको छ । गत वर्ष यो बैंकले ५ अर्ब ९२ करोड रुपैयाँ नाफा कमाएको थियो । नबिलपछि धेरै नाफा आर्जन गर्ने बैंक क्रमशः कुमारी, ग्लोबल आईएमई र एभरेस्ट छन् । जसमध्ये कुमारीले ७ अर्ब ३८ करोड, ग्लोबल आईएमईले ६ अर्ब २२ करोड र एभरेस्टले ५ अर्ब ६ करोड रुपैयाँ नाफा आर्जन गरेका छन् । सबैभन्दा कम नाफा कमाउने बैंकका रूपमा एनआईसी बैंक छ । यो बैंकको नाफा १८ करोड मात्र छ । गत आर्थिक वर्ष यो बैंक ३ अर्ब ८७ करोड नोक्सानमा थियो । राष्ट्र बैंकले गरिदिएको नीतिगत लचकता (केही क्षेत्रमा कर्जाको पुनःसंरचना र पुनर्तालिकीकरण) र कर्जा असुलीमा सामान्य सुधार भएकाले नाफा बढेको देखिए पनि अर्थतन्त्रको अवस्थामा सुधार नभएसम्म बैंकिङ क्षेत्रले उल्लेख्य सुधार गर्न नसक्ने एभरेस्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बताए । **बाँकी पृष्ठ ८**

# अझै कार्यान्वयनमा आएन १५-१५ दिनमा तलब दिने घोषणा

**कान्तिपुर संवाददाता** (काठमाडौं)

कर्मचारीलाई १५-१५ दिनमा तलब वितरण गर्ने सरकारको घोषणा अझै कार्यान्वयनमा आएको छैन । सरकारले गत वैशाख दोस्रो साता कर्मचारीलाई १५-१५ दिनमा तलब वितरण सुरु गरेको थियो । सो निर्देशनअनुसार सुरुमा परीक्षणका रूपमा एक महिना (दुई पटक) अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयका कर्मचारीहरूलाई तलब पठाइएको पनि थियो । त्यसपछि त्यसले निरन्तरता पाउन सकेन । अरू कर्मचारीसँगै अर्थ मन्त्रालय र महालेखाका कर्मचारीलाई पनि मासिक रूपमै तलब दिन थालिएको थियो । यद्यपि सरकारले चालु आर्थिक वर्षदेखि सबै कर्मचारीलाई १५-१५ दिनमा तलबभत्ता दिने अर्थ मन्त्रालयले जनाएको थियो । तर, नयाँ आर्थिक वर्ष सुरु भएपछि पनि सो घोषणा कार्यान्वयनमा आएको छैन । अर्थ मन्त्रालयको ढिलासुस्ती र प्राविधिक जटिलता मिलाउन नसकिएकाले उक्त घोषणा कार्यान्वयनमा आउन नसकेको जानकारहरू बताउँछन् ।

नयाँ तलबमान ढिलो (२२ साउनमा) मात्र आएकाले साउनमा १५-१५ दिनमा तलब दिन नसकिएको महालेखा नियन्त्रक कार्यालयका प्रवक्ता दीपक लामिछानेले बताए । 'महालेखा नियन्त्रक कार्यालय मातहतका सबै कोलेनिकाहरूमा प्रणाली सुरु तयारी अवस्थामा छ । भदौदेखि उक्त व्यवस्था कार्यान्वयनमा ल्याउँछौं,' उनले भने, 'नेपाल प्रहरीले पनि भदौदेखि सुरु गर्ने भनेर मातहतका कार्यालयमा पत्राचार गरेको बारे सुन्नमा आएको छ ।' महालेखा नियन्त्रक कार्यालयले सबै निजामती कर्मचारीहरूको तलब वितरणका लागि नयाँ प्रणाली बनाइसकेको र सो व्यवस्था कार्यान्वयनका लागि अर्थ मन्त्रालयले निर्देशन दिइसकेकाले भदौदेखि धेरै निकायले सुरु गर्ने लामिछानेको तर्क छ ।

नेपाल प्रहरीका प्रवक्ता डीआईजी अविनारायण काफ्लेले पनि सरकारको बजेट विनियोजन ढिलो गरी आएकाले साउनमा १५-१५ दिनमा तलब दिन नसकिएको बताए । 'केही दिनअघि मात्र बजेट आएकाले साउनमा पाक्षिक रूपमा तलब दिन नसकिएको हो,' उनले भने, 'भदौदेखि पाक्षिक रूपमै तलब वितरण हुन्छ ।'

अर्थ मन्त्रालयले गत वैशाख पहिलो साता १५-१५ दिनमा कर्मचारीलाई तलबभत्ता वितरण गर्नका लागि तयारी गर्न ४ वैशाख २०८३ को महालेखा नियन्त्रकको कार्यालयलाई पत्र लेखेको थियो । यसरी हरेक १५-१५ दिनमा कर्मचारीलाई तलब दिँदा प्रति १५ दिनमा बजारमा करिब १० अर्ब रुपैयाँ प्रवाह हुने देखिएको छ ।

पछिल्ला केही वर्षदेखि नेपालको अर्थतन्त्र सुस्त छ । उद्योगहरू आधाभन्दा कम क्षमता उपयोगमा चलिरहेका छन् । पछिल्ला तीन वर्षदेखि बैंक तथा वित्तीय संस्थामा ऋणयोग्य रकम थुप्रिएको छ । ब्याजदर घटेर इतिहासकै न्यून विन्दुमा झरेको छ । बजारमा समग्र माग बढ्न सकेको छैन । निजी क्षेत्रको मनोबल इतिहासकै कमजोर अवस्थामा छ । यस्तो अवस्थाको अर्थतन्त्रमा सुधार ल्याउन नागरिकको हातमा पैसा पुऱ्याउनुपर्ने र त्यसले बजार माग बढाउने भएकाले आर्थिक गतिविधि चलायमान बनाउने सुझाव अर्थविद्हरूले दिँदै आएका थिए ।

> **गत वैशाखमा घोषणा गरेको १५-१५ दिनमा तलब दिने व्यवस्था नयाँ आर्थिक वर्ष सुरु भएपछि पनि कार्यान्वयनमा आएको छैन**

प्रायः विकसित देशहरूले कर्मचारीका लागि दुई सातामा तलबभत्ता दिँदै आएका छन् । यसरी विकसित देशको असल अभ्यास नेपालले पनि लागू गर्नुपर्ने र यसले न्यून आय भएका तथा तलबभत्तामा आश्रित परिवारलाई राहत हुने उनीहरूको सुझाव छ । यहीकारण सरकारले पनि पाक्षिक रूपमा तलब वितरण गर्ने घोषणा गरेको थियो ।

# नाइमा एक्स्पो १ लाख ८० हजारद्वारा अवलोकन, अधिकांश बुकिङ विद्युतीय गाडीमा

**विमल खतिवडा** (काठमाडौं)



भृकुटीमण्डपमा आयोजित 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' को १ लाख ८९ हजारभन्दा बढीले अवलोकन गरेका छन् । एक्स्पोको अन्तिम दिन भएकाले आइतबार अवलोकन गर्न तथा दुई र चारपांग्रे गाडी बुक गर्न आउनेको ठूलै भीड थियो । सार्वजनिक बिदाको दिन पनि भएकाले परिवारका सदस्यसहित आउनेहरू बढी थिए । आयोजकका अनुसार शनिबार मात्र ४२ हजारले एक्स्पो अवलोकन गरेका थिए ।

एक्स्पोमा आउनेहरूमध्ये धेरैको चासो विद्युतीय गाडीमा थियो । यही भीडमा थिइन्, मोडल करुणा पाण्डे । उनी विद्युतीय गाडी किन्ने सुर कसेर एक्स्पो पुगेकी थिइन् । ईभीमा अवलोकनकर्ताको भीड देखेर उनी छक्क परिन् । 'पहिला-पहिला ईभीमा कमैको ध्यान जान्थ्यो, यस्तो गाडी ओभरस्पिड हुन्छ, पल्टिन्छ भन्ने धेरै हुन्थे,' उनी भन्छिन्, 'नराम्रो कुरा मात्र बढी सुनिन्थ्यो, अहिले त्यस्तो छैन, धेरै राम्रा-राम्रा ईभी गाडीहरू एक्स्पोमा देख्न पाउँदा खुसी लाग्यो ।' आफूले पनि ईभी नै किन्ने योजना बनाएको उनले सुनाइन् ।

'मेरो सोच पनि ईभी नै किन्ने छ,' उनले भनिन्, 'फेरि एक्स्पोमा गाडी किन्दा बैंकमार्फत फाइनान्सिङ सुविधा, एक वर्षको बिमा र सडक कर सम्बन्धित कम्पनीले नै तिरिदिने व्यवस्थाले झन् सजिलो भएको छ ।' घरमा बसेर गाडीबारे भिडियो हेर्नभन्दा एक्स्पोमा गएपछि धेरै कुरा थाहा हुने भएर एक्स्पोमै आएको उनले सुनाइन् । किन्नका लागि ईभी कार नै बुक गरेको उनले बताइन् ।

जोरपाटीका ओम गौतम आइतबार भृकुटीमण्डपमा आयोजित 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' अवलोकन गर्न साथीहरूसँग पुगे । एक्स्पो आयोजनाको अन्तिम दिन पुगेका गौतमको नजर विद्युतीय कारमा थियो । सँगै गएका साथीहरूले पनि विद्युतीय कार बुकिङ गर्न नै हौस्याइरहेका थिए । उनको पनि नजर टाटाको पन्च ईभी र पायोनियर मोटोकर्पको चेरी क्यूमा थियो । 'अहिले जताततै विद्युतीय गाडीकै माहोल छ,' उनी भन्दै थिए, 'यसमा पनि मन परेको चेरी क्यू र टाटाको पन्च ईभी हो, दुईमध्ये एउटा छानेर दसैंअघि नै किन्छु ।' एक्स्पोमा एउटै छानामुनि धेरै ब्रान्डका गाडी, स्कुटर र मोटरसाइकल हुने हुँदा छानी-छानी हेर्न र बुझ्न पाइने भएकाले आएको उनले सुनाए ।

नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) को आयोजनामा ६ दिन (२६-३१ साउन) सम्म चलेको एक्स्पोमा विभिन्न ५३ स्टलमा ५५ ब्रान्डका सवारीसाधन प्रदर्शनीमा राखिएको थियो । एक्स्पोमा साढे १८ लाखदेखि २ करोड ९७ लाख रुपैयाँ मूल्य बराबरका गाडीहरू राखिएका थिए । दुईपांग्रेमा पनि १५ लाख ५० हजार रुपैयाँसम्मका मोटरसाइकल एक्स्पोमा राखिएको थियो । अधिकांश कम्पनीले 'नाइमा अफर' भन्दै छुट रकमसहित आफ्ना सवारी प्रदर्शनमा राखेका थिए । चारपांग्रे सवारीमा एक लाखदेखि ८ लाख रुपैयाँसम्म नगद छुटको स्किम एक्स्पोमा राखिएको थियो । दुईपांग्रे सवारीमा पनि कम्पनीहरूबीच छुट अफर दिन प्रतिस्पर्धा चल्यो ।



> **एक्स्पो सवारी प्रदर्शन गर्ने मात्र नभएर ज्ञान सिर्जना गर्ने प्लाटफर्म पनि बन्नुपर्छ भन्ने हाम्रो विश्वास हो, यो अन्त्य होइन, सुरुवात हो, आगामी दिनमा अझ ठूलो, राम्रो र बलियो भएर अघि बढ्ने लक्ष्य छ**
>
> ● ऋतु सिंह वैद्य
> अध्यक्ष, नाइमा

बुकिङको यकिन तथ्यांक आइनसके पनि गत वर्षभन्दा राम्रो बुकिङ भएको सूचना पाएको नाइमाका कार्यकारी निर्देशक राजकुमार दुलालले बताए । 'गत वर्ष ५० वटा बुकिङ गर्ने कम्पनीले यो पटक साढे दुई सयसम्म बुकिङ गरेको सुनियो,' उनले भने, 'ब्रान्डका रूपमा स्थापित गाडीमा सर्वसाधारणको झन् धेरै चासो रहेको पायौं, बुकिङ पनि त्यहीअनुसार भएको छ ।'

नाइमा एक्स्पो अवधिभर १ लाख ८० हजारले अवलोकन गरेको नाइमाकी अध्यक्ष ऋतु सिंह वैद्यले बताइन् । 'एक्स्पोमा धेरै सवारीका नयाँ मोडल लन्च भए,' उनले भनिन्, 'अवलोकनकर्ताबाट यो पटक एकदमै राम्रो प्रतिक्रिया पायौं, जसले गर्दा हौसला बढेको छ ।'

एक्स्पोमा नयाँ सवारीसाधन र प्रविधि प्रदर्शनसँगै ज्ञान र सिकाइलाई पनि प्राथमिकता दिइएको उनले सुनाइन् । 'एक्स्पो सवारीसाधन प्रदर्शन गर्ने मात्र नभएर ज्ञान सिर्जना गर्ने प्लेटफर्म पनि बन्नुपर्छ भन्ने हाम्रो विश्वास हो,' उनले भनिन्, 'यो अन्त्य होइन, सुरुवात हो, आगामी दिनमा अझ ठूलो, राम्रो र बलियो भएर अघि बढ्ने लक्ष्य छ ।'

त्यस्तै नाइमा एक्स्पो व्यवस्थापन समितिका संयोजक गौरव शारडाले पनि गत वर्षभन्दा यो पटक एक्स्पो सोचेभन्दा धेरै राम्रो भएको प्रतिक्रिया पाएको बताए । 'एक्स्पोमा सहभागीहरूको उपस्थिति उल्लेख्य रह्यो,' उनले भने, 'विभिन्न कम्पनीले गाडीका नयाँ-नयाँ मोडल सार्वजनिक गरे, यो एक्स्पोले चाडबाड आएको संकेत पनि गरेको छ ।'





कर्पोरेट कुराकानी

# निजी क्षेत्र आशावादी भए पनि पर्ख र हेरको स्थितिमा

● **कमलेश अग्रवाल,** अध्यक्ष नेपाल चेम्बर अफ कमर्स

अर्थतन्त्रमा अपेक्षित सुधार हुन नसक्दा निजी क्षेत्रको आत्मविश्वास बढ्न सकेको छैन । उद्योगहरू आधाभन्दा निकै कम क्षमता उपयोगमा चलिरहेका छन् । कर्जा विस्तार सुस्त छ । सेयर बजार घट्दो छ । प्रधानमन्त्री र अर्थमन्त्रीले लस्कर लगाएर उद्योगी-व्यवसायीलाई भेटे पनि अर्थतन्त्रमा सुधारका संकेतसम्म देखिएको छैन । यस्तो अवस्थामा उद्योग व्यवसाय र बजारको अवस्था, निजी क्षेत्रको आत्मविश्वासलगायत विषयमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष **कमलेशकुमार अग्रवाल**सँग कान्तिपुरका **यज्ञ बञ्जाडे** र **सीमा तामाङ**ले गरेको कुराकानीको सार :

तस्बिर : दीपक केसी/कान्तिपुर

**नयाँ सरकार गठनपछि राजनीतिक स्थिरता हुने भएकाले सरकारले आर्थिक सुधारमा ध्यान दिने भएकाले अर्थतन्त्रमा सुधार आउने अपेक्षा गरिएको थियो । तपाईंलाई के लाग्छ, अर्थतन्त्र सुधार भएको छ ?**

नेपालको संविधान जारी भएको १० वर्षपछि पहिलो पटक कुनै एउटा राजनीतिक दलले झन्डै दुईतिहाइको बहुमत प्राप्त गरेको छ । आर्थिक समृद्धिको आधारमा टेकेर नै यो बहुमत प्राप्त भएको हो । लामो समयदेखिको नीति र नियतको दलदलमा बल्झिएको नेपालको नियतिलाई नयाँ आयाम दिँदै आर्थिक समृद्धिको नयाँ युगमा प्रवेश गर्ने सुरुवात बिन्दुका रूपमा यो सरकार आएको छ । निर्वाचनका बेला रास्वपाले वाचापत्र ल्याएको थियो । त्यहाँ आर्थिक वृद्धिदर ७ प्रतिशत, प्रतिव्यक्ति आय १५ सय डलरबाट तीन हजार डलर र १० वर्षमा ३० मेगावाट विद्युत् उत्पादन पुर्‍याउने र रोजगारी सिर्जना गर्ने भन्ने आधारमा सरकार आएको हो । यी सबैलाई केन्द्रबिन्दुमा राखेर हेर्ने हो भने निजी क्षेत्रलाई धेरै ठूलो आशा जागेको छ ।

तर, चार महिनामा त्यसको प्रतिफल निजी क्षेत्रले पाउन सकेको छैन । बैंक तथा वित्तीय संस्थामा झन्डै १६ खर्ब रुपैयाँ लगानीयोग्य रकम सस्तो ब्याज दरमा उपलब्ध छ । तर पनि निजी क्षेत्र आकर्षित हुन सकेको छैन । निजी क्षेत्रले ठूल्ठूला योजनाहरू पनि अगाडि सार्न सकेको छैन । निजी क्षेत्र आशावादी छ, तर अहिले पनि पर्ख र हेरको स्थितिमा छ ।

**उच्च ब्याजदर, संकुचित वित्त तथा मौद्रिक नीति, घरजग्गा र सहकारी क्षेत्रमा आएको संकटलगायतका कारणले निजी क्षेत्र र समग्र अर्थतन्त्रमा असर परेको देखिन्छ । यो सरकारले अघि बढाएका आर्थिक सुधारका कार्यक्रमले अर्थतन्त्रलाई पुनः चलायमान बनाउन सक्ला ?**

सरकारले प्रयास नगरेको होइन, गरिरहेको छ । अर्थतन्त्रको शिथिल अवस्था वर्तमान समयको मात्रै समस्या होइन, कोभिड महामारीयताकै निरन्तरता हो । करिब ६ वर्षदेखि अर्थतन्त्रमा नराम्रोसँग क्षति भएकाले त्यसलाई सुधार गर्नु कुनै पनि सरकारका लागि जादुको छडी घुमाएजस्तो तत्काल सम्भव हुने विषय होइन ।

कोभिड महामारीपछि हाम्रो अर्थतन्त्रको कुशल व्यवस्थापन हुन सकेन । त्यतिबेला विश्व अर्थतन्त्र नै झन्डै २.२५ प्रतिशतको हाराहारीमा खुम्चिएको थियो । आर्थिक वर्ष २०७६/७७ मा नेपालको जीडीपी वृद्धिदर २.०९ प्रतिशतले नकारात्मक भयो । क्रमशः अर्थतन्त्र ओरालो लागिरहेको अवस्था थियो । सोही क्रममा हाम्रो विदेशी मुद्रा सञ्चिति पनि घट्न थाल्यो । सम्भावित जोखिम नियन्त्रणका लागि सरकारले निजी क्षेत्रमाथि पर्ने प्रभावको पर्याप्त मूल्यांकन नगरी संकुचित नीति लियो । संकुचित वित्त नीति अपनाउँदै सरकारले आर्थिक गतिविधिको विस्तारमा रोक लगायो । उद्यमी-व्यवसायीलाई समेत व्यापार व्यवसाय विस्तार नगर्नेजस्तो अवस्था सिर्जना भयो । त्यसको अर्थतन्त्रमा अत्यन्त नकारात्मक प्रभाव पर्‍यो । झन्डै डेढ लाखभन्दा बढी उद्यमी-व्यवसायी कालोसूचीमा पर्ने अवस्था आयो । हाम्रो अर्थतन्त्रमा आठ-नौ लाख उद्यमी-व्यवसायी हुनुपर्ने अवस्थामा डेढ-दुई लाख उद्यमी-व्यवसायी कालोसूचीमा पर्न थालेपछि अर्थतन्त्रको अवस्था कस्तो हुन्छ भन्ने सहजै अनुमान गर्न सकिन्छ ।

**बैंकमा पैसा थुप्रिएको छ । ब्याजदर इतिहासकै न्यून छ । सरकारले अर्थतन्त्र सुधारको थालनी गरेको तपाईंले नै बताउनुभयो । त्यसो भए निजी क्षेत्रले किन लगानी विस्तार नगरेको त ?**

सरकार गठन भएको झन्डै साढे तीन महिनासम्म पनि निजी क्षेत्र र सरकारबीच वा प्रधानमन्त्रीबीच कुनै अन्तर्क्रिया हुन सकेन । आशाले मात्रै त भोलि गएर अर्थतन्त्र सुदृढ हुँदैन नि । सरकारले दुई-तीन वटा कामहरू यस्तो गर्‍यो, जसको प्रभाव निजी क्षेत्रमाथि पर्न गयो । सबैभन्दा पहिला त एउटा सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐनलाई अध्यादेशका रूपमा ल्यायो । त्यसबाट निजी क्षेत्र अलि कति त्रसित भयो ।

नेपालमा २०६४ मा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) ऐन आउनुअघि कृषि, साना उद्योग, परम्परागत व्यापार र पुस्तौनी हस्तान्तरणबाट वैध तरिकाले आर्जित ठूलो धनराशिलाई राज्यले प्रणालीगत रूपमा अभिलेखीकरण नगर्दा आज निजी क्षेत्रमा ठूलो अन्योल र त्रास सिर्जना भएको छ । लामो समयको संक्रमणकाल र स्पष्ट स्रोत-प्रमाणीकरण नीतिको अभावमा वर्षौंदेखि वैध रूपमा जोडिएको पुर्ख्यौली सम्पत्ति र नगद कारोबारलाई समेत शंकाको घेरामा पार्ने र प्रहरी धरपकड वा छानबिनको डर देखाउने वातावरण बनेको छ, जसले गर्दा उद्यमी-व्यवसायीहरू भौतिक कारबाहीभन्दा पनि मनोवैज्ञानिक त्रासले गर्दा लगानी र कारोबार गर्न हिचकिचाउने अवस्थामा पुगेका छन् ।

**अर्थमन्त्रीले व्यवसायीलाई पहिला सुन्ने र कसुर प्रमाणित भएपछि मात्रै कारबाही गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । तर व्यवहारमा सरकारले त्यो प्रतिबद्धता पूरा गरेको देखिँदैन । यसमा निजी क्षेत्रको बुझाइ के हो ?**

अदालतबाट अनुमति ल्याएर थुन्न सक्ने व्यवस्थाले मर्यादित र व्यावसायिक वातावरण बन्दैन । अनुसन्धानका क्रममा नै एउटा उद्यमी-व्यवसायीलाई खोरमै राखिदिन्छ । जहाँ चोर, डाँका, लफंगा हुन्छ । त्यहाँबाट छुटेर आए पनि आर्थिक अपराध प्रमाणित हुने/नहुने थाहा हुँदैन । त्यसपछि उसको मनोबल यति खस्किन्छ कि जतिसुकै ठूलो लगानीकर्ता भए पनि लगानी गर्न चाहँदैन । त्यसपछि आफ्ना सन्तानलाई बाहिर लगानी गरेर पठाउँछ । त्यसकारण यसलाई अविलम्ब रोक लगाई मर्यादित व्यावसायिक वातावरण बनाउने गरी अघि बढाउनुपर्छ । मर्यादित व्यावसायिक वातावरण भएन भने अब निजी क्षेत्रको लगानी उत्साहित हुँदैन भनेर भनिसकेका छौं । सरकारले बारम्बार प्रतिबद्धता व्यक्त गरिरहेको छ, तर व्यावहारिक कार्यान्वयनमा अहिलेसम्म आएको छैन । ६ वर्ष अगाडिको नीतिगत अस्पष्टता र अदूरदर्शीका कारणले उद्यमी-व्यवसायीले ठूलो क्षति व्यहोर्नुपर्‍यो । त्यसकारण जुनसुकै नीतिहरू आउनुभन्दा अगाडि नियामकीय प्रभाव मूल्यांकन होस् ।

> नीति र नियतको दलदलमा बल्झिएको नियतिलाई नयाँ आयाम दिँदै आर्थिक समृद्धिको सुरुवात विन्दुका रूपमा यो सरकार आएको छ
>
> उद्यमी-व्यवसायीहरू भौतिक कारबाहीभन्दा पनि मनोवैज्ञानिक त्रासले गर्दा लगानी र कारोबार गर्न हिचकिचाउने अवस्थामा छन्
>
> अदालतबाट अनुमति ल्याएर थुन्न सक्ने व्यवस्थाले मर्यादित र व्यावसायिक वातावरण बन्दैन

**अहिले सरकार र नियामक निकायले के के काम गरे भने निजी क्षेत्रलाई लगानी विस्तारका लागि प्रोत्साहन हुन्छ ?**

आज निजी क्षेत्रसँग पुँजी निर्माण छैन । ७० प्रतिशत बैंकको लगानी गर्न कमसेकम ३० प्रतिशत त आफ्नो लगानी गर्नुपर्‍यो । निजी क्षेत्रसँग त्यसकै समस्या छ । साना मझौला उद्यमी-व्यवसायीको सम्पत्तिको क्षय भइसकेको छ । बैंकले दिन प्रतिदिन निजी क्षेत्रको सम्पत्ति लिलाम गरिरहेको सूचनाहरू आइरहेका छन् । सरकारले निजी क्षेत्रलाई पुँजी निर्माणका लागि सहजीकरण गर्नुपर्छ । त्यो भनेको वास्तविक उद्यमी-व्यवसायीको कर्जाको पुनर्तालीकरण नगरी हुँदैन । उद्यमी-व्यवसायीहरू व्यावसायिक नाफा/नोक्सान बेहोर्न तयार हुन्छन् । व्यवसायको नाफा/नोक्सान तथा जोखिम वहन गर्ने क्षमता त हामीमा हुन्छ । तर नीतिगत कारणले यदि क्षति हुन्छ भने त्यसले निजी क्षेत्रलाई अत्यन्त निरन्तर बनाउँछ । नीतिगत कारणले निजी क्षेत्रले बेहोर्न पर्ने क्षति हो ।

**एकातिर अर्थतन्त्र सुधारका लागि सरकार लागिरहेको छ भन्नुहुन्छ, अर्कोतिर लगानी विस्तार गर्न सकिरहनुभएको छैन । यस्तो अवस्थालाई विदेशी लगानीकर्ताले कसरी हेरेका छन् ?**

विदेशी लगानी नेपालमा भित्र्याउनै गाह्रो छ । बाहिरिन, नाफा लैजान पनि उत्तिकै गाह्रो छ । अहिले पनि त्यसमा सुधार हुन सकेको छैन । सरकारले एकद्वार नीति वा नयाँ हिसाबले विदेशी लगानी ऐनलाई परिमार्जन गर्न लागिरहेको छ । केही समयपछि त्यो अवस्था आउँछ । अर्को भनेको विदेशी लगानीका लागि मुद्रा अवमूल्यन हो । भारतीय मुद्रासँग हाम्रो स्थिर विनिमय दर छ । भारतीय मुद्राको अवमूल्यन हुनेबित्तिकै हामीले हाम्रो मुद्राको अवमूल्यन गर्नुपर्ने बाध्यता छ । त्यसैले लगानीकर्ताले 'हेजिङ' खोज्छन् ।

**बाढीपहिरोले गर्दा धेरै भन्सार नाकामा अवरोध छ । नाकामा पाँच सय रुपैयाँभन्दा बढी मूल्यका सामानमा शुल्क तिर्नुपर्ने, भन्सारै एमआरपी लगाउनुपर्नेलगायत व्यवस्थाले पनि व्यवसायीले सहज रूपमा व्यवसाय गर्न सकेका छैनन् भन्ने छ । व्यवसायको अवस्था के हो ?**

हाम्रो दक्षिणतिर खुला सीमानाका छ । नेपाल र भारतको मूल्यमा २०/२५ प्रतिशतको फरक पाउनुहुन्छ भने उपभोक्ताले सीमापारिबाट किनेर ल्याउन सक्छन् । तपाईंले जतिसुकै कडाइ गरे पनि रोक्न सकिँदैन । यो खुला सिमानाबाट हुने अवैध आयातलाई रोक्ने भनेको नीतिगत रूपमा हाम्रा भन्सारका दरहरू त्यही हिसाबले समायोजन गरिनुपर्छ । आज उपभोक्तालाई भन्सार दर, मूल्य अभिवृद्धि कर अन्तःशुल्क भन्नुहोस्, त्यसको प्रत्यक्ष प्रभाव त मूल्यमा परेको हुन्छ । उच्च करका दरहरूले गर्दा सीमानाका मूल्यमा धेरै ठूलो फरक परेको छ । सरकारले जबसम्म करका दरहरू घटाउँदैन, तबसम्म यो अवस्था चलिरहन्छ । नीतिगत सुधार गरेमा मात्रै खुला सीमानाकाका बजार बन्द हुन्छ । त्यसपछि नेपालमा व्यवसाय गर्न सहज हुन्छ ।

**नेपालको अर्थतन्त्र अहिले आयातमुखी र रेमिट्यान्समा निर्भर देखिन्छ । यस्तो अवस्थामा अर्थतन्त्रलाई दीर्घकालीन रूपमा आत्मनिर्भर, उत्पादनमुखी र प्रतिस्पर्धी बनाउन सरकारले कस्तो आर्थिक नीति र सुधारको मार्गचित्र अघि बढाउनुपर्छ ?**

हामी आयातमुखी अर्थतन्त्रमा बढी निर्भर छौं । भएका उत्पादनमूलक क्षेत्र, आन्तरिक स्रोत र प्राकृतिक स्रोतको पर्याप्त उपयोग गर्न सकेका छैनौं । यसको प्रत्यक्ष असर हाम्रो निर्यातमा परिरहेको छ । त्यसकारण हामीले दीर्घकालीन नीति निर्माण गर्नैपर्छ । अहिले हाम्रा नेपाली दाजुभाइहरूले विदेशमा काम गरेर पठाएको रेमिट्यान्सको भरमा यो देश चलिरहेको छ । झन्डै १५ खर्बभन्दा बढी रेमिट्यान्स आइरहेको छ । त्यो भनेको हाम्रो पसिना निर्यात गरेर आएको आम्दानी हो । व्यावसायिक क्रियाकलापबाट हामीले त्यसको तुलनामा त्यति ठूलो आम्दानी गर्न सकेका छैनौं ।

**अर्थतन्त्रको अवस्था र सरकारका पछिल्ला गतिविधिले पुँजी पलायनलाई समेत बढावा दिएको भन्ने छ । तपाईंलाई के लाग्छ ?**

पानी र लगानीको प्रकृति उस्तै हुन्छ, जुन दिशातर्फ सहज हुन्छ त्यतै बग्छ । सरकारले लगानी आउनू भनेकै भरमा लगानी आउँदैन । विश्व खुला अर्थतन्त्रतर्फ गइसकेकाले पुँजीलाई कुनै देशको सीमा वा बोर्डरले रोक्न सक्दैन । पछिल्ला घटनाक्रमले पुँजी पलायनलाई बढावा दिएको छ । नेपालको अर्थतन्त्र साढे ५ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि कायम गर्न नसके यहाँ पुँजी टिकाउन गाह्रो हुन्छ र निजी क्षेत्र पनि फस्टाउन सक्दैन । त्यसैले विदेशी लगानीले द्विपक्षीय लगानी प्रवर्द्धन खोज्छ । त्यसैले स्वदेशी लगानीकर्तालाई पनि सरकारले ल्याउनुपर्छ । विदेशी लगानीकर्ताले जस्तै स्वदेशी लगानीकर्तालाई पनि लगानीको सुरक्षा र संरक्षणको सुनिश्चितता आवश्यक छ । त्यस्तै, लामो समयदेखि पेन्डिङ रहेको उधारो असुलीसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन सके त्यसले पनि पुँजी निर्माणमा ठूलो सहयोग पुर्‍याउँछ ।

**नेपालमा सेयर बजार अपेक्षाअनुसार किन बढ्न सकेन ?**

नेपालको सेयर बजारलाई नै 'स्पेकुलेटिभ' बजार बनाइएको छ । एउटै कम्पनीको सेयरले एउटै प्रतिफल दिने भएकाले त्यसको मूल्य पनि एउटै हुनुपर्ने हो । तर सार्वजनिक र प्रमोटर सेयरको मूल्यमा ठूलो अन्तर राखिएको छ । प्रमोटर सेयरलाई सार्वजनिक सेयरमा रूपान्तरण गर्न नपाउने, बिक्रीमा विभिन्न प्रतिबन्ध र तीन वर्षको लकिङ पिरियडजस्ता व्यवस्थाले सेयरको आपूर्ति सीमित बनाएको छ । यसले बजारमा सट्टेबाजी बढाएको छ । जबसम्म यस्ता आपूर्ति नियन्त्रण र अवरोध हटाइँदैनन्, सेयर बजार पारदर्शी बन्न सक्दैन ।

# नेपालमा लगानी गर्न एनआरएन उत्साही, तर झन्झटिलो कानुन र सुरक्षाकै चिन्ता

**दुर्गा दुलाल** (ग्वाङ्झाउ)

गैरआवासीय नेपालीहरूले नेपालमा लगानी गर्न आफूहरू सधैं उत्साही रहेको तर लगानीमा समस्या भोग्नुपरेको बताएका छन् । चीनको ग्वाङ्झाउमा जारी गैरआवासीय नेपाली संघ (एनआरएनए) को ११औं दक्षिण एसिया-प्रशान्त सम्मेलनमा उनीहरूले यस्तो साझा चिन्ता व्यक्त गरेका हुन् । लगानी गर्दा भोग्नुपर्ने झन्झटिलो कानुनी प्रक्रिया र सुरक्षाको चिन्ताले सताउने गरेको उनीहरूको भनाइ छ ।

एनआरएनएका संस्थापक अध्यक्ष उपेन्द्र महतोले विदेशमा रहेका हरेक नेपाली 'मेरो देश कहिले बन्छ ?' भनेर चिन्तन गरेर बसेको र 'मैले नगरे कसले गर्छ ?' भन्ने भावना उनीहरूमा देखिएकाले नेपाल सरकारले यसलाई अवसरका रूपमा अघि बढाउनुपर्ने सुझाव दिए ।

'नेपाल नेपालीहरूले नै बनाउने हो । राम्रा र मिठा कुराले मात्र देश बन्ने भए उहिल्यै बन्थ्यो । हामी मिठा कुरा गर्न सिपालु छौं,' उनले भने, 'अब नेपालीको सभ्यता बचाएर विकास गर्नुपर्नेछ । यही एउटा हामी सबैले संकल्प गर्नुपरेको छ ।' गैरआवासीय नेपालीको लगानीले मात्र समृद्धि नहुने भन्दै उनले अब नेपाल सरकारले बुझेर सहज कानुन बनाउनुपर्नेमा जोड दिए । 'उद्यमीहरूलाई धम्काएर वा डर देखाएर होइन, देशको राम्रो वातावरण बनाएर अनि कानुनी सुरक्षा दिएर लगानी ल्याउन सकिन्छ,' महतोले भने, 'यस्तो लगानी ल्याउँदा एनआरएनए नेपाली मात्र आउँदैनन्, उनीहरूले वैदेशिक लगानी पनि भित्र्याउँछन् ।'

एनआरएनएका पूर्वअध्यक्ष विनोद कुँवरले नेपालमा काम कम गर्ने र गफ बढी गर्ने प्रवृत्ति पनि समस्या भएको बताए । नेपालमा कानुनी प्रक्रिया झन्झटिलो र लामो समयसम्म अल्झनुपर्ने भएकाले लगानीकर्ता निरुत्साहित हुने उनको भनाइ छ । 'मैले नेपाल र कोरिया दुवै देशमा बराबर लगानी गरिरहेको छु । नेपालमा गफ धेरै, काम कम हुन्छ भन्ने अनुभव भइरहेको छ,' कोरियालाई कार्यक्षेत्र बनाएर व्यवसाय गरिरहेका कुँवरले भने, 'समयअनुसारको योजना बनाउनुपर्छ । समयमै काम हुनुपर्छ । नत्र त्यो कामले नतिजा दिँदैन । अनि समय पनि पर्याप्त दिनुपर्छ ।'




नेपालको कानुनका कारण चार-पाँच घण्टासम्म कामै गर्न नपाउने अवस्था रहेको भन्दै यसले नेपालमा लगानी गर्दा धेरै दुःख हुने उनले सुनाए । 'जहाँजहाँ कानुनी समस्या छन्, त्यसलाई तत्काल सरकारले सहजीकरण गर्नुपर्छ । नेपालमा ब्याजदर निकै महँगो छ,' उनले भने, 'यस्ता कुरामा पुनर्विचार गर्नुपर्छ ।'

वरिष्ठ उपाध्यक्ष रविन शेरचनले नेपालमा लगानीका धेरै क्षेत्र रहेको र केही नयाँ पहिचान गर्नुपर्ने क्षेत्रसमेत भएकाले अब लगानी बढाउनुपर्ने बताए । त्यस्तै, कोरियामा रहेका अनुसन्धानकर्ता देवीबहादुर बस्नेतले नेपालमा मेडिकल र प्रोटिन क्षेत्रमा नयाँ इनोभेसनको काम गर्ने अवसर रहेको बताए । 'नेपालमा नयाँ क्षेत्रमा काम गर्ने अवसर प्रशस्तै छन् । के छ, त्यो खोज्नुपर्छ,' उनले भने, 'नेपालको वातावरणका कारण पनि मेडिकल क्षेत्रमा लगानी गर्न सकिन्छ ।'

एनआरएनए चीनका पूर्वअध्यक्ष निर्मल शर्मा चौलागाईंले नेपाल र चीनबीच धेरै काम गर्न सकिने भए पनि पूर्वाधारका कारण समस्या भइरहेको बताए । आफूहरूले अहिले पनि वर्षमा ६ महिनामात्र उत्तरी नाकाबाट नेपालमा सामग्री आपूर्ति गर्न सकेको र सरकारले पूर्वाधार समयमा नबनाउँदा उद्योगीहरूले लामो समयसम्म नाकामै सामान छोड्नुपर्दा ठूलो नोक्सान व्यहोर्नुपरेको उनको भनाइ थियो । त्यस्तै, एनआरएनए चीनकै पूर्वअध्यक्ष रोहित अग्रवालले कुनै पनि लगानीलाई नाफासँग जोड्न जरुरी हुने र त्यसका लागि कानुनी रूपमै ग्यारेन्टी हुनुपर्ने बताए । चीनमा सरकार धेरै व्यावहारिक भएको र आर्थिक सुरक्षा भरपर्दो भएकाले विश्वभरबाट लगानी आएको भन्दै नेपालले पनि छिमेकीबाट यो कुरा सिक्नुपर्ने उनको सुझाव छ ।

त्यस्तै व्यवसायी अरुणकुमार सुवेदीले नेपालको समस्या हरेक दिन अर्बौं लगानी गर्ने लगानीकर्ताले नासु र सुब्बालाई दैनिक नमस्कार गर्नुपर्ने अवस्था रहेको बताए । विदेशमा रहेका ४० प्रतिशत नेपालीले नेपालमा लगानी गर्न चाहेको अनुसन्धानले देखाएको भन्दै उनले राजनीतिक अस्थिरताका कारण समस्या हुने गरेको औंल्याए ।

रास्वपाका सांसद खगेन्द्र सुनारले लगानीको वातावरण बनाउने कुरामा रास्वपा सधैं तयार रहेको र आफ्ना घोषणापत्रमा पनि यो कुरा उल्लेख गरेको बताए । 'नेपालमा विगतमा जुत्ता उत्पादन गर्नेभन्दा जुत्ताको कम्पनी नै खाने चलन रहेछ,' उनले भने, 'तर अब यो परम्परा अन्त्य हुनुपर्छ र अन्त्य गर्न सरकार प्रतिबद्ध छ । तपाईंहरू लगानी गर्न आउनुस् । संसद्का रूपमा कस्ता कानुन चाहिन्छ, हामी बनाउन तयार छौं ।'

नेकपाका पूर्वसांसद माधव सापकोटाले लगानीको कुरामात्र भइरहेको तर रेमिट्यान्स कता गइरहेको छ र त्यसलाई लगानीमा किन रूपान्तरण गर्न सकिन्छ भन्ने विषयमा पनि छलफल गर्नुपर्ने बताए ।

त्यस्तै, चीनका लागि कार्यवाहक राजदूत रोशन खनालले लगानीको सम्भावना कहाँ र केमा छ भनेर खोजी गरेमा राजदूतावासले सहयोग गर्ने बताइन् । उनले चीनमा रहेर व्यवसायमा सफल भएका ६१ प्रतिशतले नेपाल फर्कन चाहेको इच्छा व्यक्त गर्ने गरेको बताइन् । शनिबारबाट सुरु तीनदिने सम्मेलनमा सहभागी हुन नेपालसहित विश्वका विभिन्न मुलुक तथा एसिया प्यासिफिक क्षेत्रका देशबाट प्रतिनिधि तथा संघका अगुवाहरू ग्वाङ्झाउमा भेला भएका छन् ।

# बैंकमा पैसाको थुप्रो...

'खराब कर्जा बढे पनि केही धेरै बैंकको ऋण असुलीमा सुधार भएकाले त्यसबापतको नोक्सानी व्यवस्था बढेको छ । तर, बैंकमा पैसा थुप्रिएको छ भने कर्जा माग बढेको छैन,' उनले थपे, 'अर्थतन्त्रको अवस्थामा सुधार नभएसम्म बैंकहरूले पनि दिगो रूपमा नाफामा वृद्धि गर्न सक्दैनन् ।' पुरानो ऋण उठेपछि गत आर्थिक वर्षमा बैंकहरूको खराब केही बढे पनि त्यसबापतको नोक्सानी व्यवस्थामा भने कमी आएको छ । गत असारसम्म बैंकहरूको नोक्सानी व्यवस्था ३७ अर्ब ३० करोड छ । गत वर्ष बैंकहरूको नोक्सानी व्यवस्था ४४ अर्ब ६९ करोड रहेको थियो । गत असारसम्म बैंकहरूको खराब कर्जा औसत ५.३५ प्रतिशत छ । अघिल्लो आर्थिक वर्षको अन्त्यमा यस्तो कर्जा ४.५१ प्रतिशत थियो । पाँच बैंकको यस्तो कर्जा सात प्रतिशतभन्दा माथि छ । यसमध्ये प्रभु बैंकको खराब कर्जा सबैभन्दा धेरै १५.५५ प्रतिशत छ । एभरेस्ट बैंकको सबैभन्दा कम ०.४९ प्रतिशत रहेको वित्तीय विवरणमा उल्लेख छ ।

यस्तै, गत आर्थिक वर्ष बैंकहरूको खुद ब्याज आम्दानी एक प्रतिशतले बढेको छ । गत असारमा बैंकहरूले १ खर्ब ९२ अर्ब ३५ करोड रुपैयाँ ब्याज आयआर्जन गरेका छन् । अघिल्लो आर्थिक वर्षको अन्त्यमा यस्तो आय १ खर्ब ८९ अर्ब ८४ करोड रुपैयाँ थियो । बैंकहरूको कर्जा लगानी अपेक्षित दरमा बढ्न नसक्दा ब्याज आसमा सामान्य वृद्धि रहेको हो । गत असारमा चार वटा बैंकको वितरण योग्य मुनाफा नै ऋणात्मक र बाँकी १६ वटाको सकारात्मक छ । गत वर्षको मुनाफाका आधारमा बैंकहरूले औसतमा १३.४२ प्रतिशत लाभांश दिन सक्ने सम्भावना छ ।

ब्याज नउठेका कारण गत वर्षको चौथो त्रैमासमा बैंकहरूले नियामकीय सञ्चितिमा ४ अर्ब ८२ करोड रुपैयाँ राखेका छन् । राष्ट्र बैंकको निर्देशनअनुसार बैंकहरूले ५१ प्रतिशत बराबर रकम राखे पुग्ने व्यवस्था छ ।

गत आर्थिक वर्षको अन्त्यसम्म बैंकहरूको औसत प्रतिसेयर आम्दानी १९ रुपैयाँ ९६ पैसा छ । यसको अर्थ बैंकमा लगानी भएको एक सय रुपैयाँले करिब २० रुपैयाँ कमाएको छ भन्ने हो । अघिल्लो वर्ष बैंकहरूको औसत प्रतिसेयर आम्दानी १६ रुपैयाँ ४२ पैसा रहेको थियो । धेरै बैंकहरूको वितरणयोग्य नाफा घटेकाले समग्रमा बैंकहरूको वित्तीय विवरण उत्साहित नभएको नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहालले बताए । 'चौथो त्रैमासको वित्तीय विवरण मिश्रित खालको छ । केही बैंकले राम्रोसँग पोर्टफोलियो व्यवस्थापन गरेका छन् । उनीहरूको कर्जा प्रवाह, असुली, खराब कर्जालगायत सबै सूचकमा राम्रो देखिएको छ,' उनले भने, 'तर, केही बैंकको कर्जा पनि बढेको छैन, असुली पनि राम्रो छैन, खराब कर्जाबापतको व्यवस्था पनि बढेको छ ।'

यस्तै, गत आर्थिक वर्ष वित्तीय र बिमा क्षेत्र ९.१६ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरिएको छ । यो वृद्धिदर अघिल्लो आर्थिक वर्षको तुलनामा १.६१ प्रतिशत बिन्दुले बढी हो । बैंकमा निक्षेप तथा ऋण प्रवाहमा भएको वृद्धि र निर्जीवन बिमा तथा जीवन बिमाको नवीकरण बिमा शुल्क प्रिमियम संकलन बढ्ने देखिएकाले गत वर्षभन्दा यस वर्ष वित्तीय र बिमा क्षेत्रको वृद्धिदरमा सुधार हुने अनुमान रहेको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ ।

'सामाजिक सुरक्षा कोष, सञ्चय कोष, नागरिक लगानी कोष तथा धितोपत्र कारोबार व्यावसायिक तथा मर्चेन्ट बैंकहरूको आयमा समेत वृद्धिका कारण यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा बढोत्तरी हुने अनुमान गरिएको छ,' तथ्यांक कार्यालयले भनेको छ । आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको वृद्धिदर ७.५५ प्रतिशत रहने संशोधित अनुमान राष्ट्रिय तथ्यांक कार्यालयको छ । आर्थिक वर्ष २०८०/८१ मा भने यो क्षेत्रको वृद्धिदर ९.९६ प्रतिशत कायम भएको छ ।

गत आर्थिक वर्षमा यो क्षेत्रको वृद्धिदरमा सुधार आए पनि कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा योगदान बढ्न सकेको छैन । बरु झिनो रूपमा खुम्चिएको छ । गत आर्थिक वर्षमा वित्तीय र बिमा क्षेत्रले जीडीपीमा ६.७२ प्रतिशत योगदान पुर्‍याउने तथ्यांक कार्यालयको अनुमान छ । अघिल्लो आर्थिक वर्षमा जीडीपीमा यो क्षेत्रको योगदान ६.७८ प्रतिशत थियो ।

गत आर्थिक वर्षको अन्त्यसम्म बैंक तथा वित्तीय संस्थामा करिब १५ खर्ब रुपैयाँ ऋण दिन मिल्ने रकम (अधिक तरलता) थुप्रिएको छ । न्यून कर्जा माग र बढिरहेको रेमिट्यान्सका कारण निक्षेप चुलिएकाले चालु वर्षका सबै महिनामा बैंक तथा वित्तीय संस्थामा ऋण दिन मिल्ने रकम लगातार बढेको देखिन्छ ।

# घरमाथि पहिरो, बस्तीमुनि चिरा

## रोल्पा र बाजुरामा पहिरोले एक सातामै २४ को मृत्यु, ५ सयभन्दा बढी विस्थापित

**काशीराम डाँगी** (रोल्पा) र **प्रेम रौले** (बाजुरा)

घर माथिबाट पहिरो खसेर जमिन चिराचिरा भएपछि रोल्पाको थबाङ-५ उवास्थित ठूलो गाउँ र सुनछहरी-१ सेरम र घुसबाङ गाउँका बासिन्दा पाँच दिनदेखि त्रासमा बसिरहेका छन् । बुधबारदेखिको निरन्तर वर्षाले ती गाउँका बस्ती ठाउँ-ठाउँमा फाटेको छ भने धेरै ठाउँमा लेदो बगेको छ ।

झन्डै ३ सय घरधुरी रहेको उवाको ठूलोगाउँमा पहिरो जाँदा र जमिन चिरा पर्दा दिनरात डरैडरमा बस्नुपरेको स्थानीय ढुकमन रोका मगरले बताए । ठूलोगाउँका केही घरमा बस्नै नसकिने अवस्था रहेको उनले सुनाए । 'जोखिमपूर्ण अवस्थामा पनि घरमै बसेकालाई अस्थायी रूपमा अन्यत्र बसाउने प्रयास भएको छ । तर सबैलाई सुरक्षित रूपमा स्थानान्तरण गर्न सकिएको छैन,' उनले भने ।

उवा ठूलोगाउँका जमान रोका घर नै चर्किएपछि दिउँसोतिर वर्षा रोकिएका बेला मात्रै खाना पकाउन घरमा आउने गरेका छन् । राति जमान र उनकी पत्नी नजिकैको गोठमा सुत्न जान्छन् भने बुहारीलाई तल्लो गाउँमा रहेको आफ्नै पसलमा बस्न भनेका छन् । जमानका छोरा रामकुमार वैदेशिक रोजगारीमा मुलुकबाहिर छन् ।

स्थानीयका अनुसार घरमा बस्न नसकिने गरी जोखिममा रहेका परिवारलाई ठूलोगाउँ नजिकैको दाङसबाङ र उचिन भन्ने स्थानका घर र डाँडामा अस्थायी रूपमा बसाल्ने गरिएको छ । पानी पर्दा घरबाहिर (सुरक्षित स्थानतिर) निस्कनु र अन्य समयमा घरमै आश्रय लिएर बस्नुबाहेक तत्काल अर्को विकल्प नभएको थबाङ-५ का कार्यवाहक अध्यक्ष बुद्धि घर्तीमगरले बताए । गाउँका करिब २८ घर बस्नै नसकिने अवस्थामा रहेको उनले सुनाए । 'हामीले गाउँको अवस्था पालिका र जिल्ला प्रशासनलाई जानकारी गराएका छौं । प्रहरी कार्यालयसँग मिलेर निरन्तर उद्धार र सहयोगमा जुटेका छौं,' उनले भने ।

गत बुधबार राति १३ जनाको ज्यान लिएको कोटलबारा पहिरोले सुलिचौर उवा गाउँ हुँदै थबाङ पुग्ने एक मात्र सडक पनि भत्काएको छ । वर्षौंअघि निर्माण भए पनि स्तरोन्नति नभएको उक्त सडक सुनछहरी गाउँपालिकाको फुलिवनदेखि उवातर्फ अवरुद्ध छ । कोटलबारा पहिरोपीडित परिवारलाई राहत एवं सहयोग सामग्री लगेर जानेहरूको अन्तिम गन्तव्य नै फुलिवन भएको छ । उवाका कार्यवाहक वडाध्यक्ष घर्तीमगरले सडक अवरुद्ध हुँदा उवाका लागि आएको राहत र अन्य सहयोग सामग्री फुलिवनमा थुपार्ने गरिएको बताए ।

पहिरो र बाढीले उवामा रहेको लघु जलविद्युत् आयोजनाको उत्पादन रोकिएका कारण पहिरोपीडितलाई निकै सास्ती भएको उपल्लो उवाका वडाध्यक्ष हिक्मतसिंह घर्तीमगरले बताए । प्रभावित परिवारलाई सहयोगका लागि अमर पुन मगरको संयोजकत्वमा राहत संकलन समिति बनाइएको उनले जानकारी दिए । उवास्थित प्रहरी चौकी प्रमुख आरएस चौधरीले पहिरोबाट भएको क्षतिको विस्तृत विवरण अझै संकलन हुन नसकेको बताए ।

सुनछहरी-१ का वडाध्यक्ष धनीमन रोकाले त्रासका कारण आफ्नो परिवारले सेरमस्थित मूल घर छोडेको बताए । 'घरमा बस्दा खतरा हुने देखेपछि गोठमा सरेका छौं । हाल बस्दै आएको घरबाहेक अन्यत्र व्यवस्थापन गर्न नसक्ने भएकालाई विकल्प दिन चुनौती छ,' उनले भने । बैमा भीरको चिरिएको जमिनबाट लेदो बगेपछि सेरमका बासिन्दा त्रसित बनेको उनले सुनाए ।

अत्यधिक वर्षाले सेरम गाउँमा धेरै ठाउँ पानीका मूल फुटेका छन् भने जमिन चिराचिरा भएको छ । पहिरोपछि सेरम पुगेका पर्यटन व्यवसायी बाल्कुराम पुनले घरमा बस्न नमिल्ने अवस्थाकालाई तत्काल अन्यत्र सार्नुको विकल्प नभएको बताए । 'उवा, सेरम र गामका गाउँहरू जता हेर्‍यो, पहिरो र फाटेको जमिन मात्रै देखिन्छ । बसेको ठाउँ सुरक्षित नभएकाले भिरालो स्थानमा बसेकाहरू कहाँ जाने भन्ने अन्योलमा छन्,' उनले भने, 'उनीहरूलाई तत्कालै सुरक्षित ठाउँमा सार्नु जरुरी छ ।'

तल्लो र माथिल्लो उवाभित्रका बस्ती, सेरमको ठूलो गाउँ, घुसबाङ र फुलिवन एवं गामका गिच्छे, भलुङ्सुङ, फलबाङ, ज्वाखोला, झिल्कुङ, बासा, चलबाङ, सल्कुबाङ र राबाङलगायतका धेरै बस्ती पहिरोको जोखिममा रहेको पुनले बताए । बुधबारयता कोटलबारामा १३ सहित सुनछहरीको गाम, सेरम र अन्य स्थानमा गरेर एक सातामा २३ जनाको ज्यान गएको छ ।

### तास्सुका पहिरोपीडितको सडकको बास

बिहीबार मध्यराति पहिरो खसेपछि विस्थापित भएका बाजुराको त्रिवेणी नगरपालिका-९ तास्सुका बासिन्दा सडकमा त्रिपाल टाँगेर बसिरहेका छन् । गाउँको माथि र तलबाट पहिरो जान थालेपछि विस्थापित भएका ४३ परिवार सडकमा, १५ परिवार महालक्ष्मी आधारभूत विद्यालयमा र दुई परिवार सहकारी भवनमा आश्रय लिएर बसेका छन् । वडा कार्यालयका अनुसार पहिरोको जोखिममा रहेका बस्तीका २ सय ३५ जना विस्थापित भएका छन् ।

रिङतोला-तास्सु, वडा कार्यालय हुँदै नगरपालिका जोड्ने सडकमा ४३ परिवारलाई त्रिपालमा बसाइएको वडाध्यक्ष नन्दबहादुर थापाले बताए । अविरल वर्षासँगै बिहीबार मध्यराति घर पछाडिबाट आएको पहिरोले धर्म थापा र कर्ण थापाको घर पूर्ण रूपमा क्षति भएको थियो । पहिरोमा परेर एक जनाको मृत्यु भएको थियो । दुई जना घाइते भए । पहिरोमा परेर मृत्यु भएकी प्रतीक्षा थापाको परिवारलाई नगरपालिकाबाट दुई लाख रुपैयाँ राहत दिने निर्णय भएको नगरप्रमुख कर्णबहादुर थापाले जानकारी दिए ।

पहिरोबाट प्रभावित ५८ परिवारको अन्नपात र लत्ताकपडा सुरक्षित राखिए पनि पूरै घर क्षति भएका परिवारलाई नगरपालिकाले खाद्यान्न, भाँडाकुँडा र ओढ्ने-ओछ्याउने कपडा उपलब्ध गराइएको वडाध्यक्ष थापाले बताए । जिल्ला प्रशासन कार्यालयको समन्वयमा नेपाल रेडक्रस सोसाइटी बाजुरा शाखाले ६१ त्रिपाल र खानेपानी सम्पर्क कार्यालय मार्तडीले पाइप सहयोग गरेका छन् ।

## भूकम्प प्रभावित...

'विस्थापितलाई सुरक्षित स्थानमा सार्न मात्र सकिएको छ,' उनले भने, 'चामल, दाललगायत खाद्यान्न प्रभावित बस्तीमा पुर्‍याउन सकेका छैनौं, पेटभरि कसैले खान पाएका छैनन् । मानिस हिँड्न सक्ने गरी मात्रै बाटो खुल्यो भने सोमबार दिउँसोसम्म विस्थापितका लागि खाद्यान्न पुग्ला ।'

पहिरो प्रभावितका लागि कर्णाली प्रदेश सरकारले ४ क्विन्टल चामल, ५० किलो चिउरा, १ सय ५० थान त्रिपाल, २ रोल कालो प्लास्टिक, २० थान टेन्ट र १ सय ५० थान ब्ल्यांकेट पठाएको छ । प्रजिअ अधिकारीले प्रदेश सरकारले पठाएको खाद्यान्न आएपछि भरियामार्फत बोकाएर भए पनि प्रभावित क्षेत्रमा पुर्‍याइने जानकारी दिए ।

जाजरकोटका ६८ भूकम्प प्रभावित बस्ती नै पहिरोको उच्च जोखिममा रहेको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ । समितिका अनुसार भूकम्पले बढी क्षति पुर्‍याएका छेडागाडको सागाचौर, लिबाल, डेटकुले, बारेकोटको लैखम, भेरी नगरपालिकास्थित चौर, चौपानी, मैदे, शिवालयस्थित दुनगारा, लुपपाखा, भिउस, नलगाडको चिउरी, पालीलगायत बस्ती पहिरोको उच्च जोखिममा छन् । 'भूकम्पका कारण यसअघि नै ठाउँठाउँमा जमिन फाटेको थियो,' प्रजिअ अधिकारीले भने, 'एक त भूकम्पले जमिनलाई कमजोर बनाएको थियो, त्यसमा लगातार पानी पर्दा पहिरो गएर थप क्षति पुर्‍यायो ।'

गत २९ असारमा पनि अस्थायी टहरामा बस्दै आएकी भेरी-२ राङ्सीकी ७१ वर्षीया जसीकुमारी शाहीको पहिरोमा परी मृत्यु भएको थियो । त्यतिबेला ३ जना घाइते भएका थिए । गत वर्ष पहिरोमा परी जाजरकोटमा ८ जनाको ज्यान गएको थियो भने रुकुम पश्चिमको आठबीसकोट नगरपालिका-१२ झिन्चौरमा आएको बाढीमा परी झन्डै एक दर्जन अस्थायी आवास भत्किँदा ७ जनाको मृत्यु भएको थियो ।

अधिकांश भूकम्पपीडितले जंगलको छेउ, खोलाकिनार, बारीको छेउ र भिरालो जग्गामा अस्थायी आवास निर्माण गरेकाले पहिरोको ठूलो जोखिम रहेको भूगर्भविद् सन्तोष शर्माले बताए । उनका अनुसार अरू सामान्य अवस्थाभन्दा भूकम्पपछिको समयमा पहिरोको जोखिम झन्डै ८० प्रतिशतले बढी हुन्छ । 'भूकम्पले पहाडको माटो र चट्टान हल्लिएर जमिन खुकुलो हुन्छ, जमिन चिरा पर्छ,' उनले भने, 'त्यसैले थोरै पानी पर्दा वा सामान्य कम्पन हुँदा पनि माटो खस्न थाल्छ ।'

भूकम्पको पीडा नसेलाउँदै पहिरोले अस्तव्यस्त बनाएको त्रिभुवन आधारभूत विद्यालयका शिक्षक रमेश कार्कीले बताए । 'एक त स्थायी आवास नबन्दा टहरामै कष्टकर जीवन बिताउन बाध्य थियौं, त्यसैमा पहिरोले थप पीडा दियो,' उनले भने, 'पानी अझै रोकिएको छैन, थप क्षति बढ्ने देखिन्छ । विस्थापितहरू भोकभोकै बसिरहेका छौं ।'

भूकम्पका कारण घरबारविहीन भएपछि जाजरकोटमा मात्रै ४८ हजार ५ सय १७ लाभग्राही कायम भएका छन् । तीमध्ये ३४ हजार ९ सय ५४ अस्थायी आवास निर्माण भएका छन् । तर अहिलेसम्म पुनर्निर्माणको काम सुरु नभएको प्रजिअ अधिकारीले बताए । उनका अनुसार पहिरोमा परेकाको उद्धारका लागि नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी गरी दुई सय जना सुरक्षाकर्मी परिचालन गरिएको छ ।

# देउवाको 'हिन्दु लाइन'...

देउवा पक्षको तीन दिनसम्म चलेको भेलाको घोषणापत्रमा भनिएको छ, 'नेपालको सनातनदेखि चलिआएको धर्म संस्कृति हाम्रो राष्ट्रिय पहिचान पनि हो । नेपालमा रहिआएको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र हरेक व्यक्ति र धार्मिक समुदायको आफ्नो धर्म मान्ने धार्मिक स्वतन्त्रतालाई सुनिश्चित गर्दै चलिआएको हिन्दु, बौद्ध, किरात र प्राकृत धर्मको संरक्षण गर्ने दायित्वलाई दृष्टिगत गरी सनातन धर्मलाई राष्ट्रको पहिचान रूपमा अघि बढाउने प्रतिबद्धता गर्नेछ ।'

कांग्रेस नेता प्रकाशशरण महतका अनुसार संविधान जारीपछिको कांग्रेसको आन्तरिक जीवनमा यो महत्त्वपूर्ण 'डिपार्चर' हो । कांग्रेसका यसअघिका आन्तरिक फोरम र बैठकमा हिन्दु धर्मको मत सशक्त बन्दै आए पनि नेतृत्व र संस्थागत रूपमा पार्टीले स्वामित्व लिन मानेको थिएन ।

नेताहरूका अनुसार देउवापक्षको भेलामा हिन्दु धर्मसम्बन्धी विषय अन्तिम समयमा थपेर ५ बुँदे घोषणापत्रमार्फत पारित गरिएको हो । भेलाका लागि तयार पारिएको २० बुँदे निष्कर्षमा यसबारे उल्लेख थिएन । त्यसलाई हलमा प्रस्तुत नगरी देउवाको निर्देशनमा छुट्टै पाँचबुँदे घोषणापत्र तयार पारेर पढिएको एक नेताले बताए ।

भेलाका लागि तयार पारिएको २० बुँदे निष्कर्षको १६ औं बुँदामा 'नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक भएको उल्लेख गर्दै सबै धर्म-सम्प्रदायलाई आफ्नो धर्म र संस्कृतिको पालना तथा संरक्षण गर्ने स्वतन्त्रता सुनिश्चित गर्ने' मात्र भनिएको छ । सनातन धर्मलाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउने वा हिन्दु राष्ट्रको राजनीतिक लाइन लिने विषय त्यसमा थिएन ।

नेता विमलेन्द्र निधिले प्रस्तुत गरेको राजनीतिक प्रस्तावमा पनि हिन्दु धर्मलाई राष्ट्रिय पहिचानसँग जोडेर राजनीतिक एजेन्डा बनाउने विषय थिएन । भेलाको दोस्रो दिन तयार २० बुँदे निष्कर्षलाई नै आधार बनाएर अघि बढ्ने तयारी थियो । तर देउवाले अन्तिम समयमा फरक पाँचबुँदे घोषणापत्र तयार पार्न लगाएका थिए । त्यसमा 'नेपालको सनातनदेखि चलिआएको धर्म-संस्कृति राष्ट्रिय पहिचान पनि हो' भन्ने विषय राखियो । 'हिन्दु, बौद्ध, किरात र प्रकृति धर्मको संरक्षण तथा धार्मिक स्वतन्त्रता सुनिश्चित गर्दै सनातन धर्मलाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउने प्रतिबद्धता गर्नेछ' भन्ने पनि उल्लेख गरियो ।

पाँचबुँदे घोषणापत्रलाई लिएर निधि र प्रकाशशरण महतबीच मञ्चमै केहीबेर नोकझोकसमेत भएको थियो । पहिल्यै तयार पारिएको प्रस्ताव नपढी नयाँ पाँचबुँदे ल्याइएपछि निधिले पोडियममै गएर असन्तुष्टि जनाएका थिए । त्यसका बाबजुद पाँचबुँदे घोषणापत्र नै हलमा पढेर पारित गरियो । नेता कृष्णप्रसाद सिटौलाले पनि हिन्दु धर्मका बारेमा राखिएको लाइनप्रति असन्तुष्टि जनाएका थिए । सिटौला तत्कालीन संविधान निर्माणका बखत मस्यौदा समितिका संयोजकसमेत हुन् ।

भेलाको समापन कार्यक्रममा बोल्दै गर्दा पनि देउवाले आफू हिन्दु भएको जोसिएर भनेका थिए । उनले आफ्नो विवाह, व्रतबन्ध सबै हिन्दु परम्पराअनुसार भएको पृष्ठभूमि जोड्दै दुवै हात उठाउँदै तीन पटकसम्म भने, 'म हिन्दु हुँ.. हिन्दु हुँ.. हिन्दु ।' कांग्रेसका एक नेताका अनुसार हिन्दु धर्मको माहोल हलमा खडा नहोस् भनेर उद्घाटन कार्यक्रममा नेता शंकर भण्डारीलाई बोल्नसमेत रोकिएको थियो । देउवा समूहभित्र हिन्दु धर्म र संवैधानिक राजतन्त्रसम्बन्धी लाइनको नेतृत्व भण्डारीले गर्दै आएका थिए । यसबारेमा प्रतिक्रिया लिन खोज्दा महतले ठूलो विवाद नभएको भन्दै कुरा मोडे । '१४ औं महाधिवेशनबाट आएको केन्द्रीय कार्यसमितिलाई निर्वाचित कार्यसमिति भनेर उल्लेख गर्ने कि नगर्ने भनेर सामान्य कुरा भएका हो, मिडियाले बढी देखाएको हो,' उनले भने ।

महतले भेलाले दुई वटा दिशामा नयाँ 'डिपार्चर' लिएको बताए । यसअघि विशेष महाधिवेशनबाट सभापति गगन थापाले अघि सारेको सामाजिक लोकतन्त्रको नीतिलाई देउवा पक्षीय भेलाले खण्डित गरेको छ । महतका अनुसार सामाजिक लोकतन्त्रको ठाउँमा बीपीको प्रजातान्त्रिक समाजवादकै लाइनलाई अघि सारिएको छ । उनले महत्त्वपूर्ण 'डिपार्चर' भने हिन्दु धर्मकै विषय भएको बताए ।

'संविधानले धर्म निरपेक्षता भनेको थियो । सनातन धर्मको राज्यले संरक्षण गर्ने कुरा थियो । तर, हामीले सनातन धर्मलाई राष्ट्रिय पहिचान हो भनेर भनेका छौं,' महतले भने, 'कांग्रेसभित्र हिन्दु धर्मको मत पहिल्यदेखि नै थियो । संविधान निर्माणका बखतमा नै यस्तो मत आएको हो । सहमति नभएका कारणले मात्रै यस्तो लेखिएको थियो । पार्टीले पनि संविधानमा लेखिएको विषय हो भनेर दोहोर्‍याउँदै आयो । यस पटक हामीले सम्मेलनबाटै यो नीति पारित गरेका छौं ।'

कांग्रेसले यसअघिदेखि नै आफ्नै नेतृत्वमा संविधान जारी भएको र संविधानले नेपाललाई धर्मनिरपेक्ष राज्यका रूपमा परिभाषित गरेको विषयलाई राजनीतिक उपलब्धिका रूपमा प्रस्तुत गर्दै आएको छ । नेता एनपी सावद सनातन धर्मको विषयलाई पार्टीले बनाउने नीतिकै रूपमा समेट्नु कांग्रेसको परम्परागत राजनीतिक लाइनमा महत्त्वपूर्ण परिवर्तनको संकेत भएको बताए । यसअघि कांग्रेसभित्र संविधानको धर्मनिरपेक्ष व्यवस्थालाई लिएर औपचारिक रूपमा यति बलियो राजनीतिक लाइन कुनै पनि भेलाले पारित गरेको थिएन ।

यही कारण देउवा पक्षको भेलाबाट पारित सनातन धर्मसम्बन्धी राजनीतिक लाइनलाई कांग्रेसको संस्थापन पक्षले तत्काल औपचारिक रूपमा स्वीकार वा अस्वीकार गर्न चाहेको छैन । कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले भेलाबाट पारित सबै विषयबारे तत्काल टिप्पणी गर्न अस्वीकार गरे । उनका अनुसार भेलामा सहभागी नेताहरू पनि कांग्रेसकै भएकाले पार्टी, लोकतन्त्र र देशको हितमा रहेका सकारात्मक विषयलाई कांग्रेसले नकारात्मक रूपमा नलिने बताए । तर सनातन धर्मलाई राष्ट्रिय पहिचान बनाउने निर्णयमा पार्टीले स्वामित्व लिने हो कि होइन भन्ने प्रश्नमा उनले स्पष्ट धारणा दिएनन् । 'पार्टीको निर्णय चलिरहेका बेला यस्ता विषयमा टिप्पणी गर्नु उपयुक्त हुँदैन,' उनले भने, 'तर भेलाले पारित गरेका संगठनलाई सुदृढीकरण बनाउने, संगठनलाई बलियो बनाउने सवालमा कांग्रेस, लोकतन्त्र र देशको हितमा हुने जे-जे चिज छन्, कांग्रेसले त्यसलाई नकारात्मक रूपमा लिँदैन, कसरी समाविष्ट गर्ने भन्नेबारेमा कुरा गर्छौं, ग्रहण गरेर नै जान्छौं,' शर्माले भने ।

देउवा पक्षले विशेष महाधिवेशन र त्यसबाट निर्वाचित सभापतिसहितको केन्द्रीय कार्यसमितिलाई अस्वीकार गर्ने नीति बनाएको छ । यसअघिको १४ औं महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवाको नेतृत्वबाट मात्रै पार्टी एकता हुन सम्भव रहेको र आगामी १५ औं महाधिवेशन पनि उनकै नेतृत्वमा हुने कुरा औपचारिक अडान नै बनाएको छ ।

'१४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको निर्णय र आयोजनामा १५ औं महाधिवेशन सम्पन्न गरिनेछ र पार्टी सभापति शेरबहादुर देउवाको सभापतित्वमा १५ औं महाधिवेशन सम्पन्न हुनेछ,' पाँचबुँदे घोषणापत्रको पहिलो बुँदामा भनिएको छ, 'उहाँकै नेतृत्वमा पार्टी एकताबद्ध भई १५ औं महाधिवेशन सम्भव हुने दृढ विश्वास यो सम्मेलनले व्यक्त गर्दछ । १५ औं महाधिवेशनसम्म आवश्यक पार्टीको नियमित क्रियाकलाप सभापतिको निर्देशनमा राष्ट्रिय भेला र सम्मेलनका संयोजकले नै संयोजन गर्दै जानु हुनेछ ।'

यो निर्णयले कांग्रेसभित्र एकताका लागि चलिरहेको प्रयासमा झनै दूरी बढाउने काम भएको छ । पूर्वसभापति उपस्थित भएकै कार्यक्रममा एउटा संवैधानिक निकाय र अदालतले समेत वैधता दिइसकेको सभापतिलाई अस्वीकार गर्ने कुराले अदालतको पनि अवहेलना भएको कांग्रेस उपसभापति शर्मा बताउँछन् ।

'शेरबहादुर देउवा उपस्थित भएकै कार्यक्रमबाट यस्तो निर्णय आउनुले अदालतको समेत अपहेलना गरेको ठहर्छ । पुनरावलोकनमा निस्सा दिनु भनेको शेरबहादुर देउवा सभापति बनाएको होइन । अदालतले जति भनेको छ, त्योभन्दा बढी गएर बोल्नु, सोच्नु र सभापति भनेर भन्नु भनेको अदालतको अपहेलना हो,' शर्माले भने, 'यसले पार्टीलाई एक बनाउनेभन्दा पनि दूरी बढाउनेतिर गएको छ, तर हामी हरसम्भव मिलाउने प्रयासमा छौं ।'

देउवा पक्षले गगन थापा नेतृत्वकै केन्द्रीय कार्यसमितिले गराएको महाधिवेशनमा नजाने र उनको नेतृत्वमा एकतासमेत नगर्ने नीति बनाएको छ । सभापति थापाले देउवालाई सभापति नस्विकारेमा सर्वोच्च अदालतले २१ साउनमा दिएको कांग्रेसको विवादसम्बन्धी मुद्दाको पुनरावलोकनको अन्तिम टुंगो नलागेसम्म महाधिवेशनका तालिका स्थगित गर्नुपर्ने माग देउवा पक्षका नेताहरूको छ ।

कांग्रेस नेता सावद अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा महाधिवेशन वा अन्य सांगठनिक गतिविधि अघि बढाउँदा त्यसले विवादको अन्तिम परिणाममा असर पार्ने र अदालतको अपहेलना हुने बताउँछन् ।

तर, संस्थापनपक्षले अदालतको फैसला आउन ढिलाइ हुने भएकाले केन्द्रीय महाधिवेशन तोकिएकै मितिमा गर्नुपर्ने विधानको बाध्यता रहेको बताउँदै आएको छ ।

उपसभापति शर्माले यसअघि तोकिएको १६-१९ असोजको कार्यतालिका यथाथत् राखेर अरू तलका तालिकामा केही परिमार्जन हुने बताए । 'कति परिमार्जन गर्ने भन्नेबारेमा केन्द्रीय कार्यसमितिले निर्णय गर्छ,' उनले भने, 'केन्द्रीय अधिवेशन भने तोकिएकै मितिमा हुन्छ ।'

कांग्रेस विधानअनुसार पार्टीको कार्यकाल पाँच वर्षभन्दा बढी लम्ब्याउन मिल्दैन । पार्टी विधानमा चार वर्षको कार्यकाल छ । त्यसभित्र गर्न नसके एक वर्ष बढाउन सकिने व्यवस्था छ । आगामी मंसिरमा १४ औं महाधिवेशन गरेको पाँच वर्ष पुग्दै छ ।

नेता साउदले अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा महाधिवेशनका कार्यक्रम स्थगन नगरेमा रोक्ने माग दाबी लिएर अदालत जाने बताए । 'बीचमा एकता संवाद र छलफल निरन्तर जारी रहन्छ, तर पुनरावलोकन गर्ने सर्वोच्चको आदेशलाई नजरअन्दाज गरेर अधिवेशनतिर लाने काम भनेको अदालतको अपहेलना गर्नु हो,' उनले भने, 'कांग्रेस विवादसँग सम्बन्धित विचाराधीन मुद्दामा दूरगामी प्रभाव पार्ने काम गर्न पाइँदैन ।'

# एक महिनामै...

सानो अन्डाको मूल्य ३ हजार रुपैयाँ पेटी नै कायम थियो । संघले चितवनमा भएको भौतिक तथा भर्चुअल बैठकमा देशभरका अन्डा उत्पादकहरूको राय, परामर्श र सिफारिसका आधारमा समर्थन मूल्य निर्धारण गर्दै आएको जनाएको छ ।

कुखुरामा बर्डफ्लु संक्रमण फैलनुपश्चात् अन्डाको मूल्य निरन्तर बढेको संघका अध्यक्ष विनोद पोखरेलले बताए । उनका अनुसार संक्रमण फैलिनुअघि ठूलो अन्डाको मूल्य प्रतिक्रेट ५३५ रुपैयाँ थियो । तर बर्डफ्लु फैलिएपश्चात् मूल्य घटेर प्रतिक्रेट ४७५ पुगेको संघका अध्यक्षले बताए । उनले बर्डफ्लुले करिब १० लाख कुखुरा नष्ट भएको र त्यसले अन्डा उत्पादनमा कमी आएको छ । 'अहिले दैनिक ४१ लाख गोटा माग हुन्छ तर उत्पादन करिब ३० लाख मात्रै छ । अन्डाको मूल्य बढाउँदा पनि किसानले अझै उत्पादन मूल्य पाउन सकेका छैनन् ।' किसानले लागत मूल्य पाऊन् भन्ने उद्देश्यले मूल्यवृद्धि गरे पनि अझै पाउन नसकेको उनले बताए । 'अन्डाको लागत मूल्य प्रतिक्रेट ५७३ छ । ठूलो अन्डाको मूल्य ५४५ मात्रै पाएका छन् ।'

पशु सेवा विभागका अनुसार बर्डफ्लुबाट ४ फागुनदेखि असार मसान्तसम्म १२ जिल्लाका १६२ वटा फार्म प्रभावित भएका थिए । जसमा संक्रमणबाट ८ लाख ३५ हजार ५६३ वटा पन्छी नष्ट गरिएको छ । साथै १२ लाख २५ हजार ५ सय ३६ वटा अन्डा र २ लाख ६४ हजार २ सय १३ किलो दाना नष्ट गरिएको थियो ।

बजारमा माग र अभावको अवस्थालाई देखाएर व्यापारीदेखि संस्थाहरूले आफूखुसी मूल्य बढाउने गरेको उपभोक्ता अधिकारकर्मीहरूले बताउँदै आएका छन् । उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले सरकारी नियमन गर्न नसक्नु, कुनै पनि मापदण्ड नराख्नु र प्रभावकारी अनुगमन नहुनुले पनि बजारमा अस्वाभाविक रूपमा दैनिक उपभोग्य वस्तुको अस्वाभाविक मूल्य बढ्ने गरेको बताए । 'मूल्य तोक्ने कुनै पनि कानुन र संयन्त्र छैन । यसले व्यापारीहरूको मनोबल बढेको छ, बजारमा अभाव देखाउने र मूल्य बढाउने गरिन्छ ।' वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका सूचना अधिकारी अनिल किराँतीका अनुसार नेपालमा मूल्य निर्धारण गर्ने छुट्टै कानुनी व्यवस्था वा मापदण्ड छैन । 'विभागले उत्पादक संघहरूले तोकेको मूल्यअनुसार बिक्री भएको/नभएको मात्रै अनुगमन गर्छ ।'


**FUJI LIFT**
**FOR SALE**
**Capacity – 6 People**
**Currently Running – 7th Floor**
**AS GOOD AS NEW**
**Contact: +977-9708919575**

**पोखरा विश्वविद्यालय**
**स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसल इन्जिनियरिङ्ग**
**पोखरा-३०, कास्की**

**पूर्णकालिन करार सेवामा शिक्षक आवश्यकता सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०५/०१)**

पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसल इन्जिनियरिङ्गमा सञ्चालित B.A.LL.B. कार्यक्रममा अध्यापन गराउनका लागि पूर्णकालिन करार सेवामा शिक्षक आवश्यक भएकाले इच्छुक व्यक्तिहरूबाट मिति २०८३।०५।०१ गते देखि २०८३।०५।१५ गते सम्म कार्यालय समय भित्र आवेदन फारम, शैक्षिक योग्यताको प्रमाणित प्रलिलिपी, कार्य अनुभवका प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, बयोडाटा (३ प्रति) र अन्य आवश्यक कागजातहरु संलग्न गरी उप-प्राध्यापक पदका लागि रु ३३००।- (तीनहजार तीनसय रुपैंया) मात्र आवेदन र परीक्षा शुल्क स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसल इन्जिनियरिङ्गको कामना सेवा विकास बैंकको खाता नं. ०१२००३०००२६९१८००००१ मा दस्तुर तिरेको सक्कल भौचर संलग्न गरी स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसल इन्जिनियरिङ्गको कार्यालय, खुदी पोखरा, कास्कीमा आवेदन दिनका लागि सम्बन्धित सवैलाई सुचित गरिन्छ ।

| क्र. सं. | विषय | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १ | कानून | उप-प्राध्यापक | १ |

- न्यूनतम योग्यता: कानून विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह न्यूनतम द्वितीय श्रेणी (Minimum Second Division) मा उत्तीर्ण गरेको ।
- लिखित परीक्षा मिति: २०८३।०५।१८ गते, बिहान ७:०० बजे देखि ११:०० बजे सम्म ।
- परीक्षा हुने स्थान: स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसल इन्जिनियरिङ, खुद्धि, पोखरा-३०, कास्की ।
- आवेदन फाराम र पाठ्यक्रम: www.pu.edu.np मा प्राप्त गर्न सकिनेछ ।

**शिक्षक छनौट समिति**
**स्कूल अफ डेभलपमेन्ट एण्ड सोसल इन्जिनियरिङ्ग**
**पोखरा विश्वविद्यालय सम्पर्क नं.: ०६१-५०४०३८**

Manaram FOUNDATION
**लायन्स मनराम प्रतिष्ठान २००५ नेपालको**
**मनराम छात्रवृत्ति सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, कृषि र पशु विज्ञान अध्ययन संस्थान (कृ.प.वि.अ.सं.), लायन्स मनराम प्रतिष्ठान २००५ नेपाल तथा मनराम हिमालयन ह्याण्डिक्राफ्ट प्रा.लि.का बीच सम्झौता भई शैक्षिक वर्ष २०७८/२०७९ देखि प्रत्येक वर्ष **B.Sc.Ag. तर्फ** २ र **B.VSc. and A.H. तर्फ** १ गरी तीन जना छात्रा विद्यार्थीहरूलाई प्रतिष्ठानले मनराम छात्रवृत्ति प्रदान गर्दै आएको छ । शैक्षिक वर्ष २०८२/२०८३ का लागि त्रि.वि.कृ.प.वि.अ.सं. अन्तरगतका आंगिक क्याम्पसहरुमा तोकिएको कार्यक्रममा भर्ना भई अध्ययनरत इच्छुक छात्रा विद्यार्थीबाट मिति **२०८३ भाद्र ३१ गतेभित्र** प्रतिष्ठानको इमेल **manaramfoundation@gmail.com** मा आइपुग्ने गरी आवेदन आह्वान गरिन्छ । आवेदन फाराम प्रतिष्ठानको वेबसाइट **www.manaram.com** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि प्रतिष्ठानको वेबसाइट हेर्न, प्रतिष्ठान, मनराम हिमालयन ह्याण्डिक्राफ्ट प्रा.लि. वा त्रि.वि. कृ.प.वि.अं.संमा सम्पर्क गर्न सकिनेछ ।

**2026 年第二回日本語能力試験**
**JLPT परीक्षाको अनलाइन आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

आगामी २०८३ मंसिर २० गते (December 06, 2026) हुनगइरहेको JLPT परीक्षाका सम्पूर्ण लेभलहरू (N1, N2, N3, N4 & N5) का लागि २०८३ भदौ ५ गते (August 21, 2026) दिउँसो १:०० बजेदेखि २०८३ भदौ १६ गते September 1, 2026) साँझ ५:०० बजेसम्म यस संस्थाको वेबसाइट www.jlpt.org.np मार्फत अनलाइन आवेदन फारम पेश (Online Application Form Submission) गर्न आह्वान गरिएको छ । आवेदन फारम संख्या सीमित भएकाले सिट संख्या सकिएपछि निर्धारित समय अगावै Online Application Form दर्ता प्रक्रिया स्वतः बन्द हुनेछ ।

आवेदन फारम भर्ने Grant Amount रु ४१००।- अनलाइन भुक्तानीका लागि Khalti Wallet को प्रयोग गर्नुपर्नेछ । कथंकदाचित कुनै भबितव्यका कारण परीक्षा रद्द हुन गएमा परीक्षा शुल्क भुक्तानी गरिएको जुन Khalti Wallet Account हो, उक्त Khalti Wallet Account मा परीक्षा शुल्क फिर्ता गरिनेछ।

Japanese Language Teachers' Association Nepal - JALTAN
Exhibition Road, Kathmandu,
Tel: 01-5342400, 9851106323, 9851106023, 9851106423, 9851107823, 9851107423, 9851354323, 9851420823
Email: jlptnepal@gmail.com | Website: www.jlpt.org.np or www.jaltan.org.np

पुष्पलाल स्मृति ब्याडमिन्टन

# रसिलाद्वारा उपाधि रक्षा

## रसिलाले आइतबार फाइनलमा नेपाल पुलिस क्लबकी शेस्ना श्रीपालीलाई सोझो सेटमा पराजित गरिन्

**कान्तिपुर संवाददाता** (काठमाडौं)




रसिला महर्जनले लिनिङ १४ औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिताको उपाधि जितेकी छन्। त्रिभुवन आर्मी क्लबकी रसिलाले शीर्ष ८ वरीयता महिलातर्फको उपाधि रक्षा गरेकी हुन्।

रसिलाले आइतबार फाइनलमा नेपाल पुलिस क्लबकी शेस्ना श्रीपालीलाई २१-१२, २१-१३ को सोझो सेटमा पराजित गरिन्। तृतीय स्थानमा पुलिसकी नीता लम्साल र नेपाल एपीएफ क्लबकी रिहाना शेरचन रहे। रसिलाले नगद ५० हजार पुरस्कार प्राप्त गरिन्। शेस्नाले २८ हजार ५ सय, रिहानाले १४ हजार र नीताले १२ हजार ५ सय पाए।

नेपाल खेलकुद महासंघअन्तर्गतको राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको शीर्ष ८ बाहेकको पुरुष एकलतर्फ पुलिसका डेभिड थापामगरले उपाधि जिते। उनले फाइनलमा पुलिसकै कवीर केसीमाथि २१-७, २१-१८ को जित निकाले। तेस्रो स्थानमा इलामका दिवस शंकर र आर्मीका सुप्रिम पन्त रहे।

महिलातर्फको वरीयता बाहिर कास्कीकी दिलाशा रानाले फिटनेपाल स्पोर्टस्प्लेक्सकी निभा राईमाथि २१-१६, २१-१४ को जित निकाल्दै उपाधि उचालिन्। पुलिसकी श्रेया बज्राचार्य र सुनसरी ब्याडमिन्टन एकेडेमीकी सविज्ञा दाहाल तेस्रो स्थानमा रहे। विजेताले ३०, उपविजेताले १५ तथा तृतीय स्थान प्राप्त गर्ने दुई खेलाडीले ७ हजार ५ सयका साथ मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

सहआयोजक यल स्पोर्ट्स एकेडेमीको ग्वार्कोस्थित कभर्डहलमा भएको प्रतियोगिताको महिला युगलतर्फ आर्मीकी अमिता गिरी र रसिलाको जोडीले चितवनकी सुषमा भुजेल र कास्कीकी दिलाशा रानाको जोडीलाई २१-२३, २१-१८ र २१-१३ ले पराजित गरे। सुर्खेतका निर्भिता शाही र निशा सिंहको जोडी तथा पुलिसकी नीता र शेस्नाको जोडी तेस्रो भए।

पुरुष युगलतर्फ एपीएफका देवराज राना र प्रिन्स दाहालको जोडीले उपाधि जिते। उक्त जोडीले आर्मीका विधान अधिकारी र प्रफुल महर्जनको जोडीलाई २२-२० र २१-१७ ले पराजित गरे। एपीएफका क्षितिज खनाल र सुजन थापा तथा बालकुमारी रिमिक्सका सशिन डंगोल र सुमन शाक्यको जोडी तेस्रो भए।

पुरुष यु-११ एकलतर्फ पुलिसका विराट बस्नेत विजयी भए। उनले नोबल इन्भायरोमेन्ट एकेडेमीका डेनिस थापामाथि २१-१५, १८-२१ र २२-२० को जित निकाले। आर्मीका क्रिमोन रिजाल र कस्तूरी एकेडेमीका प्रज्ञान ढकाल तेस्रो भए। महिलातर्फ एपीएफकी रेन्सा श्रेष्ठले सिन्धुपाल्चोककी रिदिना श्रेष्ठलाई २१-८ र २१-६ ले पराजित गरी उपाधि जितिन्। जोजो ब्याडमिन्टन एकेडेमीकी देनिशा प्रधान र ग्यालेक्सी पब्लिक स्कुलकी योञ्जना मगर तेस्रो भए।

यु-१५ को पुरुषतर्फको उपाधि धन्यन्तरीका सुहम कार्कीले उचाले। सुहमले आर्मीका सुदेश राजकोटीलाई २१-१९, ७-२१ र २२-२० ले पराजित गरे। सिन्धुली ब्याडमिन्टन एकेडेमीका दीप थिङ र कञ्चनपुरका आशिष खत्री संयुक्त रूपमा तेस्रो भए। महिलातर्फ निभा राईले पुलिसकी अस्मिता खत्रीमाथि २१-१६ र २२-२० को जित निकालिन्। आर्मीकी समृद्धि श्रेष्ठ र एपीएफकी स्वर्लिन श्रेष्ठ तेस्रो भए।

यु-१९ पुरुष एकलमा पुलिसका कविरले जित हात पारे। उनले आर्मीका सुप्रिम पन्तलाई २१-१६, २१-१७ ले पराजित गरे। आर्मीका रिजन मगर र सुदेश राजकोटी तेस्रो भए। महिलातर्फ कास्कीकी दिलाशा रानाले एसियाली खेलकुदमा छनोट भएकी एपीएफकी रिहानालाई २१-१४ र २१-१२ सेटमा पराजित गरिन्। फिटनेपालका निभा राई र एपीएफकी स्वर्लिन श्रेष्ठ तेस्रो भए।

पुरुष युगल ३५ वर्षमाथि कास्कीका विशाल खड्का र आर्मीका सुरोज महर्जनको जोडीले चितवनका विधान गुरुङ र छत्र थापाको जोडीलाई २१-१७ र २१-१३ ले पराजित गरे। फिटनेस पार्कका राम बानियाँ र वीरेन थापा तथा पिस फिटनेसका विष्णु कटुवाल र एपीएफका विशाल प्रधान तेस्रो भए। मास्टर ४५ वर्षमाथि फिटनेस पार्कका भूमिबहादुर गुरुङ र वीरेन थापाको जोडीले पिस फिटनेसका सञ्जय कपाली र अनिल थाम्सुहाङको जोडीलाई २४-२६, २१-१६ र २२-२० ले पराजित गरे। फिटनेस पार्कका विपन खड्का र सुवास श्रेष्ठको जोडी तथा बालकुमारी रिमिक्सका शान्ता डंगोल र कीर्तिपुरका अमित महर्जनको जोडी तेस्रो भए।

मास्टर ५५ वर्ष माथिको उपाधि दार्जिलिङ, भारतका ग्याल्सिन भुटिया र कोलकाताका प्रणव




दासको जोडीले जिते। उक्त जोडीले फिटनेस पार्कका भूमिबहादुर र सुवासको जोडीलाई १७-२१, २१-१७ र २१-१० ले पराजित गरे। मण्डला ब्याडमिन्टन एकेडेमीका बिलबहादुर अधिकारी र चेतसिंह थापाको जोडी तथा मणिपुर भारतका अमुसाना र शम्भुलाल प्रधानको जोडी तेस्रो भए।

सात दिनसम्म सञ्चालित प्रतियोगिताको लागत करिब ४१ लाख ५ हजार २ सय रहेकामा पुरस्कार राशि १० लाख ७८ हजार रहेको छ। प्रतियोगितामा लगातार तीन संस्करणमा जित हात पार्ने खेलाडीले मोटरसाइकल/स्कुटर प्राप्त गर्नेछन्। यसअघिको संस्करणमा लगातार तीन संस्करणमा जित हात पार्दै प्रिन्स दाहालले मोटरसाइकल प्राप्त गरेका थिए।

विजयी खेलाडीलाई नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठ, महासचिव एवं राष्ट्रिय ब्याडमिन्टन संघका अध्यक्ष वीरेन्द्र श्रेष्ठ, सहमहासचिव नवीनविक्रम शाह, सदस्य सत्यनारायण मानन्धर र केशव कार्कीलगायतले पुरस्कार वितरण गरे।

एनएसजेएफ अवार्ड

# पिपल्स च्वाइसमा रवीन्द्रसहित पाँच मनोनयन




काठमाडौं (कास)- नेपाली खेलकुदको प्रतिष्ठित एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको पिपल्स च्वाइस अवार्डमा मिक्स मार्सल आर्ट्स (एमएमए) का चर्चित खेलाडी रवीन्द्र ढाँट मनोनयनमा परेका छन्।

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) ले आइतबार पत्रकार सम्मेलन गर्दै २३ औं एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डअन्तर्गत पिपल्स च्वाइस विधामा पर्नेमा ५ खेलाडीको नाम सार्वजनिक गर्दा रवीन्द्र परेका हुन्। उनीसँगै भलिबलकी मीना सुनार, फुटबलकी पूजा राना, करातेकी सानुमाया थिङ, क्रिकेटका शेर मल्ल मनोनयनमा परेका छन्।

एसियाली खेलकुदको व्यक्तिगत काता र टिम कातामा छानिएकी कराते खेलाडी सानुमायाले पिपल्स च्वाइसको मनोनयनमा परेकामा हर्षित हुँदै यसले आफ्नो खेल करिअरमा नयाँ ऊर्जा थपिएको बताइन्। भलिबलकी चर्चित युवा खेलाडी मीना सुनारले पनि पिपल्स च्वाइसमा छानिनु पाउनुलाई गर्वको विषय भनी व्याख्या गरिन्। मीना पनि एसियाली खेलकुदको बन्द प्रशिक्षणमा छिन्। आइतबार पत्रकार सम्मेलनमा पूजा, रवीन्द्र र शेर विदेशमा रहेकाले उपस्थित थिएनन्।

आइतबार नै मञ्च र विद्युतीय भुक्तानीका लागि खल्ती बाई आईएमईबीच भोटिङ पार्टनरका रूपमा प्रायोजन सम्झौता भएको छ। सम्झौतापत्रमा खल्ती बाई आईएमईकी म्यानेजर पूजा धामी र मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले हस्ताक्षर गरे। पिपल्स च्वाइस अवार्डका खेलाडीलाई खल्तीमार्फत मत दिन सकिने मञ्चले जनाएको छ। म्यानेजर धामीले यस वर्ष पनि स्पोर्ट्स अवार्डमा जोडिन पाउँदा खुसी लागेको बताइन्।

मञ्चका महासचिव अञ्जन खड्काले यस सम्झौताले स्पोर्ट्स अवार्डलाई थप उचाइमा लैजाने अभियानमा आईएमई खल्ती परिवारप्रति निरन्तर सहकार्यका लागि आभार व्यक्त गरे। पिपल्स च्वाइस विधाको भोटिङ प्रक्रियामा एनएसजेएफले यसपालि नयाँ शैली अपनाउने निर्णय गरेको जनाएको छ। विगतका वर्षमा आफ्नो मनपर्ने खेलाडीलाई समर्थकले जति पनि हाल्न पाइने गरेकामा यस पटक एक समर्थकले एक दिनमा एक भोट मात्र हाल्न पाउनेछन्।

मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले भोटिङ परिवर्तनबारे भने, 'विगतमा समर्थकले चाहेजति रकमको भोट एकसाथ हाल्न पाइन्थ्यो। यसले गर्दा योग्य उम्मेदवारभन्दा पनि अन्यले मौका पाउने आलोचना बढ्यो, मञ्चको उद्देश्य नाफा कमाउने नभई योग्य उम्मेदवार अगाडि आऊन् भन्ने हो, त्यसैले यो नयाँ तरिका अपनाइएको हो। हामीलाई विश्वास छ, यो तरिकामा सबै पक्ष खुसी हुनेछन्।'

विजेता आयोजक मञ्चसँग आबद्ध खेल पत्रकार, विभिन्न खेलका राष्ट्रिय प्रशिक्षक, सामाजिक सञ्जालका समर्थक र खल्ती बाई आईएमईमा प्राप्त मतका आधारमा चुनिनेछ। भोटिङ पार्टनर खल्तीको मतभार ५० प्रतिशत हुनेछ भने बाँकी ५० प्रतिशत मतभार सामाजिक सञ्जाल फेसबुक, नेपाल ओलम्पिक कमिटीमा आबद्ध राष्ट्रिय खेल संघका मुख्य प्रशिक्षक र खेलकुद पत्रकार मञ्चका सदस्यहरूबाट प्राप्त मतको हुनेछ। यो विधाका विजेताले पल्सर मोटरसाइकल जित्नेछ। गत वर्ष पिपल्स च्वाइसको अवार्ड भलिबलका हिमाल सुनारीले जितेका थिए।

# एनभीएलको तयारी तीव्र

काठमाडौं (कास)- नेपाल भलिबल लिग (एनभीएल) भदौ १९ देखि सुरु हुने भएको छ। केडिया ग्रुपको आयोजनामा नेपालमा पहिलो पटक हुन लागेको पुरुष भलिबलको फ्रेन्चाइज लिग भदौ २७ सम्म चल्नेछ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा हुने प्रतियोगिताको कान्तिपुर म्याक्सले प्रत्यक्ष प्रसारण गर्नेछ। टिकटिङ पार्टनरमा आईएमई खल्ती रहेको छ। एनभीएलको पहिलो संस्करणमा सहभागी हुने ६ फ्रेन्चाइज टोलीसहित टिम प्रवर्द्धक, मार्की खेलाडी, प्रशिक्षकहरू यसअघि नै सार्वजनिक भइसकेको छ।

मधेश वारियर्सले रवीन नगरकोटी, सगरमाथा स्म्यासर्सले हरिहजुर थापा, काठमाडौं रेड्सले सुनील बोहरा, अन्नपूर्ण स्पाइकर किंग्सले हिमाल सुनारी, कर्णाली शिवराजले पहल गहतराज, खप्तड फाल्कन्सले धिरोजकाजी बस्नेतलाई मार्की खेलाडीका रूपमा चयन गरिसकेको छ।

लिग आयोजनाको आन्तरिक तयारी तीव्र गतिमा अगाडि बढिरहेको आयोजक केडिया ग्रुपले जनाएको छ।

# अस्ट्रेलियामा बंगलादेशको ऐतिहासिक जित

## डारविनमा आइतबार सम्पन्न टेस्टमा बंगलादेश चौथो दिनको खेलपछि नौ विकेटले विजयी रह्यो, यो अस्ट्रेलियाली भूमिमा पहिलो र समग्रमा बलियो प्रतिद्वन्द्वीमाथि समग्रमा दोस्रो टेस्ट जित हो

ढाका (एएफपी)- बंगलादेशले अस्ट्रेलियाली भूमिमा प्राप्त गरेको पहिलो टेस्ट जितपछि पूर्वखेलाडी तथा समर्थकले यसलाई अहिलेसम्मकै सबैभन्दा ठूलो सफलता मानेका छन् र यसले बंगलादेशी क्रिकेटका लागि अगाडि बढ्ने निर्णायक मोडका रूपमा पनि व्याख्या गरेका छन्।

डारविनमा आइतबार सम्पन्न टेस्टमा बंगलादेश चौथो दिनको खेलपछि नौ विकेटले विजयी रहयो। यो अस्ट्रेलियाली भूमिमा पहिलो र समग्रमा बलियो प्रतिद्वन्द्वीमाथि समग्रमा दोस्रो टेस्ट जित हो।

पूर्वकप्तान अक्रम खानले भनेका छन्, 'मेरा लागि टेस्ट क्रिकेटमा यो नै बंगलादेशले हात पारेको अहिलेसम्मकै सबैभन्दा ठूलो सफलता हो। यो सबैले धेरै अगाडिदेखि देखेको सपना हो, तर कसैले पनि बंगलादेशले यति धेरै उत्कृष्ट प्रदर्शन गर्ने छ भन्ने सोचेका थिएनन्। यो जितमा हामी सबै खुसी र गर्वित छौं।' उनले यो जितपछि कोही एक खेलाडीको उत्कृष्ट खेलभन्दा पनि समग्र टिमको प्रदर्शन जिम्मेवार रहेको पनि बताए।

फास्ट बलर हसन महमुदले जितको सुरुआती आधार तयार पारे र उनले ५५ रनमा ६ विकेट लिएर अस्ट्रेलियालाई पहिलो इनिङ्समा १ सय ९८ रनमा अलआउट गरे। उनको यो अहिलेसम्मकै व्यक्तिगत उत्कृष्ट प्रदर्शन पनि हो। त्यसको जवाफमा बंगलादेशले तनजिद हसनको पहिलो शतकमा ४ सय २६ रनको स्कोर खडा गरेको थियो। त्यसमा कप्तान नजमुल हुसेन सान्टु र अलराउन्डर मेहदी हसनले पनि गतिलो योगदान गरे।

पूर्वस्पिनर तर राष्ट्रिय छनोटकर्ता अब्दुर रज्जाकले बंगलादेशको यो जितले अस्ट्रेलिया र अन्य टेस्ट क्रिकेटका बलिया टिमविरुद्ध बढी खेल्ने अवसर मिल्ने विचार पोखे। अस्ट्रेलियाविरुद्ध बंगलादेशले खेलेको यो सातौं टेस्ट मात्रै रहेको छ। रज्जाक भन्छन्, 'यो टेस्टको प्रदर्शनपछि स्पष्ट भएको छ, बंगलादेशले बढी टेस्ट खेल्ने अवसर पाउनुपर्छ।' यो जित पछाडि उनले बंगलादेशी पहिलो श्रेणीको क्रिकेटमा ठोस लगानी कारण मानेका छन्।



**बंगलादेशका मेहदी हसन मिराज विकेट लिएपछि।** **तस्बिर** : एपी

यस्तै उनी बंगलादेशको टेस्ट क्रिकेटलाई महत्त्व दिने योजनालाई पनि यसको कारण मान्छन्। महिला टिमकी पूर्वकप्तान रुमाना अहमद बंगलादेशी खेलाडीको अलराउन्डर प्रदर्शनले नै जित सम्भव भएको मान्छिन्। उनी भन्छिन्, 'हसन महमुद धेरै समयपछि टिममा फर्केका थिए र उनले ६ विकेट लिएर पहिलो इनिङ्समा जितको आधार तयार पारे। तनजिदनको शतक पनि ऐतिहासिक रह्यो। पहिलो इनिङ्समा चार सय माथिको स्कोर खडा गर्नु आफैंमा ठूलो थियो।'

यो जित किन पनि बंगलादेशका लागि विशेष रहेको छ भने केही दिन अगाडि मात्रै अभ्यास खेलमा यही टिम क्रिकेट अस्ट्रेलिया-११ विरुद्ध ५४ रनमै अलआउट भएको थियो। तर अस्ट्रेलियामाथि जित हात पार्दै ऐतिहासिक नतिजालगत्तै बंगलादेशी प्रधानमन्त्री तारिक रहमानले टिमलाई बधाई दिएका छन् र खेलाडीसँग भिडियो कलमा कुराकानी गरेका छन्। उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'हामी यो टिमलाई घर फर्किंदा स्वागत गर्न आतुर छौं।'

**कडा मिहिनेतले प्राप्त जित**

डारविन- बंगलादेशले एक दिनको भन्दा बढी खेल बाँकी छँदै प्राप्त यस जितलाई टेस्ट क्रिकेटकै सबैभन्दा स्तब्धपूर्ण नतिजा मानिएको छ। अस्ट्रेलिया आफ्नो दोस्रो इनिङ्समा २ सय ८४ रनमा अलआउट भएपछि बंगलादेशले जितका लागि ५७ रनको लक्ष्य मात्र प्राप्त गरेको थियो र त्यसलाई चौथो दिन लञ्च सेसनपश्चात् १ विकेट गुमाएर प्राप्त गरेको थियो। बंगलादेशले यसअघि ढाकामा सन् २०१७ मा अस्ट्रेलियालाई हराएको थियो।

कप्तान सान्टुले खेलपछि भनेका छन्, 'हामी सबै असाध्यै धेरै खुसी छौं र जसरी खेल्न सक्यौं, त्यसमा गर्व महसुस गरिरहेका छौं। यो सबै कडा मिहिनेतले मात्र सम्भव भएको हो। त्यसैले पनि यो बंगलादेशी टेस्ट क्रिकेटकै अहिलेसम्मको सबैभन्दा ठूलो जित रह्यो।' पूरा टेस्टमा नौ विकेट लिएका महमुद 'प्लेयर अफ द म्याच' रहे। सान्टुले जितको एक प्रमुख आधार उत्कृष्ट धारिलो बलिङ रहेको पनि प्रतिक्रिया दिए।

उनले अबका दिनमा बंगलादेशले टेस्ट क्रिकेटप्रति राख्ने सोच फेरिने आस पनि पोखे। उनले भनेका छन्, 'टेस्ट क्रिकेटमा यत्तिको सफलता चाहिएको थियो। केही वर्ष अगाडिसम्म पनि हाम्रो फास्ट बलर टेस्ट क्रिकेट खेल्न अनिच्छुक हुन्थे। तर अहिले नियमित टेस्ट क्रिकेट खेल्न थालेपछि यो क्रम हराएको छ। बंगलादेशले अहिले टेस्ट क्रिकेटलाई उच्च महत्त्व दिएको छ। अहिले हामी टेस्ट क्रिकेट खेल्ने मात्र होइन, जित्ने मानसिकतामा पुगेका छौं।'




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, सम्पादक : कृष्ण आचार्य, प्रधानसम्पादक : गोकर्ण अवस्थी